# मगर भाषा र नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषण

**शोधार्थी**

दीपाकुमारी सोमै

स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टर अन्तर्गत नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि नेपाली शिक्षा शिक्षण समितिमा प्रस्तुत

**शोधपत्र**

**२०७५/२०१८**

शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिमाञ्चल विश्वविद्यालय

सुर्खेत, नेपाल

# प्रतिबद्धता पत्र

प्रस्तुत शोधपत्र मध्यपश्चिमाञ्चल विश्वविद्यालय शिक्षशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टर अन्तर्गत नेपा. शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । उक्त शोधपत्र मैले अत्यन्तै मेहनतका साथ शोध, खोज गरी सङ्कलन गरिएका सामग्रीहरूको विशेष अध्ययन विश्लेषणबाट तयार गरेको छु । यस शोधपत्रमा कुनै पनि पुस्तक, लेख रचना, पुराना शोधपत्रबाट हुबहु र पूर्ण रूपले साभार गरेको छैन् । प्रस्तुत शोधपत्रलाई सहयोग पुग्ने गरी उपयोग गरिएका कृतिहरूको उही स्थानमा नै सन्दर्भाङ्कन गरेको छु । यदि मेरो शोधपत्र  अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग मिलेको भेटिएमा सम्बन्धित संस्थाले रद्द गर्न सक्ने मञ्जुरी दिदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको छु ।

....................

दीपाकुमारी सोमै

मध्यपश्चिमाञ्चल विश्वविद्यालय ०८३-५२३४८५
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
पत्र सं. :
चलानी नं. :
सुर्खेत, नेपाल
मिति : ................

## सिफारिस पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टर अन्तर्गत नेपाः शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि शोधार्थी दीपाकुमारी सोमैद्वारा मेरो निर्देशनमा मेहनतका साथ तयार पारिएको **मगर भाषा र नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषण** शीर्षकको शोधपत्र प्रति म सन्तुष्ट रहेको छु । यसको उचित मूल्याङ्कनका लागि नेपाली शिक्षा शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

मिति : वि.सं.: २०७५/०४ /१०
इ.सं.: २६ जुलाई, २०१८

.........................
उपप्रा. फूलमती खराल
शोध निर्देशक

मध्यपश्चिमाञ्चल विश्वविद्यालय ०८३-५२३४८५
शिक्षाशास्त्र सङ्काय,
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
सुर्खेत, नेपाल

पत्र सं. :
चलानी नं. :

मिति : ................

---

## स्वीकृति पत्र

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, नेपाली शिक्षा (एम.एड.) चौथो सेमेस्टरका विद्यार्थी दीपाकुमारी सोमैद्वारा तयार गरिएको **मगर भाषा र नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषण** शीर्षकको शोधपत्र स्नातकोत्तर तह उपाधिका निम्ति उपयुक्त देखिएकाले स्वीकृत प्रदान गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उपप्रा. फूलमती खराल | शिक्षण समिति प्रमुख तथा शोध निर्देशक | .................. |
| २. | सहप्रा. डा. हर्कबहादुर शाही | बाह्य परीक्षक | .................. |
| ३. | उपप्रा. लक्ष्मीप्रसाद आचार्य | क्याम्पस प्रमुख | .................. |

मिति : वि.सं.: २०७५/०४/१८

(सन् : ४ अगस्ट, २०१८)

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र **मगर भाषा र नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषण** शीर्षकमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । विविध कार्य व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्र प्रारम्भदेखि अन्त्यसम्म उत्साहपूर्वक उचित सुझाव दिनुहुने शोधनिर्देशक आदरणीय गुरू तथा नेपाली भाषा शिक्षण समिति प्रमुख उपप्रा. फूलमती खराल ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधको विषय क्षेत्र छनोटदेखि शोधपत्रको अन्तिम कार्यसम्म महत्त्वपूर्ण सल्लाह सुझाव दिई सहयोग गर्नुहुने शिक्षाशास्त्र सङ्काय, केन्द्रीय क्याम्पसका क्याम्पस प्रमुख आदरणीय गुरू लक्ष्मीप्रसाद आचार्य लगायत यस शोधलाई समय समयमा सल्लाह सुझाव तथा उत्प्रेरणा दिइ सहयोग गर्नुहुने गुरू उपप्रा. खुमबहादुर खड्का, हरिजङ्ग शाह शोधकार्यमा सामग्रीको स्रोत बताई सहयोग र सुझाव दिने उपप्रा. द्रोणलता खत्री लगायत सम्पूर्ण गुरूहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी प्रतिवेदन लेखन सम्बन्धी सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने मध्यपश्चिमाञ्चल विश्वविद्यालय र सुर्खेत क्याम्पस (शिक्षा) का पुस्तकालयका कर्मचारी तथा सम्पूर्ण आत्मीय मित्रजनहरूप्रति आभारी छु ।

व्यवहारिक जीवन भोगाइका क्रममा आइपरेका विविध समस्या तथा चुनौतिहरूलाई सहज रूपमा सामना गराई मेरो अध्ययनमा सधै चिन्तन र चासो गर्नुहुने स्वर्गीय पिता र ममतामय माताप्रति सदैव ऋणि छु । यो शोध कार्यलाई यहाँसम्म पुऱ्याउन सधैं हौसला दिनुहुने श्रीमान् लगायत छोरा प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै लेखन कार्यमा सहयोग गर्ने सम्पूर्ण साथीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । अन्त्यमा छिटो र छरितो शुद्ध कम्प्युटर टङ्कन गरी सहयोग गर्ने नोबेल कम्प्युटर इन्स्टिच्युटका मनराज देवकोटालाई धन्यवाद दिँदै नेपाली शिक्षा शिक्षण समिति समक्ष पेश गर्दछु ।

दीपाकुमारी सोमै

# शोधसार

प्रस्तुत शोधपत्र **मगर भाषा र नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषण** शीर्षकमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । यो अध्ययन मगर भाषा र नेपाली भाषाको पदसङ्गति बीचको समानता र भिन्नता पहिल्याउनु, मगरभाषी वक्ताले नेपाली भाषा प्रयोग गर्दा देखिने पदसङ्गतिगत कठिनाइ पत्ता लगाउनु र ती कठिनाइहरूको निराकरणका उपाय पत्ता लगाउनु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ ।

प्रस्तुत अध्ययन सुर्खेत जिल्ला वी.न.पा. वडा नं. १२ चनौटे र नेवारे क्षेत्रमा बसोवास गर्ने मगरभाषी वक्तामा पदसङ्गति अन्तर्गत लिङ्ग, वचन, पुरूष, आदर, काल पक्ष र भाव बीच हुने पदसङ्गतिमा मात्र सीमित रहेको छ । यस अध्ययनमा गुणात्मक ढाँचाको उपयोग गरिएको छ । जनसङ्ख्याको रूपमा सुर्खेत उपत्यका भित्रका सम्पूर्ण मगरभाषी वक्तालाई र नमुना छनोटमा जम्मा मगरभाषी २२३ जना मध्ये २० जना स्थानीय मगरभाषी जनसङ्ख्यालाई सम्भावनारहित नमुना छनोट विधि अन्तर्गतको उद्देश्यपूर्ण नमुना छनोटको उपयोग गरी छनोट गरिएको छ । यस अध्ययनमा पुस्तकालयी र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी मगरभाषी वक्ताहरूसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नोत्तर र छलफलका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । नमुना छनोट गर्दा उमेर, लिङ्ग, पेशा, शिक्षित र अशिक्षित आदिको प्रतिनिधित्व गरिएको छ । मगरभाषाका पदसङ्गतिका आधारमा मगर भाषा र नेपाली भाषाका शब्द, वाक्य राखी समानता र भिन्नताको पहिचान गरी शीर्षक र उपशीर्षकमा तालिकाका माध्यमबाट व्याख्या, विश्लेषण गरिएको छ ।

यस शोधपत्रमा मगर भाषा र नेपाली भाषाबीचको पदसङ्गतिलाई-लिङ्ग, वचन, पुरूष, आदर, काल पक्ष र भावका आधारमा अध्ययन गर्दा मगर भाषामा लिङ्गगत सङ्गतिमा नेपाली भाषामा कर्ता र क्रिया, विशेषण र विशेष्य, भेदक र भेद्य, नाम र सर्वनाम बीच सङ्गति रहेको पाइयो । नेपाली भाषामा कर्तामा क्रियापदको लिङ्ग अनुसार परिवर्तन भएको पाइयो भने मगर भाषामा परिवर्तन नभएको पाइयो । लिङ्गका आधारमा नेपाली भाषा र मगर भाषाको पदसङ्गति सम्बन्धी विशेषण र क्रियापदमा कुनै परिवर्तन नभई यथावत नै रहेको छ । वचनका आधारमा नेपाली भाषामा एकवचन नामिक पदमा 'हरू' प्रत्ययको योग गरी बहुवचन बनाएको छ भने मगर भाषामा एकवचन नामिक पदमा 'को' विभक्तिको योग

गरी बहुवचन बनाइएको पाइयो । पुरूषका आधारमा नेपाली भाषामा म, हामी प्रथम पुरूष हुन् भने मगर भाषामा ङा, कान प्रथम पुरूष हुन् भने मगर भाषामा नाङ र नाको प्रयोग गरिएको छ । नेपाली भाषामा तृतीय पुरूषमा ऊ, उनी, उहाँ, यो, यिनी, यहाँको प्रयोग गरिएको छ भने मगर भाषामा इसे, होसे प्रयोग गरेको पाइयो । आदरका आधारमा शिष्टता र सम्मानका तह अनुसार नेपाली भाषाको र मगर भाषाको सम्बोधनमा फरक देखिएको पाइयो । काल पक्षका आधारमा नेपाली भाषामा तै, दै र छु सहायक क्रियामा नेछ, नेछु प्रत्य लगाइ नेपाली भाषाका अपूर्ण भविष्यत बोध गराइएको हुन्छ भने मगर भाषामा आ उपसर्ग लगाएर वाक्य निर्माण भएको पाइयो । भावका आधारमा आदररहित, सामान्य आदर र उच्च आदरार्थी रूपमा भाव व्यक्त भएको पाइयो ।

यस अध्ययनमा मगर भाषा र नेपाली भाषाको पदसङ्गतिगत अध्ययनले मगरभाषी विद्यार्थीहरूका लागि सन्दर्भ सामग्री सङ्कलन गरी मगरभाषी विद्यार्थीलाई नेपाली भाषा शिक्षण गर्दा मगर भाषामा प्रयोग हुने शब्दहरूको बारेमा बताउन, शिक्षकहरूलाई सहयोग पुग्नुका साथै मगर भाषा र नेपाली भाषाको संरचनात्मक एकरूपता तथा पृथकता पहिल्याई मगर भाषा सिकाइमा सहज प्रदान गर्नमा यस अध्ययनले सहयोग पुऱ्याउने छ । मगर भाषाको विकास र विस्तारका लागि मगर भाषी संस्कृतिको संरक्षण र भाषाको खोज अनुसन्धान गरी त्यसको विकासको लागि ध्यान दिनुपर्ने देखिन्छ । मगर मातृभाषी विद्यार्थीहरूलाई नेपाली भाषा सिकाउँदा गर्न पुगेका सम्भाव्य त्रुटिहरूको पहिचान गरी त्रुटि निराकरणका लागि प्रशस्त अभ्यास तथा पुनरावृत्ति गराइनुपर्दछ । मगर भाषा र नेपाली भाषाबीचको भाषिक व्यवस्था र उपव्यवस्थाको समानता र भिन्नताको बारेमा व्यापक शोधखोज गरिनु पर्ने, मगर भाषा र नेपाली भाषा दुवैमा दक्ष भएको शिक्षकहरूद्वारा शिक्षण कार्य अवलम्बन गरिनु पर्दछ । मगर भाषाको संरक्षण र सम्बर्द्धनका लागि व्यक्तिगत एवम् संस्थागत रूपमा खोज अनुसन्धान गरिनु पर्ने देखिन्छ ।

# विषय सूची

| क्र.सं. | शीर्षक | पृष्ठ सं. |
|---|---|---|
| | प्रतिबद्धता पत्र | क |
| | सिफारिस पत्र | ख |
| | स्वीकृति पत्र | ग |
| | कृतज्ञताज्ञापन | घ |
| | शोधसार | ङ |
| | विषय सूची | छ |
| | तालिका सूची | झ |
| | सङ्क्षिप्त शब्द सूची | ञ |
| | चिन्ह सूची | ट |
| | **अध्याय : एक** | |
| | **शोध परिचय** | **१-५** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्या कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको औचित्य | ३ |
| १.५ | अध्ययनको परिसीमा | ४ |
| १.६ | अध्ययनको रूपरेखा | ५ |
| | **अध्याय : दुई** | |
| | **पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा** | **६-४०** |
| २.१ | पूर्वकार्यको समीक्षा र उपादेयता | ७ |
| २.२ | अवधारणात्मक खाका | १२ |
| २.३ | अध्ययनको सैद्धान्तिक अवधारणा | १३ |
| २.३.१ | व्यतिरेकी विश्लेषणको परिचय | १३ |
| २.३.२ | व्यतिरेकी विश्लेषणको परिचय | १६ |
| २.३.३ | व्यतिरेकी विश्लेषणका आधारभूत मान्यता | १७ |
| २.३.४ | व्यतिरेकी विश्लेषणको प्रक्रिया | १८ |

२.३.५ व्यतिरेकी विश्लेषणको प्रक्रिया र पद्धति १८
२.३.६ व्यतिरेकी विश्लेषणको भाषागत तह २०
२.३.७ व्यतिरेकी विश्लेषणको उपयोगिता २३
२.३.८ मगर भाषाको परिचय २४
२.३.९ पदसङ्गतिको परिचय २९

अध्याय : तीन

अनुसन्धान विधि र प्रक्रिया ४१-४३
३.१ अनुसन्धानको ढाँचा ४१
३.२ तथ्याङ्कको प्रकृति र स्रोत ४१
३.३ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट ४२
३.४ सामग्री निर्माण र मानकीकरण ४२
३.५ तथ्याङ्क सङ्कलन विधि ४२
३.६. तथ्याङ्कको व्याख्या विश्लेषण विधि ४३
३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा ४३

अध्याय : चार

तथ्याङ्कको व्याख्या र विश्लेषण ४५-७६
४.१ मगर भाषा र नेपाली भाषाबीच लिङ्ग सङ्गति ४५
४.१.१ कर्ता र क्रियापद ४५
४.१.२ विशेषण र विशेष्य ४६
४.१.३ भेदक र भेद्य ४७
४.२.४ नाम र सर्वनाम ४८
४.२ मगर भाषा र नेपाली भाषाबीच वचन सङ्गति ५०
४.२.१ कर्ता र क्रियापद ५१
४.२.२ विशेषण र विशेष्य ५२
४.२.३ भेदक र भेद्य ५३
४.२.४ नाम र सर्वनाम ५४
४.३ मगर भाषा र नेपाली भाषाबीच पुरूषगत पदसङ्गति ५६
४.३.१ प्रथम पुरूष ५६

४.३.२ द्वितीय पुरूष ५७

४.३.३ तृतीय पुरूष ५८

४.४ मगर भाषा र नेपाली भाषाबीच आदरगत पदसङ्गति ५९

४.५ मगर भाषा र नेपाली भाषाबीच कालगत पदसङ्गति ६१

४.५.१ सामान्य भूत ६१

४.५.२ अपूर्ण भूत ६२

४.५.३ पूर्ण भूत ६३

४.५.४ अज्ञात भूत ६४

४.५.५ अभ्यस्त भूत ६४

४.५.६ वर्तमान काल ६५

४.५.७ भविष्यत काल ६८

४.६ मगर भाषा र नेपाली भाषाबीच भावगत पदसङ्गति ७२

४.६.१ सामान्यार्थक भाव ७२

४.६.२ इच्छार्थक भाव ७२

४.६.३ आज्ञार्थक भाव ७३

**अध्याय पाँच**

**निष्कर्ष र सुझाव** **७७-८१**

५.१ निष्कर्ष ७७

५.२ सुझाव ७९

५.३.१ नीतिगत तह ८०

५.३.२ कार्यान्वयन तह ८०

५.२.३ अनुसन्धान तह ८१

५.३ भावी अनुसन्धानका शीर्षक ८१

**सन्दर्भ ग्रन्थसूची**

**परिशिष्टाङ्क**

**व्यक्तिवृत्त**

# तालिका सूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| | मगर भाषा र नेपाली भाषाबीच लिङ्ग सङ्गति | |
| १ | कर्ता र क्रियापद | ४५ |
| २ | विशेषण र विशेष्य | ४७ |
| ३ | भेदक र भेद्य | ४८ |
| ४ | नाम र सर्वनाम | ४९ |
| | मगर भाषा र नेपाली भाषाबीच वचन सङ्गति | |
| ५ | कर्ता र क्रियापद | ५१ |
| ६ | विशेषण र विशेष्य | ५२ |
| ७ | भेदक र भेद्यका | ५३ |
| ८ | नाम र सर्वनाम | ५४ |
| | मगर भाषा र नेपाली भाषाबीच पुरूषगत सङ्गति | |
| ९ | प्रथम पुरूष | ५६ |
| १० | द्वितीय पुरूष | ५८ |
| ११ | तृतीय पुरूष | ५८ |
| | मगर भाषा र नेपाली भाषाबीच आदरगत सङ्गति | |
| १२ | आदरगत सङ्गति | ६० |
| | मगर भाषा र नेपाली भाषाबीच काल र पक्षगत पद सङ्गति | |
| १३ | सामान्य भूत | ६२ |
| १४ | अपूर्ण भूत | ६२ |
| १५ | पूर्ण भूत | ६३ |
| १६ | अभ्यस्त भूत | ६५ |
| १७ | अज्ञात भूत | ६५ |
| १८ | समान्य वर्तमान | ६५ |
| १९ | अपूर्ण वर्तमान | ६६ |
| २० | पूर्ण वर्तमान | ६७ |
| २१ | सामान्य भविष्य | ६८ |

| | | |
|---|---|---|
| २२ | अपूर्ण भविष्यत | ६९ |
| २३ | पूर्ण भविष्यत | ७० |

**मगर भाषा र नेपाली भाषाबीच भावगत पद सङ्गति**

| | | |
|---|---|---|
| २४ | सामान्यार्थ भाव | ७२ |
| २५ | इच्छार्थक भाव | ७३ |
| २६ | सम्भावनार्थ भाव | ७४ |
| २७ | सङ्केतार्थ भाव | ७५ |

# सङ्क्षिप्त शब्द सूची

| | | |
|---|---|---|
| एम.एड. | - | मास्टर अफ एकजुकेसन |
| क्र.सं. | - | क्रम सङ्ख्या |
| नेपा.शि. | - | नेपाली शिक्षा |
| पृ.सं. | - | पृष्ठ सङ्ख्या |
| प्रा.लि. | - | प्राइभेट लिमिटेड |
| नं. | - | नम्बर |
| म.प.वि. | - | मध्यपश्चिमाञ्चल विश्वविद्यालय |
| वि.सं. | - | विक्रम सम्वत् |
| संस्क. | - | संस्करण |

# चिन्ह तथा सङ्केत सूची

| | | |
|---|---|---|
| ( - ) | : | योजक चिन्ह |
| ( , ) | : | अल्पविराम चिन्ह |
| < | : | तुलनात्मक चिन्ह |
| >< | : | समानान्तर चिन्ह |
| ( ‘ ’) | : | एकल उद्धरण चिन्ह |
| ( “ ” ) | : | युगल उद्धरण चिन्ह |
| (/) | : | वैकल्पिक चिन्ह |
| (=) | : | समानान्तर चिन्ह |
| ( : ) | : | विसर्ग चिन्ह |

# अध्याय : एक
# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय र सामाजिक वस्तु हो । यो मानव मात्रको निजी पेवा हो र व्यक्तिले समाजद्वारा पिँढी दरपिँढी हुँदै भाषाको आर्जन गर्दछ । सामाजिक सम्पर्क स्थापित गर्न तथा वृद्धि गर्न यसको उपयोग पनि समाजमै गर्छ । भाषाको आर्जन एकातिर घर परिवार तथा छिमेकको सम्पर्कबाट स्वतः हुँदै गएको हुन्छ भने अर्कातिर औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ । मानिसको उमेर र सामाजिक सम्पर्कको विस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जाने भएकाले यो मानवीय व्यावहार र सामाजिक व्यावहारको अभिन्न अङ्ग बनेको हुन्छ ।

भाषा वैचारिक आदानप्रदानको महत्त्वपूर्ण माध्यम हो । अरूद्वारा भाषाका माध्यमले व्यक्त गरिएका विचार एवम् भावनालाई बुझ्नु वा ग्रहण गर्नु 'आदान' हो भने आफ्ना विचार एंवम् भावनालाई अरू समक्ष प्रस्तुत 'प्रदान' हो । यही विचार विनिमयको सर्वाधिक सरल र सुगम माध्यम भाषा हो । भाषाकै माध्यमले मानिसको मनमा उत्पन्न भएका भाव वा विचारलाई अरु समक्ष पुऱ्याउने गर्दछ भने अरुका भाव तथा विचारलाई ग्रहण गर्ने गर्दछ । भाषाका माध्यमले भाव तथा विचार सम्प्रेषण हुनुका साथै कार्यसम्पदान हुने गर्दछ ।

नेपाली भाषाको उत्पत्ति मानव सभ्यताको विकास सँगै अगाडि बढेको पाइन्छ । मानिस समाजमा जन्मिने, हुर्किने भएको नाताले ऊ आफैले भोगेका, देखेका, अव्यक्त भाव, विचार बाहिर सम्प्रेषण गर्ने क्रमसँगै भाषाको उत्पत्ति भएको हो । ऐतिहासिक तथ्यका आधारमा कर्णाली प्रदेशमा उत्तरतिर जडान क्षेत्र र दक्षिणतिर खसान क्षेत्र थियो । यी क्षेत्रका खसहरूद्वारा बोलिने भाषाको एउटा भेदबाट नेपाली भाषा जन्मिन पुगेको हो । नेपाली भाषाको उत्पत्ति भारोपेली भाषा परिवारको सतम् वर्गमा पर्ने आर्य इरानेली भाषाबाट एघारौँ शताब्दीमा भएको हो (पौडेल, २०६४ : १०१) । नेपाली भाषा एक नेपालको राष्ट्र भाषा हो । नेपाली भाषालाई सरकारी काम काजको भाषाको रुपमा प्रयोग गरिदै आएको ।

मगर भाषा चिनिया तिब्बती परिवारको भोट-बर्मेली शाखाको बोडिक उपशाखा अन्तरगत पर्दछ । मंगोलियनहरु चीनको याङ्त्से र हवाङ्गो नदीको निकटवर्ती क्षेत्र हुँदै एउटा हाँगो चीनमा बस्यो भने अर्को हाँगो ब्रह्मपुत्र नदीको किनारै किनार भएर भोट हिमाली क्षेत्रमा

आयो । जसलाई भोट-बर्मेली शाखा भनिन्छ । कालन्तरमा त्यही भोट बर्मेली शाखाबाट तिनवटा हाँगा भई पहिलो बर्मा तिर, दोस्रो आसामकै आसपास पहाडी क्षेत्र र तेस्रो भोट हिमाली क्षेत्रमा फैलियो । मगर भाषा पनि भोट-बर्मेली शाखाको भोट हिमाली उपशाखा मध्ये एक भाषाको रुपमा चिनिएको छ (सिजापति, २०५० : १०६) । यसर्थ मगर जाति भाषिक रुपले बाह्र, अठार र काइके गरी तिन समूहमा विभाजित छन् । मगर भाषा नेपालका दैलेख, पाल्पा, रुकुम, रोल्पा, बाग्लुङ, सुर्खेत आदि जिल्लामा बोलिन्छ ।

पद सङ्गति भन्नाले कुनै वाक्य वा वाक्यात्मक संरचनामा एउटा पदको रूपमा परिवर्तन गर्ने वित्तिकै अर्को पदको बीचमा समानुपातिक परिवर्तन गर्नुपर्ने अवस्थालाई जनाउँछ । वाक्यमा प्रयोग भएका शब्दहरूका बीचको रूपात्मक मेल वा अनुकूललाई सङ्गति मानिन्छ । यस्तो सङ्गतिमा विशेष गरी कर्ता क्रियापद तथा विशेषण (नाम/सर्वनाम) र विशेषणका बीचको मेललाई लिइन्छ । वाक्यमा लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भावका दृष्टिले कायम हुने सङ्गति नेपालीमा विशेष महत्वपूर्ण हुन्छ ।

सुर्खेत जिल्लाको विभिन्न क्षेत्रमा बोलिने मगर भाषा र नेपाली भाषाको व्याकरणिक कोटिकाबीच तुलनात्मक अध्ययन यसै जिल्लाको नेवारे र चनौटे वडा नं. १२ को मगर भाषा र नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषणको खोज अनुसन्धान हुन सकेको छैन । यस क्षेत्रमा मगर भाषा र नेपाली भाषाको पदसङ्गतिबीच के कति समानता र भिन्नता छ भनी खोजी गरी पदसङ्गतिका आधारमा समानता र भिन्नता विश्लेषण गर्नु नै मेरो अध्ययनको रूचिको विषय बन्न पुगेको छ । यही रूचि, उपलब्ध समय तथा मगर भाषा र नेपाली भाषिक वक्ताहरूको सहज प्रयाप्तता र व्यतिरेकी अध्ययनको दोस्रो भाषा शिक्षणमा रहेको शैक्षणिक महत्वलाई दृष्टिगत गरी मगर भाषा र नेपाली भाषाबीच पदसङ्गति सम्बन्धी आधारमा व्यतिरेकी अध्ययन शीर्षकको शोधकार्य गरिएको छ । मगरभाषी विद्यार्थीहरूलाई नेपाली भाषा प्रयोग गर्दा के कस्ता पदसङ्गतिगत समानता र भिन्नता रहेका छन् यस सम्बन्धी भावी शोधकार्य गर्न अनुसन्धानकर्ताहरूलाई सहयोग पुऱ्याएको छ ।

## १.२ समस्या कथन

सुर्खेत जिल्लाको नेवारे र चनौटे क्षेत्रमा बोलिने मगर भाषा र नेपाली भाषाको पदसङ्गति व्यवस्थाबीचको व्यतिरेकी अध्ययन गर्नु नै यस शोधकार्यको प्रमुख समस्या रहेको छ । पदसङ्गतिको अध्ययनसँग सम्बन्धित यस शोधकार्यको मुख्य समस्याहरू निम्नानुसार रहेका छन् :

(क) मगर भाषा र नेपाली भाषाको पदसङ्गति व्यवस्थाबीच के कस्ता समानता र भिन्नता पाइन्छन् ?

(ख) मगर भाषा र नेपाली भाषामा लिङ्ग, वचन र पुरुषका आधारमा के कस्ता शब्द र वाक्यको प्रयोग गरिएको छ ?

(ग) मगर भाषा र नेपाली भाषामा आदर, काल पक्ष र भावका आधारमा के कस्ता शब्द र वाक्यको प्रयोग गरिएको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यमा अध्ययनका उद्देश्य निम्न रहेका छन् :

(क) मगर भाषा र नेपाली भाषाको पदसङ्गति बीचको समानता र भिन्नता पहिल्याउनु,

(ख) मगर भाषा र नेपाली भाषामा लिङ्ग, वचन र पुरुष सम्बन्धी शब्द र वाक्यको खोजी गर्नु,

(ग) मगर भाषा र नेपाली भाषामा आदर, काल पक्ष र भावका आधारमा शब्द र वाक्यको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

अनुसन्धानबाट मगरभाषी वक्ताहरूको भाषा लोप हुनबाट बचाउन तथा मगर भाषीहरूलाई नेपाली भाषा शिक्षण गर्दा शिक्षकहरूलाई महत्वपूर्ण सहयोग पुग्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ । हालसम्म मगरभाषाको विभिन्न क्षेत्रमा अध्ययन गरे तापनि पदसङ्गतिबीच व्यतिरेकी अध्ययन आजसम्म पनि भएको छैन । तसर्थ कर्णाली प्रदेशको राजधानी सुर्खेत जिल्लाको वीरेन्द्रनगर अन्तर्गत नेवारे र चनौटे क्षेत्रमा बोलिने मगर भाषा र नेपाली भाषाको पदसङ्गति व्यवस्थाबीच व्यतिरेकी अध्ययन शीर्षकको अध्ययनले भाषाविद्, पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता, मगरभाषी शिक्षक तथा विद्यार्थी लगायत मगर भाषा र नेपाली भाषा सम्बन्धी अध्ययन गर्ने भावी शोधकर्तालाई नवीन र भाषा वैज्ञानिक दृष्टिले सहयोग गर्ने भएकाले औचित्यपूर्ण रहेको छ । यसलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) मगर भाषा र नेपाली भाषाको पदसङ्गति व्यवस्थाबीच व्यतिरेकी अध्ययन कसैले नगरेकाले,

(ख) नेपाली भाषा र मगर भाषामा शोधकार्य गर्ने भावी शोधार्थीहरूका लागि सन्दर्भ सामग्री हुने भएकाले,

(ग) मगरभाषी विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गर्दा मगरभाषामा प्रयोग हुने शब्दहरूको बारेमा बताउन शिक्षकहरूलाई सहयोग पुग्ने भएकाले,

(घ) शिक्षा प्रेमी, भाषा पाठ्यपुस्तक लेखक तथा पाठ्यक्रम निर्माताका लागि नाम र सर्वनाम, विशेषण र क्रियाबीचको सङ्गतिगत सहयोग पुग्ने भएकाले औचित्यपूर्ण रहेको छ ।

(ङ) मगर भाषा र नेपाली भाषाका संरचनात्मक एकरूपता र पृथकता पहिल्याई नेपाली भाषा सिकाइमा हुने समस्या पहिल्याउन सहज हुने भएकाले शैक्षिक दृष्टिले औचित्यपूर्ण छ ।

(ङ) मगर भाषाको स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माताको लागि औचित्यपूर्ण रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्यलाई निम्नानुसारँ सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत अध्ययन सुर्खेत जिल्ला वी.न.पा. वडा नं. १२ चनौटे र नेवारे क्षेत्रमा बसोवास गर्ने मगरभाषी वक्तामा सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन मगरभाषा र नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी अध्ययनमा मात्र सीमित रहेको छ ।

(ग) पदसङ्गति अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भावबीच सङ्गतिका आधारमा हुने पदसङ्गतिमा मात्र सीमित रहेको छ ।

(घ) प्रस्तुत अध्ययनमा लिङ्ग, वचन, पुरुष, आदर, कालपक्ष र भावका आधारमा पदसङ्गतिको अध्ययन बाहेक वाच्यका आधारमा अध्ययन गरिएको छैन ।

(ङ) यस अध्ययनमा सम्बन्धित क्षेत्रका मगर भाषी २० जना उत्तरदाताहरूको उमेर, लिङ्ग, पेशा, शिक्षित र अशिक्षितको प्रतिनिधित्वमा सीमित रहेको छ ।

(च) उक्त क्षेत्र बाहेक अन्य क्षेत्रमा बोलिने मगर भाषीसँग यो अध्ययन सम्बन्धित रहेको छैन ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत अध्ययनको रूपरेखालाई निम्नानुसार विभाजन गरिएको छ

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अनुसन्धान विधि र प्रक्रिया

अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भ ग्रन्थसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा र उपादेयता

प्रस्तुत शोधकार्यको क्रममा उपयोग गरिएका सम्बन्धित पूर्वकार्यको समीक्षा निम्नानुसार गरिएको छ :

भण्डारी (२०५४) द्वारा **प्रायोगिक भाषा विज्ञानका केही पक्ष** नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा व्यतिरेकी विश्लेषणको परिचय, व्यतिरेकी विश्लेषणको ऐतिहासिक विकास, व्यतिरेकी विश्लेषणका आधारभूत मान्यताहरू, व्यतिरेकी विश्लेषणको प्रक्रिया, व्यतिरेकी विश्लेषणको महत्त्व, व्यतिरेकी विश्लेषणका सीमाहरू, व्यतिरेकी विश्लेषण र भाषादोषको चर्चा गरिएको छ । उक्त पुस्तक प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक खण्डको लेखन र व्याख्या विश्लेषणमा सहयोग पुऱ्याएकाले यसको उपयोग गरिएको छ ।

अधिकारी (२०५५) द्वारा **समसामयिक नेपाली व्याकरण** नामक पुस्तकमा पदसङ्गति र रचनाको उल्लेख गरिएको छ । भाषामा व्याकणिक समस्यालाई सुधार गर्ने उद्देश्यले तयार गरिएको उक्त पाठ्यपुस्तकमा भाषामा पद सङ्गति र रचनाको परिचयसँग कर्ता र क्रियापदको सङ्गति प्रस्तुत गरिएको छ । कर्ता र क्रियापद भित्र लिङ्ग, वचन, पुरुष र आदर राखिएको छ भने अन्य अवस्थामा विशेष्य र विशेषण, नाम र कोटिकर नाम र सर्वनाम बीचको सङ्गतिबारे चर्चा गरिएको छ । सङ्गति र रचनाभित्र पदहरूबीच रूपात्मक मेल गराई त्यसको सैद्धान्तिक आधार निर्माण गरिएको हुँदा लिङ्ग, वचन, पुरुष र आदर अनुरूपका तथ्याङ्क सङ्कलन गर्नु, समानता र भिन्नता पहिल्याउनु, सामग्री निर्माण र व्याख्या विश्लेषणमा सहयोग पुऱ्याएकाले यसको उपयोग गरिएको छ ।

के.सी. (२०५५) द्वारा **सुर्खेत जिल्लाका कक्षा ५ उत्तीर्ण मगरभाषी विद्यार्थीमा पाइने त्रुटिहरुको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । यसको उद्देश्य मगरभाषी विद्यार्थीहरूको कविताको सस्वर पठन, शब्दोच्चारण, वाक्यगठन र वर्ण विन्यासमा पाइने त्रुटिहरु पत्ता लगाउनु, तिनको अध्ययन विश्लेषण गर्नु र निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्नु रहेको छ । उक्त अनुसन्धानका लागि सुर्खेत जिल्लाका सदरमुकामसँग जोडिएका ग्रामीण क्षेत्रका तीनवटा विद्यालयलाई लिइएको छ । प्रत्येक विद्यालयबाट २०/२० जना

विद्यार्थीहरुबाट नमुना सङ्कलन गरिएको छ । यस अध्ययनमा मगरभाषी विद्यार्थीहरुले गर्ने त्रुटिहरु निराकरणका लागि निष्कर्ष निकाली निष्कर्षका आधारमा सुझाव दिइएको छ । यस अध्ययनले मगरभाषी वक्ताले मानक नेपालीको व्याकरणात्मक कोटिमा गर्ने त्रुटि निराकरण गर्न, निष्कर्ष सुझाव र विश्लेषण खण्डमा सहयोग पुगेकोले यस अध्ययनको उपादेयता रहेको छ ।

भट्टराई (२०६०) द्वारा **नेपाली व्याकरणका कोटिहरू** नामक पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकमा लिङ्ग, वचन र पुरुषको आधारमा व्याख्या विश्लेषण गरिएको छ । जसमध्ये लिङ्गको परिचय लिङ्गको प्रकार र नेपालीमा लिङ्ग भेद हुनुका कारण, नाम र क्रियापदमा लिङ्ग भेदहरूको चर्चा गरिएको छ । वचन सम्बन्धी कर्ता र क्रियाको पदसङ्गति, नाम र सर्वनामको पदसङ्गति, नाम र विशेषणको पदसङ्गति र व्याकरणको वचन सम्बन्धी एकवचन र बहुवचनमा नाम, सर्वनाम, विशेषण र क्रियापदमा प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषमा एकवचन र बहुवचनको विश्लेषण गरिएको छ । यस पुस्तकले सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गरेकाले यसको उपयोग गरिएको छ ।

भण्डारी (२०६४) द्वारा **सुर्खेत जिल्लाको साटाखानी क्षेत्रमा बोलिने मगर भाषा र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिबीच तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा साटाखानी क्षेत्रमा बोलिने मगर भाषा र स्तरीय नेपाली भाषाकाबीच व्याकरणात्मक कोटिका आधारमा तुलनात्मक अध्ययन गर्नु शोधको उद्देश्य राखिएको छ । प्रस्तुत शोधकार्यमा व्याकरणिक कोटिबीच रहेका समानता र भिन्नता पहिल्याउन प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी वर्णनात्मक र तुलनात्मक विधि प्रयोग गरिएको छ । उक्त शोधमा मगर भाषाको परिचय, मगर भाषाको आगमन, मगरजातिको नामाकरण, शारीरिक बनोट, भेषभूषा र आहार, पेशा, व्यवसाय, धर्म, सांस्कृतिक पक्ष विवाह प्रथा, वर्तमान स्थितिका साथै व्याकरणिक कोटिको अध्ययन गरिएको छ । स्तरीय नेपाली भाषा र मगर भाषाका व्याकरणिक कोटिहरूमा भिन्नता रहेको यस शोधकार्यको निष्कर्ष रहेको छ । यस शोधकार्यले सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गरेकाले उपयोग गरिएको छ ।

अधिकारी (२०६५) द्वारा **सामाजिक र प्रयोगिक भाषाविज्ञान** नामक पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकमा व्यतिरेकी विश्लेषणको परिचय, व्यतिरेकी विकास, व्यतिरेकी विश्लेषणको उपयोगिता, व्यतिरेकी विश्लेषणको प्रक्रिया तथा पद्धति, व्यतिरेकी विश्लेषणका सीमाहरू

आदिको चर्चा गरिएको छ । यस पुस्तकबाट व्यतिरेकी विश्लेषणको सैद्धान्तिक ज्ञान प्राप्त हुने भएकाले प्रस्तुत शोधमा औचित्य रहेको छ । उक्त पुस्तकबाट व्याख्या विश्लेषण, शीर्षक चयन र व्यतिरेकी अध्ययन विश्लेषणमा सहयोग गरेकाले उपयोग गरिएको छ ।

पौडेल र खनाल (२०६८) द्वारा **नवीन नेपाली व्याकरण** नामक पुस्तक प्रकाशन गरिएको छ । जसमा व्याकरणात्मक कोटि सम्बन्धी, लिङ्ग, वचन, पुरुष सम्बन्धी उल्लेख गरिएको छ । प्रस्तुत पुस्तकमा लिङ्गको परिचय, लिङ्ग परिवर्तन गर्ने तरिका, वाक्यमा लिङ्गभेद र वाक्यान्तरण, वचनको परिचय, वचन परिवर्तन गर्ने तरिका उल्लेख गरिएको छ । पुरुष अन्तर्गत प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषको परिचय तथा पुरुष परिवर्तन गर्ने तरिकाका बारेमा प्रस्तुत पुस्तकमा विश्लेषण गरिएको छ । उक्त पुस्तक यस शोधकार्यमा व्याख्या विश्लेषण गर्न मगरभाषा र नेपाली भाषाको समानता र भिन्नताको सैद्धान्तिक जानकारीका लागि सहयोग गरेकोले यसको उपयोग गरिएको छ ।

सिंजाली (२०६८) द्वारा **मगर ढुटआङ कुराकानी** नामक पुस्तक प्रकाशन गरिएको छ । लिङ्ग, वचन, पुरुष अनुरूप मगर भाषा र नेपाली भाषाको व्याकरणिक कोटिबीच रहेका समानता र भिन्नताको खोजी गर्नु पुस्तकको उद्देश्य रहेको छ । उक्त पुस्तकमा पदसङ्गति सम्बन्धी वचनको परिचय, वचनको प्रकार, वचन परिवर्तन गर्ने तरिका, लिङ्ग भेदको परिचय, लिङ्गभेदको प्रकार लिङ्ग परिवर्तन गर्ने तरिका, पुरुषको परिचय, पुरुष परिवर्तन गर्ने तरिकाका बारेमा उल्लेख गरिएको छ । यस अध्ययनले मगरभाषाको परिचय सम्बन्धी सैद्धान्तिक विषय सङ्कलन गर्न सहयोग गरेकाले यस पुस्तकको उपयोग गरिएको छ ।

खड्का (२०६९) द्वारा **बाँके जिल्लामा बोलिने अवधी भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन** नामक शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत शोधको अध्ययनमा बाँके जिल्लामा बोलिने अवधी भाषाको परिचय र यसको वर्तमान अवस्थाको खोजी गर्नु, अवधी भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका समानता र व्यतिरेकी पहिल्याउनु यस शोधको उद्देश्य राखिएको छ । उक्त शोधमा मनिकापुर, पुरैना, इन्द्रपुर, खजुरा, खर्द र सुनुपुर गा.वि.स.का शिक्षित, अशिक्षित, उमेर, लिङ्ग, पेशा आदिको प्रतिनिधित्व हुने गरी ५० जना वक्ताहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । शोधमा पुस्तकालय अध्ययन विधिको उपयोग गरिएको छ । विश्लेषण खण्डमा एकातर्फ तालिकामा नेपाली भाषाका व्याकरणात्मक कोटि सम्बन्धी शब्द, वाक्य र अर्कोतर्फ अवधि भाषाका

शब्द, वाक्य राखी वर्णनात्मक विधिको उपयोग गरी व्याख्या विश्लेषण गरिएको छ । नेपाली भाषा अनुरूप अवधी भाषाका वाक्य व्यवस्थामा व्याकरणात्मक कोटि रहेपनि सोही अनुरूप वाक्यमा पदहरूको सङ्गति नरहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यले सामग्री निर्माण र व्याख्या विश्लेषण गर्न सहयोग गरेकाले उपयोग गरिएको छ ।

पौडेल (२०६९) द्वारा **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू** नामक पुस्तकको प्रकाशन गरिएको छ । यस पुस्तकमा व्यतिरेकी विश्लेषणको प्रक्रिया, व्यतिरेकी विश्लेषणका सीमा, व्यतिरेकी विश्लेषण र भाषा शिक्षणको प्रस्तुत पुस्तकमा व्याख्या विश्लेषण गरिएको छ । उक्त पुस्तक शीर्षक चयन, नेपाली भाषा सम्बन्धी सैद्धान्तिक खण्ड निर्माण गर्न उक्त पुस्तकले सहयोग गरेकाले यसको उपादेयता रहेको छ ।

बुढा (२०६९) द्वारा **स्थानीय मगर भाषा र ढुट मगर भाषाको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यमा स्थानीय मगर भाषा र ढुट मगर भाषाको तुलना गर्नु, पदकोटिका आधारमा स्थानीय मगर भाषा र नेपाली भाषाबीच भिन्नता पत्ता लगाउनु यसको उद्देश्य रहेको छ । पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिमा आधारित यस शोधपत्रमा गुणात्मक र मिश्रित ढाँचाको प्रयोग गरिएको छ । उक्त शोधपत्रमा मगर भाषाको परिचय मगर जातिको आगमन, नामाकरण, शारीरिक बनोट, भेषभुषा, आहार, व्यवसाय, धर्म, सांस्कृतिक पक्ष, विवाह प्रथा तथा वर्तमान स्थितिको बारेमा चर्चा गरिएको छ । मगर भाष र ढुट मगर भाषाबीचमा भिन्नता रहेको, पदकोटिका आधारमा मगर भाषा र नेपाली भाषामा व्याकरण कोटिगत रूपमा भिन्नता रहेको, फरक फरक रूपमा पदहरूको प्रयोग गरिएको जस्ता निष्कर्षहरू उल्लेख गरिएको छ । उक्त शोधमा मगर भाषा सम्बन्धी पुस्तक प्रकाशन गरिनु पर्ने, नेपाली भाषा शिक्षणमा मगर भाषाको शब्दगत पदलाई एकरूपता बनाइनु पर्ने जस्ता सुझावहरू राखिएको छ । यस अध्ययनमा वचन, पुरुष र आदरको आधारमा चर्चा गरिएकाले उक्त शोधकार्यमा उद्देश्य निर्धारण र व्याख्या विश्लेषण गर्न सहयोग गरेकाले यस अध्ययनमा उपयोग गरिएको छ ।

भण्डारी (२०७१) द्वारा **रोल्पा जिल्लामा बोलिने मगर पाङ खाम भाषाको शब्दकोश निर्माण** शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोध अध्ययन रोल्पा जिल्लाको थवाङ, मिरुल र कुरेली क्षेत्रमा बोलिने मगर पाङ खाम भाषाको अध्ययनमा केन्द्रित छ । रोल्पा जिल्लाका मिरुल, थवाङ र कुरेली क्षेत्रमा प्रचलित मगर पाङ खाम भाषामा प्रचलित शब्दको सङ्कलन

गरी शब्दकोश निर्माण गर्नु यस शोध अध्ययनको उद्देश्य रहेको छ । प्रस्तुत शोध अध्ययन पाँच अध्यायमा विभक्त गरिएको छ । मगर पाङ खाम भाषाका शब्दलाई मूल प्रविष्टि दिई त्यसमा नेपाली भाषाका अर्थ विधान गरिएको छ र यसमा व्याकरण निर्देश पनि उल्लेख गरी वाक्यमा प्रयोग समेत गरिएको छ । वाक्यमा प्रयोग गर्दा मगर पाङ खाम भाषामा र नेपाली भाषा दुबैमा उल्लेख गरिएको छ । यो शोध अध्ययनले प्रस्तुत शोधको पूर्वकार्यको समीक्षा निर्माण गर्न सहयोग गरेकाले यसको उपादेयता रहेको छ ।


कठायत (२०७२) द्वारा **पानसय दराली भाषिका र स्तरीय नेपाली भाषाबीच पदसङ्गतिको आधारमा व्यतिरेकी अध्ययन** नामक शोधकार्य गरिएको छ । उक्त शोधमा पानसय दराली उपभाषिकाका विशेषताको खोजी गर्नु, पानसय दराली उपभाषिका र स्तरीय नेपाली भाषा बीच पद सङ्गतिका आधारमा समानता र भिन्नता पहिल्याउनु र स्थानीय भाषी विद्यार्थीले स्तरीय नेपाली भाषाको प्रयोग गर्दा गर्न सक्ने सम्भावित त्रुटि पहिल्याई त्रुटि निराकरणका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्यहरूमा केन्द्रित गरिएको छ । यस शोधपत्रमा वर्णनात्मक र तुलनात्मक विधिको प्रयोग गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित रही ६० जनालाई नमुना छनोट गरिएको छ । शोधमा पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषणमा लिङ्ग, वचन, पुरुषबीच सङ्गतिमा विशेषण र विशेष्य, भेदक र भेद्य, नाम र सर्वनाम, नाम र कोटिकर, कर्म र क्रिया, सङ्गति तथा आदरमा सर्वनामिक कर्ता र क्रिया, नाम र सर्वनामबीच आदर सङ्गतिको विश्लेषण गरेको छ । पुरुषका आधारमा पद सङ्गतिगत व्यतिरेकी अध्ययन गर्दा दुबै भाषामा पुरुषजनीत सर्वनाम पद र क्रियापदसँग निकट सम्बन्ध रहेको पाइयो, आदरार्थीका आधारमा नेपाली भाषा र पानसय दराली उपभाषिकाबीच पद सङ्गतिगत व्यतिरेकी अध्ययन गर्दा नेपाली भाषामा आदरार्थीका छ वटै तहमा आदरार्थी भेद रहेको पाइन्छ भने पानसय दराली उपभाषिकामा आदरार्थीका निम्न र मध्यम तहमा मात्र भेद रहेको, पानसय दराली विद्यार्थीले आदरका उच्च, विशेष र उच्चतर तहमा पद सङ्गतिगत त्रुटि गर्ने देखिएको उल्लेख गरी शोधलाई अन्तिम रूप दिइएको छ । यस शोधमा पानसय दराली उपभाषिकासँग सम्बन्धित पाठ्यक्रम, पाठ्यपुस्तक तथा शब्दकोश निर्माण गरिनु पर्ने र पदसङ्गतिका आधारमा यस उपभाषिकाको व्याकरण लेखिनुपर्ने सुझाव राखिएको छ । उक्त शोधकार्यले व्याकरणिक कोटि सम्बन्धी समानता र भिन्नता पहिल्याउन, व्यतिरेकी विश्लेषण गर्न सहयोग गरेकाले यसको उपयोग गरिएको छ ।

उपाध्याय (२०७२) द्वारा **दैलेख जिल्लाको चौराठा क्षेत्रमा बोलिने मगर भाषा र मानक नेपालीको व्याकरणिक कोटिबीच तुलनात्मक अध्ययन** नामक शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा दैलेख जिल्लाको चौराठा क्षेत्रमा बोलिने मगरभाषा र मानक नेपाली भाषाको व्याकरणत्मक कोटिका आधारमा तुलना गरी दुवै भाषाबीच देखिने समानता र भिन्नता पहिल्याउनु र चौराठा क्षेत्रमा बोलिने मगरभाषी शब्द सङ्कलन गर्नु जस्ता उद्देश्य राखि तयार पारिएको छ । उक्त शोधपत्रमा तुलनात्मक र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त शोधमा मानक नेपाली भाषा र चौराठा क्षेत्रमा बोलिने मगर भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन गर्ने क्रममा दुबै भाषाका ध्वनि, रूप र अर्थमा भएका समानता र भिन्नतालाई केलाउन व्याकरणात्मक कोटि अन्तर्गत लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, आदर, वाच्य, करण-अकरण र कारक विभक्तिको तुलनात्मक रूपमा भिन्नता रहेको निष्कर्ष निकालिएको छ । यस शोधले विश्लेषण खण्डमा तुलनात्मक रूपमा विश्लेषण गर्न सहयोग गरेकाले यसको उपादेयता रहेको छ ।

न्यौपाने (२०७४) द्वारा **गुरूङ र मगर जातिमा प्रचलित लोकगीतको अध्ययन** शीर्षकमा गोष्ठीपत्र तयार गरिएको छ । उक्त गोष्ठी पत्रमा परम्परा लोकगीतवार्ता विज्ञान अध्ययन अध्यापन र महत्व विषयक गोष्ठी लोक शीर्षकमा लोकगीतको पृष्ठभूमि, गुरूङमगर जातिमा प्रचलित लोकगीत अध्ययन परम्परामा आधारित रहेको छ । यस लेखकमा पश्चिमाञ्चल क्षेत्रमा बसोवास गर्ने गुरूङ र मगरले गाउने लोकगीतलाई अध्ययनको क्षेत्र बनाएको छ । दुई जातिले गाउने लोकगीतको बारेमा स्थलगत र पूर्व अध्याताका कृतिको एकसरो अध्ययन गरेर यो गोष्ठी पत्र तयार गरिएको छ । यस शोधपत्रमा पश्चिमाञ्चल क्षेत्रमा गुरूङ र मगरहरूले विभिन्न अवसर र ठाउँमा गाउने सालैजो, भैलोरे, कौरा, सैंदो जस्ता भाकाहरूले उनीहरूको आफ्नै संस्कृतिको जगेर्ना गरेको, गुरुङ र मगर जातिले आफ्नो क्षेत्र र नेपालकै विभिन्न क्षेत्रमा रहेका अन्य जातिको संस्कृति र परम्परालाई समेत जोगाउने सन्देश दिएको निष्कर्ष निकालिएको छ । यस अध्ययनले प्रस्तुत शोधपत्रको पृष्ठभूमि र समस्या कथन निर्माण गर्न सहयोग गरेकाले यसको उपादेयता रहेको छ ।

## २.२ अवधारणात्मक खाका

मगर भाषा र नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी विश्लेषणलाई निम्नानुसार खाकामा  यसरी प्रस्तुत गरिएको छ :




प्रस्तुत अध्ययनमा मगर भाषा र नेपाली भाषाको पदसङ्गतिका आधारमा व्यतिरेकी अध्ययन गरिएको छ । व्यतिरेकी अध्ययन गर्दा लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भावका आधारमा एकातिर नेपाली भाषाका वाक्यहरू समूह 'क' मा राखिएको छ र अर्कोतिर मगर भाषाका वक्ताहरूबाट ती वाक्य सोधी प्राप्त वाक्यहरू समूह 'ख' तालिकामा राखी दुई भाषा बीचको समानता र भिन्नताको व्याख्या विश्लेषण गरिएको छ ।

## २.३ अध्ययनको सैद्धान्तिक अवधारणा

व्यतिरेकी शब्दको अर्थ भिन्नता भन्ने हो । अतः भाषिक भिन्नताको अध्ययन गर्ने काम व्यतिरेकी विश्लेषणमा गरिन्छ । यो दुई वा दुई भन्दा बढी भाषा भएका समानता र भिन्नता सम्बन्धी विषय हो । यसको आधार भूमिकाका रूपमा तुलनात्मक भाषा विज्ञानलाई लिन सकिन्छ । किनकी यो तुलनात्मक अध्ययनसँग सम्बन्धित छ त्यसैले भाषाको बीचको भिन्नतालाई तुलना गरेर सिकाइका क्रममा आउने कठिनाइलाई निराकरण गर्न सकिन्छ ।

### २.३.१ व्यतिरेकी विश्लेषणको परिचय

व्यतिरेकी विश्लेषण कुनै दुई भाषाको तुलनात्मक अध्ययसँग सम्बन्धित विषय हो । यसमा एउटा भाषाको वक्ताले अर्को भाषा सिक्दा देखिने समस्या पत्ता लगाउने गरिन्छ । व्यतिरेकी विश्लेषण प्रायोगिक भाषा विज्ञानको एउटा शाखा हो । व्यतिरेकीको अर्थ फरक भिन्नता, असमानता, अर्कोसँग मेल नखाने गुण वा अलग विशेषता भन्ने बुझिन्छ । व्यतिरेकी विश्लेषणको सोझो अर्थ कुनै दुई वा सो भन्दा बढी विषय वा वस्तुहरूका बीचमा देखिने भिन्नता वा असमान विशेषताहरूको बयान, व्याख्या वा वर्णन भन्ने बोध हुन्छ । यसै अर्थ अभिप्रायसँग सम्बन्धित भाषा विज्ञान वा प्रयोगिक भाषा विज्ञानका क्षेत्रमा व्यतिरेकी अध्ययन पनि भन्ने गरेको पाइन्छ । "व्यतिरेकी विश्लेषणमा दुई वा दुईभन्दा बढी भाषाका बीचमा देखिने ध्वन्यात्मक, व्याकरणात्मक तथा शब्दभण्डारगत समता र विसमताको तुलनात्मक अध्ययन गरिन्छ" (पौडेल, २०६९ : १८७) । यसले भाषाहरूको समानता र भिन्नताको विश्लेषण गर्ने भए पनि विशेष रूपमा यो भिन्नतामा केन्द्रित हुन्छ ।

व्यतिरेकी विश्लेषण भाषा विज्ञानको प्रायोगिक शाखासँग सम्बन्धित छ । भाषाको वर्ण, रूप, व्याकरण आदि तहमा फरक फरक भिन्नता रहेको हुन्छ । तिनै भाषा व्यवस्थाको समानता र भिन्नताहरूको विषय नै व्यतिरेकी विश्लेषण हो । दुई वा दुईभन्दा बढी भाषाका व्यवस्था वा उप-व्यवस्थाहरूको समानता तथा भिन्नता सम्बन्धी तुलनात्मक अध्ययनसँग व्यतिरेकी विश्लेषण सम्बन्धित छ । यसलाई व्यतिरेकी भाषा विज्ञान वा व्यतिरेकी अध्ययन भनिएको पाइन्छ । व्यतिरेकी भाषा विज्ञानले एउटा भाषासँग नभई एकभन्दा बढी भाषाका विषयमा सरोकार राखेको हुन्छ । यो अध्ययन भाषा विशेषमा केन्द्रित हुनुभन्दा भाषा सामान्यतिर अभिमुख हुन्छ । त्यसैले उक्त अध्ययन तुलनावादी हुनु स्वभाविक हुन्छ । एकभन्दा बढी भाषाको तुलनासँग सम्बद्ध भएकाले प्रकारात्मक भाषा विज्ञानसँग पनि यसको सम्बन्ध रहेको

हुन्छ । यसमा प्रकारात्मक भाषा विज्ञानका कतिपय निष्कर्षहरू प्रासङ्गिक हुन सक्छन् । एकभन्दा बढी प्रकारका वा वर्गका भाषाको अध्ययनबाट ती भाषामा पाइने समानता तथा विशेषताहरूको जानकारी मिल्छ । भाषाहरूलाई प्रकारात्मक अध्ययनका दृष्टिले रूपायनिक, योगात्मक, अयोगात्मक आदि भनिएको पाइन्छ । भाषाहरूकाबीच सार्वभौम विशेषताहरूको खोजी गर्नु प्रकारात्मक भाषा विज्ञानको विषय हो । व्यतिरेकी विश्लेषणका माध्यमबाट पनि भाषाका सार्वभौम विशेषताहरू पहिल्याउन सकिन्छ र यसलाई भाषा सार्वभौमको सैद्धान्तिक अध्ययनका क्रममा समेत उपयोगी बनाउन सकिन्छ । "व्यतिरेकी अध्ययनको उद्देश्य शैक्षणिक समस्या समाधानका लागि भाषाको अध्ययनलाई उपयोगी बनाउने दृष्टिकोणमा आधारित छ" (अधिकारी, २०५६ : १२७) । दुई वा दुईभन्दा बढी भाषाहरूको व्यवस्था तथा उपव्यवस्थाका समानता र भिन्नतामा केन्द्रित भई गरिने तुलनात्मक विश्लेषण नै व्यतिरेकी विश्लेषण हो ।

भाषाहरूको तुलनात्मक अध्ययन ऐतिहासिक पनि हुन सक्छ । उन्नाइसौं शताब्दीमा युरोपमा भएको भाषाशास्त्रीय अध्ययन यस्तै प्रकृतिको हो । उक्त अध्ययन तुलनात्मक भएपनि यसको प्रयोजन भाषाहरूकाबीच ऐतिहासिक तथा पारिवारीक सम्बन्ध दर्शाउनुमा केन्द्रित थियो । विशेषतः भाषाका शब्द तथा तिनका रूपहरूमा पाइने समता तथा भिन्नताको खोजी गरिन्थ्यो र तिनकाबीच भएको भाषिक परिवर्तनको प्रकृति औल्याइन्थ्यो । त्यस्तो अध्ययन सैद्धान्तिक दृष्टितिर अभिमुख भएकाले शैक्षणिक दृष्टिले कम प्रासङ्गिक थियो तर व्यतिरेकी विश्लेषण यदि मुख्यतः शैक्षणिक प्रयोजनले अभिप्रेरित देखिन्छ । त्यसैले यससँग सम्बद्ध अध्ययन प्रायोगिक प्रकृतिको हुन जान्छ । यस्तो अध्ययन भाषा शिक्षण क्षेत्रमा उपयोग गर्ने दृष्टिले सुरू भएको हो । अतः शैक्षणिक प्रयोजनका लागि गरिने व्यतिरेकी अध्ययनलाई प्रायोगिक भाषाविज्ञान अन्तर्गत लिइन्छ (अधिकारी, २०५६ : १२७) । व्यतिरेकी विश्लेषण भाषा विज्ञानको प्रायोगिक शाखासँग सम्बन्धित छ ।

प्रायोगिक भाषा विज्ञानमा भाषागत सैद्धान्तिक ज्ञानलाई व्यावहारिक प्रयोगका निम्ति उपयोग गरिन्छ । व्यतिरेकी विश्लेषणको प्रारम्भ अमेरिकाबाट भएको देखिन्छ । अमेरिकी भाषा वैज्ञानिक सी.सी.प्राइजले भाषा शिक्षणका सिलसिलामा दुईवटा भाषा सामग्रीको तुलनात्मक अध्ययनमा यसको प्रयोग गरेको पाइन्छ । यसको अध्ययन क्षेत्रभित्र कम्तिमा पनि दुई भाषाहरू बीचमा अनेक स्तरमा पाइने समान पक्ष र असमान पक्ष पर्दछन् । व्यतिरेकी विश्लेषणमा यिनै दुई पक्षको विश्लेषणबाट निष्कर्ष निकालिन्छ । व्यतिरेकी विश्लेषणका

क्षेत्रमा भाषा वैज्ञानिक सी. सी. फ्राइजपछि भाषा वैज्ञानिक बेन्रिखले सन् १९५३ मा यसलाई कार्य रूप दिए । यस क्षेत्रका अर्का सशक्त विद्वान रोवर्ट ल्याडोल सन् १९५७ मा 'लिङ्ग्विष्टिक अक्रस कल्चर' का माध्यमबाट व्यतिरेकी विश्लेषणलाई मूर्त रूप दिए (बुढाथोकी, २०६९ : ५८) । व्यतिरेकी विश्लेषणले भाषाहरूको समानता र भिन्नताको विश्लेषण गर्ने भएपनि विशेष रूपमा यो व्यतिरेक (भिन्नता) मा केन्द्रित हुन्छ ।

भाषा शिक्षण आफैमा एउटा जटिल प्रक्रिया हो । "प्रायोगिक भाषा विज्ञानको व्यतिरेकी विश्लेषण एउटा शाखा हो । व्यतिरेकी विश्लेषणमा दुई वा दुईभन्दा बढी भाषाहरू सम्बन्धित हुन आउँछन् । जब कुनै भाषाका बीचको अन्तर वा भिन्नतालाई आधार बनाएर अध्ययन विश्लेषण गरिन्छ । त्यो व्यतिरेकी विश्लेषण ठहर्छ ।" (ढकाल, २०६२: १७३) । व्यतिरेकी विश्लेषण समानता र भिन्नतासँग सम्बन्धित छ ।

व्यतिरेकी विश्लेषण भाषा विशेषभन्दा भाषा सामान्यतिर बढी उन्मुख देखिन्छ । अध्ययन एकभन्दा बढी भाषाको तुलनासँग सम्बद्ध हुने भएकाले प्रकारात्मक भाषा विज्ञानका कतपय निष्कर्षहरूसँग यसले सामिप्यता राख्दछ । शैक्षणिक प्रयोजनका दृष्टिले होस् वा भाषा सार्वभौमको सैद्धान्तिक अध्ययनका दृष्टिले होस् व्यतिरेकी अध्ययनको महत्त्वपूर्ण स्थान रहेको छ । यस्तो अध्ययन एक अर्काको सम्पर्कमा बोल्ने वा व्यावहार गरिने भाषाकाबीच उपयोगी मानिन्छ । नेपालको सन्दर्भमा भन्नुपर्दा नेपाली भाषाका सापेक्षतामा नेवारी, मैथिली, भोजपुरी, तामाङ आदिको अध्ययन शैक्षणिक दृष्टिले उपयोगी हुन सक्छ । त्यस्तै नेपाली भाषाका सापेक्षतामा अङ्ग्रेजी भाषाका अध्ययनमा पनि महत्त्वपूर्ण हुन्छ तर व्यतिरेकी अध्ययन भाषा विज्ञानका प्रायोगिक पक्षसँग सम्बन्धित भएकाले नेपाली भाषाका सापेक्षतामा तामिल भाषाको अध्ययन सैद्धान्तिक रूपमा ठिकै भएपनि प्रायोगिक दृष्टिले कम महत्वपूर्ण हुन सक्छ । व्यतिरेकी विश्लेषण विशेषतः दोस्रो भाषा सिकाइमा पहिलो भाषाको अनुभवले कस्तो प्रभाव पार्दछ भन्ने व्याख्यासँग र दोस्रो भाषा सिकाइका कठिनाइपूर्ण पूर्वानुमानसँग सम्बद्ध हुने भएकाले यो मुलतः प्रायोगिक प्रयोजनबाट अभिप्रेरित देखिन्छ (भण्डारी, २०५४ : १९) । भाषाका समानता र भिन्नताको खोजी गरी कठिनाइहरूको निराकरण गर्नु नै व्यतिरेकी विश्लेषण हो ।

प्रायोगिक भाषा विज्ञानको व्यतिरेकी विश्लेषण एउटा शाखा हो । व्यतिरेकी विश्लेषणमा दुई वा दुईभन्दा बढी भाषाहरू सम्बन्धित हुन आउँछन् । जब कुनै भाषाका बीचको अन्तर वा भिन्नतालाई आधार बनाएर अध्ययन विश्लेषण गरिन्छ । त्यो व्यतिरेकी विश्लेषण ठहर्छ

(ढकाल, २०६५: २७३) । व्यतिरेकी विश्लेषणलाई चिनाउने सन्दर्भमा विभिन्न विद्वानका अभिमतलाई परिभाषाका रूपमा यहाँ उल्लेख गर्न सकिन्छ :

रेड्डी - व्यतिरेकी विश्लेषणले मातृभाषा र अन्य भाषामा रहेका भेदलाई प्रस्तुत गर्दछ ।

बर्मा र अन्य - वर्तमानमा रहेका दुई वा दुई सोभन्दा बढी धेरै भाषाका भाषिक व्यवस्थाको तुलनालाई व्यतिरेकी भाषाविज्ञान भनेर चिनिन्छ ।

द-इन्साइक्लोपेडिया अफ ल्याङ्ग्वेज एन्ड लिङ्ग्विस्टिक्स - दुई वा सो भन्दा बढी भाषाहरूको भाषिक व्यवस्थाको व्यवस्थित तुलना व्यतिरेकी विश्लेषण हो, जसलाई व्यतिरेकी भाषाविज्ञान भनिन्छ ।

श्रीवास्तव - व्यतिरेकी अध्ययनमा दुई वा दुईभन्दा बढी भाषाका विभिन्न स्तरमा पाइने समानता र भिन्नता पत्ता लगाइन्छ ।

इन्साइक्लोपेडिक डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्स- व्यतिरेकी विश्लेषणले दुई वा सोभन्दा बढी भाषाहरूकाबीच संरचनात्मक एकरूपता तथा भिन्नताको वर्णन गर्दछ ।

लङम्यान डिक्सनरी अफ लिङ्ग्विस्टिक्स - दुई भाषाहरूको भाषिक व्यवस्थाहरूको तुलना व्यतिरेकी भाषाविज्ञान हो ।

हेमाङ्गराज अधिकारी - दुई वा दुईभन्दा बढी भाषाको व्यवस्था वा उपव्यवस्थाहरूको समानता र भिन्नता सम्बन्धी तुलनात्मक अध्ययनसँग व्यतिरेकी विश्लेषण सम्बन्धित छ ।

व्यतिरेकी विश्लेषण दुई वा दुईभन्दा बढी भाषाहरूको भाषिक व्यवस्थाको व्यवस्थित तुलना गर्नु नै व्यतिरेकी विश्लेषण हो ।

### २.३.२ व्यतिरेकी विश्लेषणको परिचय

मिल्दाजुल्दा भाषाका समानता र भिन्नता खोजी गरी तिनको आदर खोज्ने कामलाई व्यतिरेकी विश्लेषण भनिन्छ । भाषा विज्ञानमा व्यतिरेकी विश्लेषणको अवधारणा सर्वप्रथम होर्फ (सन् १९४१) ले ल्याएको मानिन्छ । तर प्राज्ञिक भाषा विज्ञानका क्षेत्रमा भने दोस्रो विश्वयुद्ध पछि दोस्रो भाषा वा विदेशी भाषा शिक्षणको सन्दर्भलाई लिएर अमेरिकी भाषा वैज्ञानिक चाल्सेसी फ्राइज (सन् १९४५) ले ल्याएको मानिन्छ । फ्राइजले "सिकारूको मातृभाषासित समान तहमा सचेततापूर्वक तुलना तयार गरिएका वैनिक भाषिक विवरणमा आधारित सामग्रीहरू भाषा शिक्षणमा बढी प्रभावकारी हुन सक्छन्" भन्ने अवधारणा राखेपछि

अन्य भाषा वैज्ञानिकहरू पनि यसतर्फ आकर्षित भएका हुन् । भाषा शिक्षणका क्षेत्रमा व्यतिरेकी विश्लेषणको फ्राइजेली अवधारणालाई कार्यान्वयन गर्न मूलतः बेन्रिख (सन् १९५३) र अझ रबर्ट ल्याडो (सन् १९५७) को भूमिका निकै महत्वपूर्ण रहेको देखिन्छ । ल्याडोको 'ल्याङ्ग्वेज अक्रस कल्चर : एप्लाइड लिङ्ग्वेस्टिक्स फर टिचर्स' (सन् १९५७) नामक पुस्तक प्रकाशन भएपनि भाषा शिक्षणका क्षेत्रमा व्यतिरेकी विश्लेषणका अवधारणालाई निकै प्रबलता साथ कार्यान्वयनमा ल्याएको पाइन्छ (पौडेल, २०७३: १८८) । व्यतिरेकी विश्लेषण दोस्रो भाषा सिकाइसँग सम्बन्धित छ । भाषा सिकाइलाई सहज वा प्रभावकारी बनाउने विषयमा यो केन्द्रित छ । यसको सैद्धान्तिक अवधारणालाई स्थापित गर्ने सन्दर्भमा संरचनावादी भाषाविज्ञान र व्यावहारवादी मनोविज्ञानको अहम भूमिका देखिन्छ । जब भाषा शिक्षणका क्षेत्रमा भाषिक संरचनाभन्दा शिक्षार्थीका कोणबाट केलाउन थालियो तब सैद्धान्तिक दृष्टिले कमजोर बन्न थालिए तापनि प्रायोगिक हिसाबले यसको महत्त्व बढ्दै गएको देखिन्छ ।

### २.३.३ व्यतिरेकी विश्लेषणका आधारभूत मान्यता

सामान्यतयाः स्रोत भाषा र लक्ष्य भाषाका बीचको भिन्नतालाई व्यतिरेकीका रूपमा बुझिन्छ । व्यतिरेकी विश्लेषणको अवधारणाको प्रारम्भ भाषा शिक्षणमा सुधार र यसको स्तरीयताको सन्दर्भमा भएको हो । भाषा सिकाइ स्वतः जटिल प्रक्रिया भएकाले यसमा सुधारको आवश्यकता हुन्छ । सुधारका लागि शिक्षणका क्रममा देखा पर्ने समस्याहरूको पहिचान र तिनको निदान महत्त्वपूर्ण हुन्छ । कठिनाइहरूको स्तर कारणहरू स्पष्ट नभएसम्म समस्याको समाधान सम्भव हुँदैन । त्यसकारण व्यतिरेकी विश्लेषण सिद्धान्तका प्रतिपादकहरूले व्याघात र कठिनाइको स्तर एवम् कारणहरू पत्ता लगाउनको निम्ति सिकारूको मातृभाषा र लक्ष्यभाषाका संरचनागत व्यतिरेकी विन्दुहरूको चयन गर्नुपर्ने प्रस्ताव अगाडि सारेका छन् । उनीहरूका अनुसार दुई भाषाहरूका भाषा वैज्ञानिक विश्लेषण वा व्यवस्थित तुलनाबाट व्यतिरेकी विश्लेषणको आधार तयार हुन्छ । तिनै आधारलाई यहाँ आधारभूत मान्यताका रूपमा प्रस्तुत गरिएको छ ।

(क) यस अध्ययनमा एउटा भाषाका एउटा भाषाको संरचना र अर्को भाषाको संरचनाकाबीच तुलना गर्न सकिन्छ ।


(ख) यस किसिमले तुलनाबाट दोस्रो भाषाको सिकाइमा आउने कठिनाइको पूर्वानुमान गर्न सकिन्छ ।

(ग) सम्भाव्य कठिनाइहरूको पूर्वानुमानबाट भाषा शिक्षण सामग्री र भाषा शिक्षण विधिहरूमा अपेक्षित सुधार ल्याउन सकिन्छ (भण्डारी, २०५४: २०) ।

यसरी भाषा शिक्षणमा सिकारूले लक्ष्य भाषाको जुन संरचनात्मक पक्षलाई जटिल मानेको हुन्छ । सो को तुलना र भिन्नताका आधारमा विश्लेषण गर्दै भाषा शिक्षणलाई सरल, सहज र प्रभावकारी बनाउन सकिन्छ भन्ने व्यतिरेकी विश्लेषणको आधारभूत मान्यता हो ।

### २.३.४ व्यतिरेकी विश्लेषणको प्रक्रिया र पद्धति

कुनै पनि कार्य सम्पन्न गर्नका लागि एउटा निश्चित प्रक्रियाको आवश्यकता पर्दछ । प्रक्रिया जति व्यवस्थित र वैज्ञानिक हुन्छ कार्य त्यति नै सरल ढङ्गले सम्पन्न हुन्छ । “व्यतिरेकी विश्लेषणको पनि आफ्नै वैज्ञानिक प्रक्रिया रहेको हुन्छ” (भण्डारी र अन्य, २०६८: १३०) । प्रस्तुत प्रक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :




**(क) सामग्री सङ्कलन**

व्यतिरेकी विश्लेषणका क्रममा सर्वप्रथम सामग्रीको सङ्कलन गरिन्छ । सामग्री सङ्कलन गर्दा सम्बन्धित भाषाका प्रयोक्ता, लिखित स्रोत वा आफ्नै ज्ञातमा रहेका सन्दर्भहरूको उपयोग गर्न सकिन्छ ।

**(ख) सामग्रीको सत्यापन**

सत्यापनले पुष्टि वा प्रमाणित गरिने कार्यलाई जनाउँछ । सङ्कलित सामग्रीलाई सत्यापन गर्नका लागि सम्बन्धित भाषाका विशेषज्ञ तथा प्रयोक्ताहरूको सहयोग लिन सकिन्छ ।

**(ग) सामग्रीको बोध र वर्गीकरण**

सामग्रीको विश्लेषण गर्नुभन्दा पहिले प्रारम्भिक अध्ययन गरी बोध र वर्गीकरण गरिन्छ । खास खास शीर्षक र विशेषताहरूको अलग अलग समूह बनाई तिनको वर्गीकरण गरी व्यवस्थित बनाइन्छ ।

**(घ) सामग्रीको विश्लेषण**

सङ्कलित सामग्रीको व्यवस्थित रूपमा वर्गीकरण गरी सकेपछि तिनको विश्लेषण गरिन्छ । विश्लेषण गर्दा दुवै भाषाकाबीच के कस्ता समानता, के कस्ता भिन्नता छन् । भिन्नता सामान्य र विशेष के कस्ता छन् । तिनबाट त्रुटिको के कस्ता सम्भावना छन् । सो को उपयुक्त विश्लेषण गरिनु पर्छ (अधिकारी, २०६५ : १३५) ।

**(ङ) निष्कर्ष**

सङ्कलित सामग्रीको व्यतिरेकी विश्लेषण गरि सकेपछि दुई भाषाका समानता, व्यतिरेक र सम्भाव्य त्रुटिहरू पत्ता लाग्छन् । तिनै समानता, असमानता र सम्भाव्य त्रुटिहरूबाट नै निष्कर्षको निर्माण गरिन्छ । निष्कर्षकै आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको हुन्छ । यसरी व्यतिरेकी विश्लेषण उल्लेखित प्रक्रियाबाट सम्पन्न हुन्छ । यसबाट प्राप्त निष्कर्षलाई पाठ्यांश, पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीको निर्माणमा उपयोग गरिन्छ ।

### २.३.५ व्यतिरेकी विश्लेषणका पद्धति


व्यतिरेकी विश्लेषणको मूल उद्देश्य एकभन्दा बढी भाषाका विशिष्टताहरूको सु-व्यवस्थित एवम् तुलनात्मक अध्ययन गर्नु हो । यस अधारमा भाषिक विश्लेषणका दुईवटा पद्धतिहरू प्रचलित रहेका छन्, जुन निम्नानुसार रहेका छन् :

**१. समतलीय पद्धति**

कुनै दुई समान हैसियत भएका वा समानान्तर भाषाहरूको सुक्ष्म अध्ययन गरी तिनका भिन्नताको विश्लेषण अध्ययन विश्लेषण गर्ने विधि नै समतलीय पद्धति हो । यस्तो पद्धतिमा निर्धारित 'क' भाषाबाट 'ख' भाषामा 'ख' भाषाबाट 'क' भाषाका भाषिक तत्त्वहरूको तुलना गरिन्छ (अधिकारी, २०६५ : १३२) । यस्तो अध्ययन क, ख वा ख, क प्रकृतिको हुन्छ । यो सैद्धान्तिक दृष्टिलेभन्दा प्रायोगिक दृष्टिले बढी उपयोगी रहेको देखिन्छ ।

२. उर्ध्वतलीय पद्धति

कुनै दुई भन्दा बढी भाषाहरू बीचको समानता र भिन्नताको तुलनात्मक अध्ययन गर्ने पद्धति उर्ध्वतलीय पद्धति हो । यसको मुख्य काम भाषाका सार्वभौम अभिलक्षहरूको खोजी गर्नु हो (अधिकारी, २०६५: १३२) । यो अध्ययन माथिबाट तल जाने प्रकृतिको हुन्छ । यसलाई निम्नलिखित रेखाचित्रबाट प्रष्ट पार्न सकिन्छ :




माथिको चित्रमा क भनेको भाषाको सार्वभौम अभिलक्षण हो । यसैगरी लम्बीय रूपमा देखाइएका १, १ र २, २ भनेको उक्त भाषाहरूको विशेषता के कति मात्रामा व्यक्त भएका छन् भन्ने हो । यो ऐतिहासिक तुलनात्मक प्रकृतिको हुन्छ । सैद्धान्तिक दृष्टिले जटिल हुने भएकाले शैक्षणिक दृष्टिले पनि यसको कमै उपयोग भएको पाइन्छ । प्रस्तुत यस शोधकार्यको तुलनात्मक अध्ययन पनि भाषा$_{१}$ र भाषा$_{२}$ बीचको तुलना गर्ने समतलीय पद्धतिका रूपमा आधारित रहेको छ ।

## २.३.६ व्यतिरेकी विश्लेषणको भाषागत तह

व्यतिरेकी विश्लेषणले स्रोत भाषा र लक्ष्य भाषाबीचको समानता र भिन्नताबारे जानकारी दिन्छ । त्यस्ता समानता र भिन्नताहरूको विश्लेषणमा दुई वा दुईभन्दा बढी भाषाहरूको तुलनात्मक वर्णन, विश्लेषण हुन्छ (अधिकारी, २०६५: १३४) । यस व्यतिरेकी अन्तर्गत निम्न तीन कुराहरू संलग्न रहन्छन् :

(क) भाषा$_{१}$ को विशेषताहरूको वर्णन

(ख) भाषा$_{२}$ को भाषा$_{२}$ सँग तुलना गरी देखिने भिन्नताको पहिचान

(ग) भाषा$_{१}$ र भाषा$_{२}$ को भिन्नता जनित सिकाइ कठिनाइको पूर्वानुमान

उपयुक्त भाषा$_{१}$ र भाषा$_{२}$ का समानता र भिन्नताहरूको पहिचान गरी भाषा २ का कठिनाइहरूको व्याख्या तथा पूर्वानुमान गर्न व्यतिरेकी विश्लेषण उपयोगी ठानिन्छ । व्यतिरेकी विश्लेषणमा प्रस्तुत समानता र भिन्नताहरूको भाषाका विभिन्न तह रहेका छन्, जुन निम्नानुसार छन् :

(क) वर्णनात्मक

(ख) रूपात्मक

(ग) वाक्यात्मक

(घ) शब्दभण्डार

(ङ) शैलीगत तह

**(क) वर्णनात्मक तह**

वर्णनात्मक तह भन्नाले वर्णमा देखिने भिन्नतालाई जनाउँछ । वर्णहरू तथा तिनका संरचनाका दृष्टिले प्रत्येक भाषा अन्य भाषाका सापेक्षतामा यो भिन्न हुन्छ । उक्त भिन्नता एक अर्का भाषाभाषीका लागि कति कठिन वा निकै कठिन लाग्न सक्छ । अङ्ग्रेजी भाषाभाषीलाई 'क' र 'ख' वर्णको उच्चारण गर्न कठिनाई परेझैं नेपाली भाषाभाषी 'श' र 'स', 'इ' र 'ई' लाई विभेदकता साथ विभिन्न शब्दमा उच्चारण गर्न सहज हुँदैन । नेवारी भाषी वा मगर भाषीले कतिपय स्थितिमा 'ट' लाई 'त' र मैथिली भाषीले 'ड' 'ठ' लाई 'र' बोल्न सहज मान्नुका कारण तत् तत् भाषाको वर्ण विश्लेषणबाट ज्ञात हुन सक्छ । खास वर्णहरू कतिपय भाषामा कुनै न कुनै रूपमा उच्चारित हुन सक्लान तर कतिपय वर्णहरू भने एक अर्का भाषाभाषीका लागि विलकुलै अपरिचित लाग्ने हुन्छन् । शब्दका वर्णहरूको गुम्फन तथा अनुक्रम (आदि, मध्य र अन्त्य) ले पनि भाषाहरूको वार्णिक व्यवस्थामा विभिन्नता ल्याएको हुन्छ । यस्तै सुर, लय, आघात आदि पनि उक्त व्यवस्था बुझ्न अध्ययनीय हुन्छ (अधिकारी, २०५६ : १३३) । यी सबै तथ्य सम्बन्धित भाषाका वर्णहरूको व्यतिरेकी विश्लेषणबाट थाहा पाइन्छ ।

**(ख) रूपिमिक तह**

भाषाहरूकाबीच हुने रूपगत भिन्नतालाई नै रूपिमिक तह भनिन्छ । "रूपगत अध्ययनभित्र भाषाका रूपायन तथा व्युत्पादन दुवै प्रक्रियालाई लिइन्छ । अङ्ग्रेजीमा आर्टिकलको प्रयोग हुन्छ, नेपालीमा हुँदैन । नेपाली वक्ताले अङ्ग्रेजी सिक्दा आर्टिकल सिक्नमा कठिनाइ हुन्छ । हिन्दीको र नेपालीको लिङ्ग व्यवस्थामा निकै अन्तर छ । नेवारीमा कर्तृवाच्य र कर्मवाच्यमा क्रियापदको रूप भिन्न हुँदैन । कर्तृवाच्यमा कर्ताको लोपबाट मात्र कर्मवाच्य बुझिने स्थिति हुँदा नेवारी भाषीलाई नेपाली सिक्दा कर्मवाच्यमा क्रियापदको विभेदकता नयाँ अनुभव हुन सक्छ ।" (अधिकारी, २०६५ : १३३) । यसबाट नेवारी भाषीलाई कर्तृवाच्य र कर्मवाच्यको

क्रियापदमा कठिनाइ आइपर्दछ । यी सबै तथ्य रूपिमिक तथ्यको व्यतिरेकी विश्लेषणबाट थाहा पाइन्छ ।

(ग) **वाक्यात्मक तह**

वाक्य गठनमा हुने भिन्नतालाई नै वाक्यात्मक तह भनिन्छ । अङ्ग्रेजीमा "कर्ता+क्रिया+ कर्म" को वाक्य ढाँचा हुन्छ भने नेपालीमा "कर्ता + कर्म + क्रिया" को ढाँचा प्रयोगमा आउँछ । त्यस्तै अङ्ग्रेजीमा प्रश्नात्मक वाक्यहरू क्रियापद अगाडि आउने हुछ तर नेपालीमा सामान्य वाक्य गठनमा नै अनुतानको भिन्नताले पनि प्रश्नात्मकता दर्शाइन्छ । यस कारण उक्त अनुभव नेपाली भाषिका लागि नयाँ हुनु स्वभाविक छ (अधिकारी, २०६५: १३३) । तसर्थ नेपाली भाषी वक्तालाई अङ्ग्रेजी भाषाको वाक्य निर्माणमा कठिनाइ पर्दछ ।

(घ) **शब्दभण्डार**

भाषागत रूपमा शब्दभण्डारको व्यवस्था भिन्न रूपमा प्रस्तुत गर्नु नै शब्दभण्डार हो । "भाषाहरूमा शब्दभण्डार व्यवस्था भिन्न भिन्न हुन सक्छ भन्ने कुरा रङ जनाउने, नाता जनाउने, शब्दहरूका साथै कतिपय अन्य धारणा जनाउने शब्दहरूको वितरणमा विभिन्नता रहेबाट ज्ञान हुन्छ । अरवी भाषामा उँटलाई र आइसल्यान्डको भाषामा हिउँलाई जनाउने शब्दहरू अधिक छन् । त्यस्तै नेपाली भाषामा अनुकरणात्मक शब्दहरू धेरै भेटिन्छन् । प्रत्येक भाषाभाषीले धारणालाई आवश्यकता अनुसार विशेषीकृत वा सामान्यीकृत गरेको हुन्छ । अथवा कुनै धेरै र कुनैमा थोरै शब्दले काम चलाइएको देखिन्छ ।" (अधिकारी, २०६५:१३४) । यसैगरी भाषाहरूमा नाम, सर्वनाम, विशेषण र क्रियापद सम्बन्धी शब्द पनि भिन्न-भिन्न हुन्छन् । यी शब्दभण्डारको भिन्नताले पनि भाषा सिकाइलाई सहज र गाह्रो बनाउँछ ।

(ङ) **शैलीगत तह**

विभिन्न भाषाहरूको भाषागत तह अनुसार भाषाको प्रयोग गर्नु नै शैलीगत तह हो । "भाषाहरूमा एउटै कुरालाई व्यक्त गर्ने पनि विभिन्न रीति तथा ढङ्गहरू हुन्छन् । अङ्ग्रेजीमा you का माध्यमबाट व्यक्त गरिने शैली नेपालीमा त, तिमी, तपाई, हजुर र हिन्दीमा तु, तम्, आपद्वारा विपरित भएको देखिन्छ । एउटा भाषामा खास किसिमको शैलीको विविधता पाउन सकिन्छ भने अर्कोमा अर्कै किसिमको विविधता हुन सक्छ । भाषाको सही प्रयोग जान्न लक्ष्य भाषामा पाइने शैलीगत विविधतासँग परिचित हुन आवश्यक छ ।" (अधिकारी, २०६५: १३४) । हरेक भाषामा शैलीगत विविधता हुने हुँदा शैलीलाई पनि व्यतिरेकी विश्लेषणमा उपयोग गर्न सकिन्छ ।

व्यतिरेकी विश्लेषण दुई वा दुईभन्दा बढी भाषाहरूको व्यवस्था र उपव्यवथाहरूको समानता र भिन्नताका बारेमा अध्ययन गर्दछ । यो अध्यनमा भाषा$_१$ र भाषा$_२$ का खास तहमा रहेर समानता र भिन्नताको अध्ययन गरिन्छ । समानतामा भन्दा भिन्नतामा केन्द्रित भई सम्भाव्य कठिनाइ र कठिनाइ निराकरणका उपायहरू अपनाइन्छ । यसले शिक्षकलाई योजना निर्माण गर्न, सामग्री तयार पार्न, आवश्यकता अनुसार पहिलो भाषा र दोस्रो भाषा शिक्षणका विधि र पद्धतिहरूको उपयोग गरी अभ्यास तथा पुनरावृत्ति गर्न सघाउँछ । यसो भएकाले व्यतिरेकी विश्लेषण भाषा शिक्षणको क्षेत्रमा महत्वपूर्ण बन्न पुगेको छ ।

यहाँ खास भाषाहरूको व्यतिरेकी विश्लेषणको नमुना प्रस्तुत गर्नुभन्दा उक्त विभिन्न तहको विश्लेषणसँग सम्बद्ध कतिपय पक्षहरूको उद्घाटित गर्न सहायक हुने छोटामोटा प्रसङ्गको उल्लेख प्रासङ्गिक ठानिएको जसबाट भाषाहरूमा हुने व्यतिरेकी विश्लेषणको प्रक्रियाबारे धारणा बनाउन मद्दत मिल्ने आशा गर्न सकिन्छ ।

### २.३.७ व्यतिरेकी विश्लेषणको उपयोगिता

समाजमा विभिन्न प्रकृतिका भाषा प्रयोग गर्ने मानिसहरू रहेका हुन्छन् । कुनै एक भाषिक हुन्छन् त कुनै दुई भाषिक तथा बहुभाषिक प्रकृतिका हुन्छन् । “विगत दर्शकहरूमा व्यतिरेकी अध्ययनको प्रायोगिक महत्त्व माथि सैद्धान्तिक विवाद सुरू भइसकेको छ अथवा यसको उपादेयताको सैद्धान्तिक आधारलाई चुनौती दिन थालिएको छ । तापनि भाषा शिक्षणका क्षेत्रमा कार्य गर्ने विद्वान तथा शिक्षकहरूले यसलाई खास प्रयोजनका लागि अझ उपयोगी नै ठानेको अनुभव छ । यसमा सैद्धान्तिक कमजोरी हुँदाहुँदै पनि उनीहरू यसको व्यावहारिक उपयोगिताका विषयमा अझ विस्वस्त छन् । प्रायोगिक भाषा विज्ञानका क्षेत्रमा यसलाई अझ मान्यता प्राप्त भइरहनुबाट पनि व्यतिरेकी विश्लेषणको शैक्षणिक उपयोगिताको पुष्टि हुन्छ” (अधिकारी, २०६५: १३९) ।

अतः व्यतिरेकी विश्लेषणले दुई वा सो भन्दा बढी भाषाहरूको तुलना गर्नु, समानता र भिन्नताको पहिचान गर्नु, सम्भावित कठिनाइ पत्ता लगाउन कठिनाइप्रति शिक्षक तथा विद्यार्थीलाई जानकारी गराउन, आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गर्न उपयुक्त शिक्षण योजना र विधि तय गर्न र समग्रमा भाषा क निर्माण गर्न, उपयुक्त शिक्षण योजना र विधि तय गर्न र समग्रमा भाषा शिक्षणलाई अर्थपूर्ण, प्रभावकारी, सार्थक र सबल उपयोगी रहेको छ ।

### २.३.८ मगर भाषाको परिचय

भाषा मानवीय सम्पत्ति हो । "मगर ढुट एक प्राचीन तर जीवित भाषा हो । प्राचीन समयमा विकसित मानिएको यो भाषा हाल नेपाल लगायत अन्य देशमा बसोवास गर्ने मगरहरूले बोल्दछन् । नेपालमा आदिवासी जनजातिमा धेरै जनसङ्ख्या भएको र नेपालको जातिगत बनोटमा तेस्रो धेरै जनसङ्ख्या भएको मगर समुदायले बोल्ने भाषा नै मगर भाषा हो" (सिङ्जाली, २०६८ : १) ।

मगर भाषा भोट चिनीया वा भोट बर्मेली भाषा परिवार अन्तर्गत पर्दछ । मङ्गोलिनहरू चीनको याङ्त्से र हवाङ्गो नदीको निकटवर्ती क्षेत्र हुँदै एउटा हाँगो चीनमा बसे भने अर्को हाँगो ब्रह्मपुत्र नदीको किनारै किनारा भएर नेपालको पहाडतिर आए । जसलाई भोट बर्मेली शाखा  भनिन्छ । कालान्तरमा त्यही भोट बर्मेली शाखाबाट तिनवटा हाँगा भई पहिलो वर्मातिर, दोस्रो आसामकै आसपास पहाडी क्षेत्र र तेस्रो भोट हिमाली क्षेत्रमा फैलियो । मगर भाषा पनि भोट बर्मेली शाखाको भोट हिमाली उपशाखा मध्ये एक भाषाका रूपमा रहेको छ । गुल्मीमा बोलिने मगर भाषालाई पूर्वी मगराँती र त्यसभन्दा पश्चिमी भेगमा बोलिने मगर भाषालाई मगराँती भाषा भनिन्छ (सिजापती, २०५७: १०६) । यसरी मगर भाषा एक जातिगत भाषा भएकोले यसको छुट्टै पहिचान रहेको पाइन्छ ।

**(क) मगर जातिको आगमन**

मगर जातिको आगमन विभिन्न ठाउँबाट उत्पत्ति भएको पाइन्छ । "नेपाल बहुजाति, बुहभाषी, बहुसांस्कृतिक र धार्मिक विविधता युक्त मुलुक भएकाले यहाँका विभिन्न जातजाति मध्ये मगर जातिपनि एक हो । मगर जातिको उत्पत्ति के ? कसरी, कहिले ? कहाँबाट भयो ? मगरहरू नेपालमा कहाँबाट कहिले आए भन्ने किटानी कसैले गर्न सकेको छैन । कही सीमित अनुमान र भनाइ (किम्बदन्ती) का आधारमा मगर जातिको उत्पत्ति उत्तरी हिमालको उत्तरी भेकस्थित 'सिन' भन्ने स्थानमा सर्वप्रथम देखापरेका र सिङ र चितु मगरको नेतृत्वमा उत्तरबाट दक्षिणतिर मगरहरू झरेका थिए । यी दुई मगरबाट कालान्तरमा बाह्र जात सिर्जना भएको यिनीहरूको मूलथलोलाई बाह्रमगराँत भनिन्छ । जुन पश्चिम नेपालमा पर्दछ" (श्रेष्ठ, २०५६ : १४६) । मगर जाति नेपालको विभिन्न क्षेत्रमा बसोवास रहेको पाइन्छ । यसको आफ्नै संस्कृति र पहिचान रहेको हुन्छ ।

### (ख) मगर जातिको नामाकरण

मगर जातिको नामाकरण सम्बन्धमा विभिन्न विद्वानहरूका आ-आफ्नै विचार भएको पाइन्छ । जसलाई निम्न अनुसार परिभाषित गर्न सकिन्छ ।

१. मगरहरू भारतको मगध्बाट नेपाल प्रवेश गरेका हुनाले यिनीहरूलाई मगर भनिएको हो भनेर भारतीय इतिहास खण्डमा उल्लेख गरिएको छ (श्रीस, २०३६ : ३) ।

२. नेपालको पश्चिमी पहाड गण्डकी प्रदेशलाई महर्लोक भनिन्थ्यो र सो क्षेत्रमा बसोवास गर्ने जातिलाई महर भनिएको र सोही महर शब्द अपभ्रंस भई मगर हुन गएको हो (श्रीस , २०३६: २६) ।

यसरी मगर जातिको नामाकरण यिनीहरूको आफ्नै विशेषता, ठाउँ र संस्कृतिको पहिचान हुने गरी भएको पाइन्छ ।

### (ग) शारीरिक बनोट, भेषभूषा र आहार

मगर एक जनजाति हो । यसको छुट्टै शारिरीक बनोट, भेषभूषा र आहारको पहिचान रहेको हुन्छ । गोरा केही कल्साउँदा, चेप्टा अनुहार, होचा मोटा र पातला जुङ्गा दारी, खैरो कपाल, चेप्टा गाला, थेप्चो नाक, स-साना आँखा भएको, पुरुषहरूको पोशाकमा- भोटो कछाड, दौरा, सुरूवाल, छड्के पटुका, लगौटी, टोपी, स्टकोट रहेका हुन्छन् भने महिलाहरूको परम्परागत पोशाकमा- घरबुना धोती, पहेँलो पटुकी, मखमलको चोली, घलेक, मजेत्रो, शिरपोस, लगाएको पाइन्छ भने परम्परागत पोशाक र गहना लगाउँछन् । त्यस्तै गरी खानामा मकै, जौ, फापर, आलु, सखरखण्ड र गुन्द्रुक हुन् । सलरोटी, मासु, जाँड, रक्सी खाने भएपनि छन्त्याल र पुनमगरले सुँगुर खादैनन् (श्रेष्ठ, २०५६: १४८) । यसै सन्दर्भमा मगर जातिको विभिन्न क्षेत्रमा विभिन्न प्रकारका खाना, संस्कृति र रहनसहन अनुसार छुट्टै पहिचान रहदै आएको छ ।

### (घ) पेशा र व्यावसाय

हरेक जातिको पेशा व्यवसाय भिन्दाभिन्दै किसिमका हुन्छन् । यसर्थ मगर जातिको पनि आफ्नै पेशा र व्यवसाय रहेको हुन्छ । मगरहरू घर निर्माण कला, खानीको काम आदि काममा सिपालु हुन्छन् । घर निर्माण अतिरिक्त सेना र प्रहरीमा मगरहरूको सङ्ख्या अन्य जातिको तुलनामा बढी नै भएको पाइन्छ । शिक्षित मगर युवाहरू निजामति सेवा र शिक्षण पेशामा समेत संलग्न भएको पाइन्छ भने केही मगर युवाहरू वैदेशिक रोजगार जाने गर्दछन्

भने अधिकांश मगरहरूको पेशा कृषि नै हो । मगरहरू कृषि कार्यमा ठाउँ अनुसार मकै, कोदो, धान, गहुँ र पशुपालन गर्ने गर्दछन् । मगरहरूको मुख्य पेशा कृषि हो । पशुपालनमा गाई भैँसी, खसी, बाखा, भेडा र कुखुरा पाल्दछन् ।

सैनिक सेवामा मगरहरूको विशेष संलग्नता भएको पाइन्छ । उनीहरूको आर्थिक समस्या समाधान गर्ने महत्वपूर्ण आधार हो । नेपाली सेना र प्रहरीमा पनि यिनीहरूको सक्रियता रहेको छ । त्यसै गरी नेपाल बाहिर हङकङ, भारत, ब्रुनाई, र ब्रिटिस सेनामा पनि मगरहरू अत्याधिक सङ्ख्यामा कार्यरत रहेको पाइन्छ । विदेशी सैनिक सेवाबाट पेन्सनमा फर्केपछि प्रायः शहरी क्षेत्रतिर बसोवास गरेको पाइन्छ र उनीहरूको आर्थिक अवस्था पनि सबल भएको पाइन्छ । यसरी आर्थिक स्तर उच्च भएका मगरहरूले आफ्नो परम्परागत दृष्टिकोण र रीतिरिवाजमा पनि क्रमशः फेरिदै गएको पाइन्छ (श्रेष्ठ, २०५६ : १९) । यसरी मगर जातिको छुट्टै पेशा र पहिचान भएकोले पेशागत रूपमा यिनीहरूको अन्य जातिको भन्दा फरक पेशागत रूचि रहेको पाइन्छ ।

(ङ) धर्म

नेपाल एक बहुधार्मिक देश हो । यहाँ जातजाति अनुसार फरक फरक धर्म मान्दछन् । मगरहरू हिन्दू र बौद्ध दुवै धर्म मान्दछन् । हिमाली क्षेत्रमा बौद्ध धर्म तराई क्षेत्रमा भने हिन्दु धर्म नै मान्ने गर्दछन् । नेपालका मगरहरूको आफ्नै जातियदेखि देवताको पूजा गर्ने प्रचलन पनि पाइन्छ । भोग खाने देवतालाई बाजे र देवीलाई बज्यै भनिन्छ । भोग खाने देवताको पूजा विशेष गरी मंसिर महिनामा गरिन्छ । घर परिवार र बालीनालीका निम्ति देवताहरूको नियमित रूपले  पूजा गरिन्छ । प्रत्येक मगरको घरमा देवी देवताहरू हुन्छन्, जो अलग शुद्ध स्थानमा राख्ने गरिन्छ । मगरहरूको कुल देवताहरूमा कुलायन, बराह, भैरव, मष्ट, सिद्ध पराजु हुन् । कुल देवताको पूजा गर्दा धुप, दीप, घरैमा गरिन्छ भने बली चढाउने कार्य अन्यत्र गरिन्छ । पूर्खाको सिद्ध पुरुषलाई पूज्दा घिउँको धुप तथा कुखुरा सुँगुरको बली दिइन्छ । यसरी बली दिइएको मासु भने आफ्नो जातिभन्दा अन्य जातिलाई खुवाउनु हुँदैन भन्ने परम्पारगत धारणा रहेको पाइन्छ । हाल अधिकांश मगरहरूले यही नै धर्म हो भनी किटानी गर्न सकिदैन (श्रेष्ठ, २०५६: १४८) । यसरी बढी मात्रामा मगरहरू बौद्ध धर्मप्रति झुकाव भएको देखिन्छ तापनि अधिकांश मगरहरू हिन्दू धर्म अनुसार जन्म,विवाह, मृत्यु आदि संस्कार अनुसार गर्दछन् ।

(च) **साँस्कृतिक पक्ष (चाडपर्व)**

आजको परिवेश अनुसार नेपालमा मगर जातिले आफ्नो मौलिक संस्कृतिलाई केही रूपमा भएपनि बचाइ राखेको पाइन्छ । "केही मगरहरूले आफ्नोपनलाई नछाडेको भएपनि यिनीहरू छिमेकी समाज र बहुसङ्ख्यक अन्य जातिबाट परेको प्रभावबाट पनि मुक्त हुन सकेको छैनन् । हिन्दू समाजबाट प्रचलित चाडपर्वहरू मगर समाजमा पनि लोकप्रिय छन् । मगरहरू तिहार विशेष धुमधामले मनाउँछन् । साउने सङ्क्रान्ति पनि बढी मात्रामा मान्ने गरिन्छ । वर्ष भरी हुने बाढी, पहिरो, अतिवृष्टि, बालीनाली र रोग व्याधिको दिन्छ भन्ने विश्वास रहेको पाइन्छ । दशैमा जमरा, टिका, घटस्थापना गर्नै प्रचलन पनि रहेको पाइन्छ । यसका साथै विशेष गरी भाइ टीका बढी मात्रामा बनाउने प्रचलन रहेको छ । माघेसङ्क्रान्ति, साउनेसङ्क्रान्ति र वैशाख पूर्णिमा विशेष गरी धुमधामले मनाउने गरेको पाइन्छ (श्रेष्ठ, २०५६ : १४८) । मगरहरू खास गरी माघेसङ्क्रान्ति पर्वलाई महत्वपूर्ण चाडको रूपमा पनि मनाउने गरिन्छ भने आफ्नो परम्परा र संस्कृतिलाई जोगाई राख्नको लागि माघिमेला वा अन्य पर्वहरू पनि मनाउने गरिन्छ । यसका साथै विभिन्न सांस्कृतिक पक्षहरूबाट पनि मगर जातिले आफ्नो संस्कृतितर्फ जोगाई राख्नुपर्ने आवश्यक रहेको पाइन्छ ।

(छ) **विवाह प्रथा**

मगरहरूमा विवाह गर्दा सकेसम्म आफ्नै जातिभित्र मामाचेली र फुपुचेलीबीच विवाह गर्ने प्रचलन रहेको पाइन्छ । पहिले मगरहरूले बाहुन पुरोहित राखेर विवाह गराउने प्रचलन भएकाले आर्यहरूको र मगरहरूको विवाह पद्धति एकै प्रकारको थियो तर हाल मगरहरूको सङ्ख्या लाङ्घाली संघले मगरहरूले बाहुन पुरोहित राख्न नदिने नीति भएका कारण आफ्नै पुरोहित भुषालद्वारा नै विवाह आदि कार्य सम्पन्न गरिन्छ ।

मगर समाजमा मागी विवाह, प्रेम विवाह र गन्धर्व विवाह गरेको पाइन्छ । मागी विवाहमा विहेको कुरो मिलेपछि विवाह गर्ने प्रचलन हुन्छ र यसमा विहेमा केटी पक्षहरूलाई सोधनी अनुसार मासु, जाँड, रक्सी, रोटी जन्ती जानुभन्दा पहिलो दिनमा पठाइन्छ । दुलाहलाई ज्वाँई चेला र दुलहीलाई अविवाहित नन्दले छाता ओढाउने गरिन्छ । जन्ती माइती पक्षमा गर्दा हात हातमा चिराग बाली जन्तीको स्वागत गर्दै दुलाहा दुलहीलाई केराको पातमाथि उभ्याई माइतीहरूको मर्यादाक्रम अनुसार टिका लगाई दिन्छन् । टिका लगाएर ढोगभेट गर्दा केटा पक्षकाले केटी पक्षका आमा, फुपूलाई कपडा, रक्सी र मावलीलाई रक्सी, रोटी राखी टिका

फुकाउने कार्य गरिन्छ । दुलहीलाई भित्र्याउँदा मूल ढोकामा कन्याहरूलाई लिपपोत गरी केराको पात ओछ्याई केराको पातमा एक एक मुठी चामल र पैसा राखी केटालाई दाँया र केटीलाई बाँयातिर केराको पातमाथि उभिन लगाइन्छ र घरको सदस्यहरूमध्ये जेष्ठताका आधारमा टिका लगाइन्छ । टीका टालो सकिएपछि दुलाहाको आमाले तीन वा पाँच पटक पानी चुल्याउँदै केटीको हातमा समाउँदै घरभित्र लगिन्छ । यसरी केही भित्र्याउँदा दैलोमा कुखुराको भाले काटी प्रायः साँझमा भित्र्याउने गरिन्छ । विवाहको दिन केटा पक्षका घरमा रत्यौली नाचिन्छ । विवाहमा माइतीको आफ्नो गच्छे अनुसार दाइजो दिने गरिन्छ । मगरहरूको शुभकार्य गर्दा प्रायः बुधबार र शुक्रबार गर्ने गर्दछन् (श्रेष्ठ, २०५६: १४८) । यसरी मगरभाषीको आफ्नै परम्परा र संस्कृति रहेको हुन्छ ।

**(ज) वर्तमान स्थिति**

मगर जातिको वर्तमान स्थितिलाई हेर्दा उनीहरू विभिन्न क्षेत्रमा छरिएर बसेको पाइन्छ । जुन ठाउँमा बसोवास गरेको भएतापनि उनीहरूको पहिचान र संस्कार भने आफ्नै प्रकारको रहेको छ । मगर जातिले बोल्ने भाषालाई मगर भाषा भनिन्छ । मगर भाषा मुलतः बाह्र मगराँती भाषा र अठार मगराती भाषा गरी दुई भाषामा विभाजन गरिएको छ । बाह्र मगराँती भाषा अन्तर्गत पाल्पा, तनहुँ, स्याङ्जा, नवलपरास वा गण्डक क्षेत्र र नेपालको धेरै जसो ठाउँमा बोलिने भाषालाई बाह्र मगराँती भाषा भनिन्छ । सुर्खेत जिल्लामा प्रायः बाह्रमगराती भाषाको प्रयोग गरेको पाइन्छ । अठार मगराँती भाषालाई तीन भेदमा विभाजन गरिएको पाइन्छ । खाम, छन्त्याल, र काइके खाम भाषा रूकुम, रोल्पा, प्यूठानमा बोलिन्छ भने छन्त्याल भाषा वाग्लुङ र म्यादीका मगरहरूले बोल्ने गर्दछन् भने काइके भाषा डोल्पा जिल्लामा बोलिन्छ (श्रेष्ठ, २०५६: १४९) । मगर भाषालाई राष्ट्रभाषाको रूपमा पनि चिनिन्छ । मगर भाषामा हाल पुस्तक, पत्रपत्रिका, शबदकोशको पनि शोधखोज गर्ने कार्य देवनागरी लिपिमा नै गर्ने गरिएको छ । मगर भाषामा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र पोखराबाट र सुर्खेतबाट समाचार र साप्ताहिक कार्यक्रम प्रसारण भइरहेका छन् । यसैगरी निजी स्तरमा खोलिएका एफ.एम. रेडियोले पनि मगर भाषामा कार्यक्रम प्रसारण गरिरहेका छन् ।

राष्ट्रिय जनगणना २०६८ को जातिगत तथ्याङ्क अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९४,५०४ मध्ये मगर जातिको जनसङ्ख्या १८,८७,७३३ (७.१%) रहेको पाइन्छ । सुर्खेत जिल्लाको जातिगत जनसङ्ख्याको आधारमा हेर्दा कुल जनसङ्ख्या ३,५०,८०४ मध्ये मगरहरूको जनसङ्ख्या ६६,२१९ (१८.८७%) रहेको पाइन्छ । मातृभाषा बोल्नेको जातिगत

जनसङ्ख्याको विवरण अनुसार ३,५०,८०४ जनसङ्ख्या मध्ये २४,४५६ (६.९७%) मातृ भाषा बोल्नेको सङ्ख्या रहेको पाइन्छ । सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालका भित्रको नेवारे र चनौटे वडा नं. १२ को कुल जनसङ्ख्या १२,३२४ मध्ये मगरहरूको जनसङ्ख्या २२३ मात्र रहेको पाइन्छ (जिल्ला तथ्याङ्क कार्यालय, २०७३) । नेपालको विभिन्न जातिमध्ये आफ्नै किसिमको मौलिक संस्कृति भएको जाति मध्ये मगर पनि एक हो । यी जाति नेपालका विभिन्न जिल्लामा फैलिएका रहेका छन् । नेपाल बाहेक अन्य देशमा यस जातिको बसवोवास रहेको पाइन्छ । यस जातिको आफ्नै किसिमको पहिचान गरहेको पाइन्छ ।

भाषागत रुपमा २०४८ सालको जनगणना अनुसार मगर भाषा बोल्नेको सङ्ख्या ५२९९ (२.३५ प्रतिशत) रहेको छ भने २०५८ सालको जनगणना अनुसार मगर भाषा बोल्नेको सङ्ख्या ६५८८ तथा २.३६ प्रतिशत रहेको र २०६८ सालको जनगणना अनुसार २४४५६ जनसंख्या वा ६.९७ प्रतिशत रहेको छ ।

### २.३.९ पदसङ्गतिको परिचय

सङ्गति भन्नाले कुनै वाक्य वा वाक्यात्मक संरचनामा एउटा पदको रूपमा परिवर्तन गर्ने वित्तिकै अर्को पदको बीचमा समानुपातिक परिवर्तन गर्नुपर्ने अवस्थालाई पदसङ्गति भनिन्छ । वाक्यमा प्रयोग भएका शब्दहरूका बीचको रूपात्मक मेल वा अनुकूललाई सङ्गति मानिन्छ । यस्तो सङ्गतिमा विशेष गरी कर्ता क्रियापद तथा विशेषण (नाम/सर्वनाम) र विशेषणका बीचको मेललाई लिइन्छ । वाक्यमा लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भावका दृष्टिले कायम हुने सङ्गति नेपालीमा विशेष महत्त्वपूर्ण हुन्छ ।


“पदसङ्गति भनेको वाक्यमा प्रयोग हुने नामिक (नाम, सर्वनाम, विशेषण, पद र क्रियापदको बीचको लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भावका आधारमा हुने आपसी मेल हो । वाक्यमा आउने विभिन्न नामिक पदहरू र क्रियापदहरूका बीच यस्तो आपसी सङ्गति हुनु जरूरी हुन्छ” (अवस्थी र शर्मा, २०६६ : १२६) । यसरी पदसङ्गति भनेको वाक्यमा प्रयोग हुने व्याकरणिक पदहरूको आपसी मेल हो ।

वाक्यीय संरचनाभित्र आउने पदहरूका बीचमा व्याकरणिक अभिलक्षणका आधारमा हुने मेललाई पदसङ्गति भनिन्छ । एउटा प्रमुख भाषिक एकाइमा जे जस्तो रूपगत व्याकरणिक अभिलक्षणहरू हुन्छन् । अर्को एकाइमा पनि सोही अनुसार हुनु पदसङ्गति हो । वाक्यभित्र आएका पदहरू मध्ये एउटा पदको लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भाव अर्को

पदको लिङ्ग वचन, पुरुष र आदरलाई नियन्त्रण गर्दछ । यस प्रकारको नियन्त्रण र सम्बन्धलाई सङ्गति भनिन्छ । वाक्यमा आउँदा नामको अन्य पक्षसँग लिङ्ग, वचन र आदरको सङ्गति रहन्छ भने सर्वनामको वचन, पुरुष, आदर, काल पक्ष र भावको सङ्गति रहन्छ । यसैगरी क्रियापदको लिङ्ग, वचन, पुरूष, आदर, काल पक्ष र भावको सङ्गति रहन्छ सङ्गति हुँदा वाक्यात्मक संरचनामा आएका दुई भन्दा बढी एकाइहरूले समान व्याकरणात्मक अभिलक्षण देखाउँछन् (गौतम, २०६९ : १९०) । यस अध्यायमा नेपाली भाषा र मगर भाषाको पदसङ्गति मध्ये लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भाव बारेमा मात्र अध्ययन विश्लेषण गरिएको छ ।

(अ) **लिङ्ग**

सामान्यतयाः लिङ्ग भन्नाले भाले र पोथि छुट्याउने व्याकणिक अभिलक्षण भन्ने बुझिन्छ । लिङ्ग प्रायः नामको लिङ्गलाई शाब्दिक स्तरमा हेर्दा मानव अमानव, पुरुष, स्त्री, सजिव-निजीव, मूर्त-अमूर्त, कोमल कठोर आदिका आधारमा छुट्याउन सकिन्छ । स्तरीय नेपाली भाषामा दुई वटा लिङ्ग, संस्कृत, जर्मन, पोलिस, अरबेली र रूसीमा तीन लिङ्गको व्यवस्था आफ्नै धारणाहरू रहेको पाइन्छ । जुन निम्नानुसर चर्चा गर्न सकिन्छ । जनेन्द्रीयजनित व्याकणिक कोटिलाई लिङ्ग भनिन्छ । संस्कृतमा पुलिङ्ग, वर्णनात्मक व्याकरणमा देहाय अनुसारको लिङ्ग, व्यवस्था पाइन्छ ।




नेपाली भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग मानव नाममा मात्र देखिन्छ । मानवेत्तर नाममा लिङ्ग जनाउने किसिमको व्याकरणात्मक अर्थ हुने स्थिति देखिदैन (ढकाल, २०६५ : १८१) । वाक्यात्मक संरचनामा आएपनि लिङ्गले नामका साथै विशेषण र क्रियासँग सम्बन्ध राखेको हुन्छ ।

लिङ्गले सर्वप्रथम भालेपोथीलाई बुझाएता पनि लिङ्गलाई पहिचान गर्न शब्दगत अर्थ

अनुसार पत्ता लगाउन सकिन्छ । लिङ्ग शब्दको शाब्दिक अर्थ कुनै कुराको पहिचान हुने चिन्ह, निसान, लक्षण वा स्त्री र पुरुष छुट्याउने प्राणी शरीरको चिह्न भन्ने हुन्छ । अङ्ग्रेजीमा यसलाई जेण्डर भनिन्छ । यो लेटिन 'जेनुस' शब्दबाट व्युत्पत्ति भएको हो । यसको अर्थ प्रकार या श्रेणी भन्ने हुन्छ । परम्परागत रूपमा व्याकरणकारहरूले भने पुरुष, स्त्री या निर्जीव वस्तु छुट्याउने शब्दका रूपमा लिङ्गलाई प्रयोग गर्दै आएका छन् । जस अनुसार जुन शब्दले पुरुष जातिको सङ्केत गर्दछन् । ती पुलिङ्ग जुन शब्दले स्त्री जातिलाई सङ्केत गर्दछन् । ती स्त्रीलिङ्ग र जुन शब्दले निर्जीव वस्तुको सङ्केत गर्दछ ती नपुंसक लिङ्ग हुन् (भट्टराई, २०६० : ४) । लिङ्ग मूलतः नामसँग सम्बन्धित व्याकरणात्मक कोटि हो । यसले नेपालको खास प्रकृतिलाई जनाउँछ ।

व्याकरणमा लिङ्ग भन्नाले भाले पोथीलाई जनाउँछ । पुरुष वा स्त्री जाति जनाउने चिन्ह नै लिङ्ग हो । यो एउटा व्याकरणात्मक कोटि हो । भाषामा स्त्री वा पुरुष जनाउने चिह्न शब्दमा देखिन्छ, त्यही नै लिङ्ग हो । समग्रमा भन्नुपर्दा शब्दमा अन्तर्निहित त्यो शक्ति लिङ्ग हो । जसले स्त्री वा पुरुष जाति जनाउँछ । यहाँ पुरुष वा स्त्री जातिकै आधारमा दुवै जातिको बोध हुँदा उपलिङ्ग र दुवैभन्दा भिन्न बोध हुँदा नपुसकलिङ्ग हुन्छ भन्ने बुझ्नुपर्दछ । नेपाली भाषामा लिङ्गको अभिव्यक्ति नाम, विशेषण र क्रियापदमा हुन्छ । सर्वनाममा र अव्यायमा स्वभावतः लिङ्गको अभिव्यक्ति हुँदैन । जस्तैः

माटो केटो आएको छ ।

मोटी केटी आएकी छे ।

माथिका वाक्यमा मोटो, केटो र आएको छ क्रमशः विशेषण नाम र क्रियापद हुन र पुलिङ्गमा छन् । यस्तै मोटी, केटी र आएकी छे स्त्री लिङ्गमा छन् (पौडेल र अन्य, २०६८: १०४) ।

लिङ्ग भेद भन्नाले पुरुष (भाले) र स्त्री (पोथी) छुट्याउने शब्दलाई व्याकरणमा लिङ्गभेद भनिन्छ । मगर ढुटमा लिङ्ग भेद चार किसिमका हुन्छन् ।

(क) पुलिङ्ग : पुलिङ्गले पुरुष वा भाले प्राणी बुझाउँछ । जस्तैः

ग्वाभाले/ग्वाभाल्या - कुखुराको भाले

बार्‌डा /ठोर - गोरू

(ख) स्त्रीलिङ्ग : स्त्रीलिङ्गले स्त्री वा पोथी प्राणी बुझाउँछ । जस्तैः

ग्वामान - कुखुरी

हेट - गाई

(ग) उभपलिङ्ग : उभपलिङ्ग पुरुष वा स्त्री प्राणी दुवै बुझाउँछ । जस्तैः

लाफा - साथी

टुहुरा - टुहुरो

बोइमोई - मातापिता

(घ) नपुंसक लिङ्ग : नपुसक लिङ्गले निर्जिव वस्तुलाई बुझाउँछ ।

यसका साथै यस लिङ्गले प्राणीको समूह भएपनि र प्रौढ साना प्राणीहरूलाई पनि बुझाउँछ । जस्तैः

ईम - घर

कलास - कक्षा/वर्ग

भीड - भीड

डु - कीरा

म्हार - कमिला (सिङ्जाली, २०६८ : १५०)

लिङ्ग अनुसार स्त्री लिङ्ग र पुलिङ्गको परिवर्तन गर्ने तरिका नै लिङ्ग हो । "व्याकरणात्मक कोटि लिङ्गले जातिलाई बुझाउँछ" (शर्मा, २०५९ : १५४) । माथि उल्लेखित विभिन्न व्याकरणविद्हरूका मतलाई केलाउँदा लिङ्गलाई विभिन्न आधारमा छुट्याउन सकिन्छ । ती मध्ये लिङ्गको आधारमा पनि एक हो । यसरी लिङ्गलाई नामको आधारमा विभाजन गर्दा भाले गुण भएका (भाइ, बा, गोरू, हात्ती, मामा) लाई पुलिङ्ग र पोथी गुण भएका (भाउजु, आमा, गाई, माइजु) लाई स्त्रीलिङ्ग भनिन्छ । भाले पोथी दुवै गुण नभएकालाई नपुंसक लिङ्ग (गाडी, पहाड, मोटर, घर आदि) भनिन्छ । तर व्याकरणमा यी लिङ्गको प्रयोग भिन्दै रूपले भएको पाइन्छ । स्तरीय नेपाली र मगर दुवै भाषामा दुई लिङ्ग भएको र दुवै भाषमा नपुंसक लिङ्गको पदसङ्गति पुलिङ्ग सरह नै प्रयोग हुन्छ । नेपाली भाषामा लिङ्ग व्यवस्था मुलतः संस्कृत, हिन्दी, अङ्ग्रेजी र निकटवर्ती भाषा परिवारबाट प्रमाणित भएको पाइन्छ भने मगर भाषामा लिङ्गको व्यवस्था भोट बर्मेली भाषा परिवारबाट र आंशिक रूपमा नेपाली भाषाले पनि प्रभाव पारेको छ ।

नेपाली भाषामा पुलिङ्ग भन्नाले भाले जातिलाई बोध गराउँछ भने स्त्रीलिङ्ग भन्नाले पोथी जातिलाई बोध गराउँछ । यी माथिका दुई आधारमा लिङ्गको विभाजन गर्नु नै भाषा वैज्ञानिक दृष्टिकोणले उपयुक्त मानिन्छ ।

**(इ) वचन**

वचन भन्नाले एक वा एकभन्दा बढी बुझाउने शब्दलाई जनाउँछ । एक वा धेरै बुझाउने शब्दको शक्ति नै वचन हो । एकवचन र बहुवचन गरी दुई प्रकारका हुन्छन् । वचनको अभिव्यक्ति नाम, सर्वनाम, विशेषण र क्रियामा हुन्छन् (पौडेल र अन्य, २०६८ : ११२) । नेपाली वचन दुई किसिमका हुन्छन् :

(क) एक वचन

(ख) बहुवचन

सामान्य एउटालाई बुझाउँदा एक वचन र एकभन्दा बढीलाई बुझाउँदा बहुवचनको प्रयोग हुन्छ । वचनले सङ्ख्यालाई जनाउँछ । नेपाली भाषामा दुई किसिमको वचन व्यवस्था भएको पाइन्छ । एउटालाई जनाउने एक वचन र दुई वा सोभन्दा बढीलाई जनाउने वहुवचन हुन्छ । संस्कृत भाषामा एक वचन, द्विवचन र वहुवचन हुन्छन् भने आठपहरिया राइमा पनि तीन वचन देखिन्छ तर हिन्दी, अङ्ग्रेजी र नेपालीमा दुईवटा मात्र वचन देखिन्छन् । नेपाली भाषामा वचनबोधक प्रत्येय नाम, सर्वनाम, विशेषण र क्रियामा प्रयुक्त भएको देखिन्छ (ढकाल, २०६५: १८१) । वचनले दुई वा दुईभन्दा बढी शब्दको सङ्ख्यालाई बुझाउँछ ।

**(ई) पुरुष**

व्याकरणिक कोटिका आधारमा भएको कथनका सन्दर्भमा संलग्न भएका सहभागीहरूको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटि पुरुष हो । यो विशेषतः सर्वनामसँग सम्बन्धित हुन्छ । “वक्ता, श्रोता र सन्दर्भलाई जनाउने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ” (ढकाल, २०६५: १८२) । पुरुष क्रियात्मक सम्बद्ध व्याकरणात्मक कोटि हो । यो सर्वनामसँग पनि सम्बन्धित छ । पुरुषको वर्गीकरणको आधारमा प्रयोक्ता (वक्ता, श्रोता, अन्य व्यक्ति) वा विषय वस्तु हुन् । यो कुराकानीको सन्दर्भमा कुनै खास परिस्थिति अन्तर्गत संलग्न सहभागी वा असहभागी व्यक्ति वा वस्तुलाई निर्देश गर्ने व्याकरणिक कोटि हो । यसमा व्यक्ति वा वस्तु र क्रियापदका बीचमा सङ्गति हुन्छ । सहभागी अन्तर्गत वक्ता श्रोता र अन्य व्यक्ति वा वस्तुको क्रियासँगको सम्बन्धलाई निर्देश गर्दछ । यहाँ वक्ताको सम्बन्ध बोल्ने व्यक्तिसँग हुन्छ र यो ‘म’ तथा ‘हामी’ सर्वनामद्वारा निर्देशित क्रियापदबाट व्यक्त हुन्छ । यसलाई व्याकरणशास्त्रमा उत्तम या प्रथम पुरुष भन्ने गरिन्छ । अन्य व्यक्ति वा वस्तुको सम्बन्ध कुराकानीमा असहभागी व्यक्ति, वस्तु वा अन्य विषयसँग रहेको हुन्छ र यो, ऊ, उनी, त्यो, ती, यी, यिनी र व्यक्ति वा वस्तुद्वारा निर्देशित क्रियापदबाट व्यक्त हुन्छ । यसलाई अन्य वा

तृतीय पुरुष भनिन्छ ।

अत: कथनका आधारमा कर्ता क्रियाका बीचमा सम्बन्ध  स्थापना गरी व्यक्ति वा कर्ताले भेद देखाउने पदहरू नै पुरुष हुन् । मगर ढुटमा पुरुष तीन हुन्छन् । पुरुषका आधारमा वाक्यमा क्रियापदको समेत रूप चल्ने गर्दछ ।

व्यक्तिलाई बुझाउने व्याकरणिक कोटि नै पुरुष हो । अर्को शब्दमा सर्वनाम र क्रियापदका निहित त्यस शक्तिलाई पुरुष भनिन्छ (सिङ्जाली, २०६८ : १५७) । जसले वक्ता, श्रोता वा विषयको बोध गराउँछ । यसबाट के बुझिन्छ भने पुरुषको अभिव्यक्ति सर्वनाम र क्रियापदमा हुन्छ (पौडेल, २०६८ : ११७) ।

माथि उल्लेखित व्याकरण विद्हरूका भनाइबाट के प्रष्ट हुन्छ भने पुरुष भनेको सर्वनाम र क्रियासँग सम्बन्धित व्याकरणिक कोटि हो । यसले पुरुषलाई बुझाउँछ । नेपाली भाषा र मगर भाषा दुवै भाषामा पुरुष तीन प्रकारका छन् । ती निम्न प्रकारका छन् :

(क) प्रथम पुरुष
(ख) द्वितीय पुरुष
(ग) तृतीय पुरुष

**(क) प्रथम पुरुष**

कुनै कुरा भन्ने, बोल्ने, लेख्ने वक्ता वा लेखक आफैलाई बुझाउँदाको पदलाई प्रथम पुरुष भनिन्छ । प्राय: प्रथम पुरुष सर्वनामबाट व्यक्त हुन्छ ।

**(ख) द्वितीय पुरुष**

बोलेको कुरा सुन्ने वा लेखेको कुरा पढ्ने (दोस्रो पक्ष) व्यक्तिलाई द्वितीय पुरुष भनिन्छ । यसमा व्यक्तिको सहभागिता हुन्छ । द्वितीय पुरुषमा वक्ताको विषयवस्तु श्रोता हुन्छ । त्यसैले यसलाई "श्रोताको सन्दर्भ जनाउने शब्दलाई द्वितीय पुरुष भनिन्छ ।" एक वचनमा 'तँ' द्वारा सन्दर्भित हुने लिङ्ग र वचन अनुसार क्रियापद, विशेषण र भेदकहरूमा समेत सङ्गति रहन्छ (अधिकारी, २०५५ : २८) ।

**(ग) तृतीय पुरुष**

कुराकानीकै सन्दर्भमा अन्य व्यक्ति, प्राणी वा वस्तुलाई निर्देश गर्ने पदलाई तृतीय पुरुष भनिन्छ । नेपाली व्याकरण परम्पारमा यसलाई अन्य पुरुष पनि भनिन्छ । यसमा अन्य व्यक्ति

वा वस्तु र क्रियाकाबीच सङ्गति हुन्छ । यसमा क्रियाले अन्य व्यक्ति वा वस्तु बारेमा कथन गर्दछ । यो कर्तामा ऊ, उनीहरू आदि सर्वनामका माध्यमबाट क्रियाद्वारा अभिव्यक्त हुन्छ । यसले अन्य व्यक्ति वस्तु र अमानवीय प्राणीलाई समेत निर्देश गर्दछ (भट्टराई, २०६० : २३) । नेपाली भाषामा प्रथम पुरुष, द्वितीय पुरुष र तृतिय पुरुष गरी ३ प्रकार रहेका छन् । प्रथम पुरुषमा म, हामी सर्वनाम पर्दछन् । द्वितीय पुरुषमा तँ, तिमी, तपाई र हजुर आदि सर्वनाम पर्दछन् भने तृतीय पुरुषमा यो, यिनी, उ, उनी, उहाँ आदि पर्दछन् ।

(उ) **आदर**

समान्यतयाः आदरले व्यक्तिको मान, प्रतिष्ठा आदिलाई जनाउँछ । भाषामा आदर व्यक्तिको मान, प्रतिष्ठा वा आदर भाव जनाउने व्याकरण कोटि हो । "नाम, सर्वनाम र क्रियापदको सङ्केत गर्ने व्यक्तिको सामाजिक इज्जत र प्रतिष्ठा व्यक्त गर्ने शब्द तथा पदको सङ्गतिलाई आदर भनिन्छ । सम्मान जनाउने क्रियापदको कोटिलाई आदर भनिन्छ । कतिपय नाम आदरवाची नै हुन्छन् र कतिपय नामलाई चाही आदर सूचक प्रत्यक्ष गाँसेर आदरवाची बनाइन्छ" (ढकाल, २०६५: १८९) । यसर्थ आदरले मर्यादालाई जनाउँछ । आदरको प्रयोगमा वक्ता, श्रोता र अन्य सन्दर्भ महत्त्वपूर्ण त्रिकोण हुन् । वक्ता को हो, ऊ कसलाई श्रोता बनाइ कुरा गर्दछन् त्यसलाई सामाजिक दृष्टिले कस्तो तहको ठान्दछ । वक्ता र श्रोताको बीचमा के कस्तो सम्बन्ध आदि कुराबाट आदरार्थी प्रभावित पर्न सक्ने हुँदा आदरार्थीको पक्ष महत्त्वपूर्ण रहेको हुन्छ ।

सामान्यतया आदरले व्यक्तिको तह वा स्तर अनुसार गरिने मान, सम्मान, प्रतिष्ठा आदिलाई जनाउँछ । यसले शिष्टता वा सम्मानका तहहरू जनाउँछ । यता भाषामा आदर व्यक्तिको मान, सम्मान, प्रतिष्ठा वा आदर भाव जनाउने व्यकरणिक कोटि हो । "आदर मानवीय प्रसङ्गको बहुवचन वा संयुक्त क्रियाद्वारा व्यक्त हुने व्याकरणात्मक कोटि हो" (अधिकारी, २०७१: १०२) । यो बहुवचन वा संयुक्त क्रियापदद्वारा मात्र नभई नाम, सर्वनाम, विशेषण र क्रियाका विभिन्न रूपबाट समेत व्यक्त भएको पाइन्छ । वाक्यमा कतिपय नामहरू स्वतः आदरार्थी हुन्छन् । जस्तैः दाजु, आमा, गुरू, काका, मामा आदि मध्यम, उच्च र उच्चतर तथा भाइ, बहिनी, छोरो, नाति आदर रहित नाम हुन् । यस्ता शब्दमा आदर र आदर जनाउने स्तरको निरूपण क्रियापदले गर्दछ । आदरार्थीको तहलाई विभिन्न भाषामा अनेक किसिमले वर्गीकरण गरिएको छ (अधिकारी, २०७१ : १०२) ।

(क) आदर रहित

(ख) मध्य आदर

(ग) उच्च आदर

(घ) उच्चतर आदर

(ङ) उच्चतम आदर

आदरका तहलाई डा. हेमङ्गराज अधिकारीले यसरी प्रस्तुत गरेका छन् :

| आदर | तह | स्रोत सन्दर्भ | | अन्य सन्दर्भ | |
|---|---|---|---|---|---|
| | | एकवचन | बहुवचन | एकवचन | बहुवचन |
| आदर रहित | ० | त | तिमीहरू | त्यो, यो, ऊ | तिनीहरू, यिनीहरू |
| मध्यम आदर | १ | तिमी | तिमीहरू | यी, ती, यिनी, उनी, तिनी | ती, यी, तिनीहरू, यिनीहरू, उनीहरू |
| उच्च आदर | २ | तपाई | तपाईहरू | उहाँ | उहाँहरू |
| विशेष आदर | ३ | यहाँ, आफू | यहाँहरू, आफूहरू | उहाँ, आफू, | उहाँहरू, आफूहरू |
| उच्चत्तर आदर | ४ | हजुर | हजुरहरू | हजुर | हजुरहरू |
| उच्चतम आदर | ५ | मौसुफ | मौसुफहरू | मौसुफ | मौसुफहरू |

'आफू' आदरवाची सर्वनाम हो । यो जुनसुकै लिङ्ग वचन र पुरुषमा व्यक्त हुन सक्छ (ढकाल, २०६५: १८९) ।

आदरार्थीलाई यसमा निहित आदरको मात्राअनुसार पाँच तहमा देखाउन सकिन्छ ।

आदररहित - **Ø**

मध्यम आदर -१

उच्च आदर -२

विशेष आदर -३

उच्चत्तर आदर -४

उच्चतम आदर -५


| आदर | तह | स्रोत सन्दर्भ | | अन्य सन्दर्भ | |
|---|---|---|---|---|---|
| | | एकवचन | बहुवचन | एकवचन | बहुवचन |
| आदर रहित | ० | त | तिमीहरू | त्यो, यो, ऊ | तिनीहरू, यिनीहरू |
| मध्यम आदर | १ | तिमी | तिमीहरू | यी, ती, यिनी, उनी, तिनी | ती, यी, तिनीहरू, यिनीहरू, उनीहरू |
| उच्च आदर | २ | तपाई | तपाईहरू | उहाँ | उहाँहरू |
| विशेष आदर | ३ | यहाँ,आफू | यहाँहरू, आफूहरू | उहाँ, आफू, | उहाँहरू, आफूहरू |
| उच्चत्तर आदर | ४ | हजुर | हजुरहरू | हजुर | हजुरहरू |
| उच्चतम आदर | ५ | मौसुफ | मौसुफहरू | मौसुफ | मौसुफहरू |

(अधिकारी, २०५५:९१)

नाम, सर्वनाम र क्रियाको सङ्केत गर्ने व्यक्तिको सामाजिक  इज्जत र प्रतिष्ठा व्यक्त गर्ने शब्द नै आदर हो ।

(ऊ) **काल र पक्ष**

क्रियाका कालको पक्ष भन्नाले त्यस कालको परिधिभित्र हुने वा गरिने क्रियाव्यापारको किसिमलाई बुभ्नुपर्छ । त्यसलाई समयको सुक्ष्म विभाजन पनि मानिन्छ । नेपालीमा पक्ष आउने क्रियापदका अलग्गै रूपहरू छैनन् । कृतन्तीय क्रियासँग कालिक क्रियापदको योग भई पक्ष जोडिन्छ । नेपाली भाषामा कालका पक्षहरू यस प्रकार छन् (सामान्य, अपूर्ण, पूर्ण, अभ्यस्त र सबै पक्ष सबैकालसँग सम्बन्धित हुँदैन । अतः यहँ कालसँग सम्बद्ध पक्षलाई यसरी देखाउन सकिन्छ ।






परम्परागत व्याकरण पक्षलाई एक स्वतन्त्र व्याकरणिक कोटिका रूपमा नहेरेर कालकै अभिन्न अङ्गका रूपमा अर्न्तभूत गरेको पाइन्छ । जसले गर्दा काल र पक्षका बारेमा अस्पष्ट र भ्रम सिर्जना गरेको छ । अहिले आधुनिक व्याकरणकार र भाषाशास्त्रहरूले काल र पक्षलाई छुट्टा छुट्टै कोटिका रूपमा लिएर अध्ययन र विश्लेषण गरेको पाइन्छ (भट्टराई, २०६०: ४७) ।

विभिन्न व्याकरणविद्हरूले कालका पक्ष सम्बन्धी परिभाषालाई हेर्दा सबै व्याकरण विद्हरूमा मतैक्यता रहेको छ । भूतकालका सामान्य, अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात गरी पाँच पक्ष छन् र वर्तमान तथा भविष्यत्का सामान्य, अपूर्ण, पूर्ण, पक्ष गरी तीन-तीन पक्षहरू रहेका छन् । नेपाली भाषामा झैं मगर भाषामा पनि तत्-तत् किसिमका पक्षहरू रहेका छन् । यहाँ स्तरीय नेपाली भाषाको सापेक्षतामा मगर भाषाका कालका पक्षहरूको तुलनात्मक विश्लेषण गरिएको छ ।


(ऊ) **भाव**

क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति बुझाउने व्याकरणिक कोटिलाई भाव भनिन्छ । नेपाली व्याकरणका दृष्टिले चिन्हित हुन सक्ने विभिन्न प्रकारका भावलाई यसरी विभाजन गरेका छन् । यसलाई भाषा विज्ञानको रूपरेखामा चारभेद गरेको पाइन्छ (ढकाल, २०६५: १८६) । जसमा सामान्य, विध्यर्थ, सम्भावना र सङ्केतको उल्लेख भएको छ ।




माथि उल्लेखित विद्वानहरूका भाव सम्बन्धी परिभाषालाई विश्लेषण गर्दा व्यक्ति, वक्ता वा लेखकको मनोभावना वा आशयलाई बुझाउँदा प्रयुक्त हुने क्रियाको रूपलाई भाव भनिन्छ । यसको सम्बन्ध पूरै वाक्य भरि हुने कुरा प्रष्ट हुन्छ । यसले क्रियाको कार्यव्यापारको निश्चितता, अनिश्चिता, विध्यर्थ, प्रज्ञार्थ आदिलाई बुझाउँछ । नेपाली भाषा सामान्यर्थ, विध्यर्थ र अश्चियार्थ र मगर भाषामा पनि सामान्यार्थ, विध्यर्थ र अनिश्चयार्थ गरी तीन किसिमका भाव गरेका छन् ।




**निष्कर्ष**

व्यतिरेकी शब्दको अर्थ भिन्नता हो । भाषिक भिन्नताको अध्ययन गर्ने काम व्यतिरेकी विश्लेषणमा गरिन्छ । दुई वा दुई भन्दा बढी भाषामा भएका समानता र भिन्नता सम्बन्धी विषय हो । एउटा भाषाको वक्ताले अर्को भाषा सिक्दा आइपर्ने समस्या पत्ता लगाउने काम व्यतिरेकीले गर्दछ । पहिलो भाषा सिकाइको क्रममा दोस्रो भाषा सिक्दा के कस्तो त्रुटिहरू गरेका हुन्छन् । त्यसको पहिचान गरी निराकरण गर्नु, समानता र भिन्नता पहिल्याई समस्या समाधान गर्नु पनि व्यतिरेकी विश्लेषणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

प्रक्रिया जति व्यवस्थित र वैज्ञानिक हुन्छ कार्य त्यति नै सरल ढङ्गले सम्पन्न हुन्छ । सामग्री सङ्कलन, सामग्री समापन, सामग्रीको बोध, सामग्रीको विश्लेषण र निष्कर्षको प्रक्रिया प्रयोग गरी समतलीय पद्धति र उर्ध्वतलीय पद्धतिबाट पनि व्यतिरेकी विश्लेषण प्रयोग गर्ने गरिन्छ । समानता र भिन्नताको तुलनात्मक अध्ययन गरी समाधानको उपाय खोजी गर्नु व्यतिरेकी विश्लेषणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । व्यतिरेकी विश्लेषणमा वर्णनात्मक तह, रूपिमिक तह, वाक्यात्मक तह, शब्दभण्डार तह, शैलीगत तहबाट पनि व्यतिरेकी विश्लेषणमा त्रुटि गरेका हुन्छन् । यस्ता त्रुटिहरू समानता भिन्नताको पहिचान गर्नु तथा भिन्नताको सिकाइमा कठिनाइको पूर्वानुमान गरी समस्या समाधान गर्नु पनि व्यतिरेकी विश्लेषणले महत्त्वपूर्ण भूमिका रहेका हुँदा त्यसैले भाषा सिकाइमा व्यतिरेकी विश्लेषणको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

व्यतिरेकी विश्लेषण दुई वा दुई भन्दा बढी भाषाहरूको खास खास पक्षमा केन्द्रित भई गरिने अध्ययन हो । यो अध्ययनमा भाषा १ र भाषा २ का खास तहमा रहेका समानता र भिन्नताको अध्ययन गरिन्छ । समानता भन्दा भिन्नतामा केन्द्रित भई सम्भाव्य त्रुटिहरू पहिल्याइन्छ । यसले शिक्षकलाई योजना निर्माण गर्न, सामग्री तयार पार्न, अभ्यास तथा पुनरावृति गराउन र उपयुक्त विधिको उपयोग गर्न सघाउँछ । यसो भएकाले व्यतिरेकी विश्लेषणको भाषा शिक्षणका क्षेत्रमा ठूलो उपयोगिता रहेको छ ।

# अध्याय : तीन
# अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा अनुसन्धान विधि अन्तर्गत अनुसन्धानको ढाँचा, जनसङ्ख्या तथा नमुना छनोट, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलनका सामग्री निर्माण र मानकीकरण, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको व्याख्या विश्लेषण र अनुसन्धान प्रतिवेदनको ढाँचा राखेर अध्ययन गरिएको छ, जुन निम्नानुसार प्रस्तुत गरिएको छ :

## ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत शोधपत्रमा सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नं. १२ अन्तर्गत पर्ने नेवारे र चनौटे क्षेत्रका मगरभाषी वक्ताहरूबाट सामग्री सङ्कलन गरी प्राप्त सामग्रीलाई मानक नेपाली भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी अध्ययनमा केन्द्रित छ । त्यसैले यस अध्ययनमा मगर भाषी वक्ताबाट तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएकाले अनुसन्धानको ढाँचा गुणात्मक रहेको छ ।

## ३.२ तथ्याङ्कको प्रकृति र स्रोत

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि सम्बन्धित क्षेत्रमा गई त्यहाँका स्थानीय मगरभाषी वक्ताहरूसँग प्रत्यक्ष भेटघाट अन्तरवार्ता तथा प्रश्नावली मार्फत भाषिक तथ्याङ्क सङ्कलन गरी शोधमा उपयोग गरिएकाले यस अध्ययनको प्रकृति गुणात्मक किसिमको रहेको छ । यस अध्ययन अनुसन्धानमा विशेष गरी निम्न दुई किसिमका स्रोतको उपयोग गरिएको छ :

(क) **प्राथमिक स्रोत**

यस शोधकार्यका लागि सुर्खेत जिल्लाको नेवारे र चनौटे क्षेत्रका मगरभाषी वक्तालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । त्यस क्षेत्रका व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट, अन्तरवार्ता तथा प्रश्नावलीका माध्यमबाट सामग्री सङ्कलन गरी २२३ जनासङ्ख्या मध्ये २० जनालाई नमुना जनसङ्ख्याका रूपमा लिई सामग्री सङ्कलन गरिएको छ ।

(ख) **द्वितीय स्रोत**

अध्ययनको द्वितीय स्रोतका रूपमा मगर भाषाका पुस्तक, भाषिक अध्ययन सम्बन्धी पूर्व शोधपत्र, पत्रपत्रिका, प्रकाशित लेख रचना, शब्दकोशलाई तथ्याङ्क सङ्कलनको द्वितीय स्रोत अन्तर्गत उपयोग गरिएको छ । यसका साथै भाषा विशेषज्ञ, अनुसन्धानदाता र गुरुवर्गको सल्लाह सुझावको समेत उपयोग गरिएको छ ।

## ३.३ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट

प्रस्तुत शोधकार्य सुर्खेत जिल्लाको नेवारे र चनौटे वडा नं. १२ को वडा कार्यालयको तथ्याङ्क अनुसार वडा नं. १२ को नेवारे र चनौटेमा जम्मा मगरभाषी जनसङ्ख्या २२३ रहेका छन् । ती जनसङ्ख्यालाई जम्मा भाषिक जनसङ्ख्या मानिएको छ । यस अध्ययनका लागि सम्पूर्ण जनसख्या मध्ये २० जना स्थानीय मगरभाषी वक्तालाई सम्भावनारहित नमुना छनोट विधि अन्तर्गतको उद्देश्यपूर्ण नमुना छनोट विधि अन्तर्गत सुविधाजनक विधिद्वारा छनोट गरिएको छ । उक्त जनसङ्ख्याको उमेर, लिङ्ग, पेशा, शिक्षित र अशिक्षित व्यक्तिको प्रतिनिधित्व गरिएको छ ।

## ३.४ सामग्री निर्माण र मानकीकरण

यस अध्ययनका क्रममा पदसङ्गति अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भाव सम्बन्धी कम्तिमा १०/१० वटा नेपालीका आधारभूत वाक्य तयार गरिएको छ । ती वाक्यहरूलाई अन्तरवार्ता, प्रश्नावली बनाइएको छ । मगरभाषा बोल्नेहरू मध्ये उद्देश्यमूलक ढङ्गले विशेष महत्त्वपूर्ण छ भनी छानिएको २० जना व्यक्तिलाई सामग्री सङ्कलन गर्न १५ प्रश्नावली र ५ अन्तरवार्ता तयार गरिएको छ । छनोटमा परेका मगरभाषी वक्ताहरूलाई प्रत्यक्ष अध्ययन क्षेत्रमा गई प्रश्नावली सोधि सामग्री सङ्कलन गरिएको छ । यसरी निर्मित नेपाली आधारभूत वाक्य र प्रश्नावलीहरूको संशोधन र मानकीकरणका लागि शोधनिर्देशक तथा अन्य विषयविशेषज्ञबाट सुझाव लिइएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि क्षेत्रीय अध्ययन र पुस्तकालयीय अध्ययन विधिको उपायेग गरिएको छ ।

(अ) **क्षेत्रीय अध्ययन विधि**

यस विधि अनुसार सुर्खेत जिल्ला वी.न.पा. वडा नं. १२ नेवारे र चनौटेमा बसोवास गर्ने मगरभाषी समुदायलाई लक्षित गरी अध्ययन गरिएको छ । अध्ययनमा नेपाली भाषा र उक्त क्षेत्रमा बसोवास गर्ने मगरभाषी समुदायले प्रयोग गर्ने मगर भाषामा भएको समानता र भिन्नता पहिल्याउन अध्ययन क्षेत्रमा पुगी, त्यस क्षेत्रका मगरभाषी वक्ताहरूसँग प्रत्यक्ष भेटघाट, प्रश्नोत्तर र छलफलका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । मानक

नेपाली भाषाका पदसङ्गति सम्बन्धी वाक्यलाई सम्बन्धित मगरभाषी वक्ताहरूसँग प्रश्नावलीका माध्यमबाट मगर भाषामा सङ्कलन गरी त्यसको व्याख्या, विश्लेषण गर्न क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त सामग्रीको व्याख्या विश्लेषण क्रममा तथ्याङ्कको प्रकृति अनुसार वर्णनात्मक, व्याख्यात्मक र तुलनात्मक विधिको उपयोग गरिएको छ । तालिकीकरणको माध्यमबाट मगर भाषा र नेपाली भाषालाई लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भाव अनुसार पदसङ्गतिका आधारमा एकतर्फ मगर भाषी वक्ताका शब्द, वाक्य र अर्कोतर्फ नेपाली भाषाका शब्द, वाक्य राखी समानता र भिन्नताको पहिचान गरी संरचनावादी पद्धति अनुरूप विश्लेषण गरिएको छ । प्राप्त तथ्याङ्कलाई विभिन्न शीर्षक, उपशीर्षकमा राखी विश्लेषणका आधारमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

## ३.८ अनुसन्धान प्रतिवेदनको ढाँचा

प्रस्तुत अनुसन्धान प्रतिवेदनको ढाँचा निम्नलिखित रूपमा प्रस्तुत गरिएको छ :

### (क) पूर्व भाग

यस अनुसन्धान प्रतिवेदनको पूर्व भाग नै प्रारम्भिक भाग हो । यस भागमा मुख पृष्ठ, प्रतिबद्धता पत्र, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषय सूची, तालिका सूची, चिन्ह सूची र सङ्क्षिप्त शब्दावलीको पूरा रूप रहेको छ ।

### (ख) मूल भाग

यो भाग शोधपत्रको मूल भाग हो । यस भागको अध्याय एकमा अध्ययनको पृष्ठभूमि समस्या कथन, उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको परिसीमा र अध्ययनको रूपरेखा उल्लेख गरिएको छ । दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र उपादेयता, अध्ययनको अवधारणात्मक खाका र सम्बन्धित विषयको सैद्धान्तिक अवधारणालाई राखिएको छ । जसमा सम्बन्धित विषयको सैद्धान्तिक अध्ययनमा नेपाली भाषा र मगर भाषाको परिचय, परिभाषा, मगर भाषा र नेपाली भाषाका पाठ्यपुस्तकसँग सम्बन्धित विषयवस्तुलाई उपशीर्षकमा राखेर चर्चा गरिएको छ । त्यस्तै तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रिया

उल्लेख गरिएको छ । चौथो अध्यायमा प्राप्त तथ्याङ्कको अध्ययन विश्लेषण खण्ड रहेको छ भने अन्तिम वा पाँचौ अध्यायमा निष्कर्ष र सुझाव समावेश गरिएको छ ।

**(ग) उत्तर भाग**

यो शोधपत्रको अन्तिम भाग हो । यसमा अनुसन्धानलाई थप प्रमाणिक, विश्वसनीय र वस्तुनिष्ठ बनाउने विषयवस्तु समावेश गरिएको छ । यस भागमा सन्दर्भ सूची, परिशिष्टमा उत्तरदातालाई सोधिएको प्रश्नवली, छनोट गरिएका मगरभाषी वक्ताहरूको विवरण र मगरभाषी वक्ताहरूको फोटो र अन्तमा शोधार्थीको व्यक्तिवृत्त राखिएको छ ।

# अध्याय : चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ४.१ मगर भाषा र नेपाली भाषाका बीच लिङ्ग सङ्गति

प्रस्तुत अध्ययनमा मगर भाषा र नेपाली भाषाबीच पदसङ्गतिका आधारमा व्यतिरेकी विश्लेषण अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष र भाव सम्बन्धीका वाक्यहरूलाई तालिकामा राखी निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.१.१ कर्ता र क्रिया

वाक्यात्मक संरचनामा कर्ता र क्रियापदका बीच सङ्गति रहेको हुन्छ । वाक्यमा कर्ता पदको लिङ्गअनुसारको क्रियापदको लिङ्ग कायम हुन्छ । पुलिङ्गी संरचनालाई स्त्रीलिङ्गमा बदल्दा प्रायः स्त्रीलिङ्गी प्रत्येयको प्रयोग गरिन्छ । प्रत्येयको योग नगरिने केही नामिक पदमा भने शाब्दिक प्रकृतिको (बुवा > आमा) लिङ्ग कायम गरिन्छ । नेपालमा मानवीय कर्ताको क्रियामा लिङ्ग भेद हुन्छ भने मानवेत्तर कर्ताको क्रियामा लिङ्गभेद हुँदैन यहाँ नेपाली र मगर भाषाको कर्ता र क्रियापदबीचको लिङ्ग सङ्गति रहे नरहेको उदाहरणलाई निम्न तालिकाको सहायताले व्यतिरेकी अध्ययन गरिएको छ :

**तालिका नं. १**

**कर्ता र क्रिया**

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| नेपाली भाषा | मगर भाषा | नेपाली भाषा | मगर भाषा |
| भाइ उठ्छ । | भया स्वा । | बहिनी उठ्छे । | बहिनी स्वा । |
| ऊ जानेछ | हासे आनकेले । | उनी जानेछिन् । | होसे आनकेले । |
| नाति गयो । | नाति आना । | नातिनी गई | नातिनी आना । |
| मगर केटाहरू आए । | मगर बउजाको राहा । | मगर्नी केटीहरू आए । | मगर्नी ननीजाको राहा । |
| हरि खेल्छ । | हरि गेस्ले । | राधिका खेल्छे । | राधिका गेस्ले । |

उपर्युक्त तालिकालाई हेर्दा नेपाली भाषा र मगर भाषा दुवैमा नामको लिङ्गभेद भएको पाइयो । मगर भाषाका नामलाई पुलिङ्गबाट स्त्रीलिङ्गमा परिवर्तन गर्दा क्रियापदमा कुनै फरक नभई एउटै क्रियापदको प्रयोग गरिएको छ । यसमा नामपदबाट मात्र पुलिङ्ग र

स्त्रीलिङ्ग हो भनी चिनिएको छ। नेपाली भाषामा लिङ्ग अनुसार क्रियापदको पनि परिवर्तन भएको छ । पुलिङ्गलाई स्त्रीलिङ्ग बनाउँदा क्रियापदमा परिवर्तन भएको छ । नेपाली भाषामा पुलिङ्ग र स्त्रीलिङ्मा प्रयोग हुने क्रियापद फरक फरक भई शब्द निर्माण भएको छ ।

नेपाली वाक्यात्मक संरचनामा कर्ताको लिङ्ग अनुसार क्रियापदको लिङ्ग परिवर्तन हुन्छ भने मगर भाषामा कर्ताको लिङ्ग अनुसार क्रियापदमा कुनै परिवर्तन नभई यथावत नै रहेको पाइयो । यसरी नेपाली भाषा र मगर भाषाको लिङ्ग, तिनका प्रत्येय र प्रयोग व्यवस्थामा समानताभन्दा भिन्नता बढी रहेको पाइयो । नेपाली  भाषामा लिङ्ग अनुसार फरक फरक क्रियापद र मगर भाषामा एउटै क्रियापदको प्रयोगले गर्दा मगर भाषी वक्ताले लिङ्ग अनुसार कर्ता र क्रियापद बीचको पदसङ्गति मिलाउन नसक्दा पनि बढी मात्रामा त्रुटि गरेको देखियो । यसर्थ यस्ता व्यतिरेकीका कारण मगरभाषी वक्ताले लिङ्ग अनुसार कर्ता र क्रियापदबीच सङ्गति मिलाउन नसक्दा त्रुटिहरू गर्न सक्ने सम्भावना देखिन्छ । नेपाली भाषा र मगर भाषाबीच लिङ्ग परिवर्तनमा क्रियापदले गर्दा नै पुलिङ्ग र स्त्रीलिङ्ग छुट्याउन नसक्ने पुलिङ्गलाई स्त्रीलिङ्ग सरह नै प्रयोग गर्ने गरिएकाले दुई भाषाबीच भिन्नता रहेको पाइयो ।

### ४.१.२ विशेषण र विशेष्य

वाक्यात्मक संरचनामा कर्ता पद र क्रियापदकाबीच सङ्गति रहेको हुन्छ । वाक्यमा लिङ्गले केही विशेषण बाहेक प्रायः सबै विशेषणलाई विशेष्यको लिङ्ग अनुसार स्त्रीलिङ्ग र पुलिङ्गी संरचनामा परिवर्तन गरिदिन्छ । विशेष्य र विशेषणकाबीच सङ्गति हुनु भनेको विशेष्य मानवीय मानवेत्तर सजीव निर्जीव जस्तो छ । त्यसकै लिङ्ग अनुसार विशेषणको पनि लिङ्ग कायम हुनु नै विशेषण र विशेष्यबीच लिङ्ग सङ्गति हो । यसर्थ नेपाली र मगर भाषामा लिङ्गले विशेष्य र विशेषणमा के कस्तो प्रभाव पारेको छ ? स्त्रीलङ्गी विशेषणमा र विशेष्यमा के कस्ता रूपायनिक प्रत्येय थपिन्छन् । क्रियापदसँग के कस्तो सङ्गति रहन्छ भन्ने कुराको अध्ययन निम्न तालिकाबाट प्रस्तुत गरिएको छ ।

तालिका नं. २

विशेषण र विशेष्य

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| नेपाली भाषा | मगर भाषा | नेपाली भाषा | मगर भाषा |
| केटो गोरो छ । | बउजा फोक्सान्टाले । | केटी गोरी छे । | ननिजा फोक्साल्टाले । |
| मोटो केटो आयो । | ढेस्‌सो बउजा राहा । | मोटी केटी आइ । | ढेस्‌सो ननिजा राहा । |
| सानो छोरो रून्थ्यो । | मारचो मिज्या रापा । | सानी छोरी रून्थी । | मारचो मिज्या रापा । |
| राम्रा केटाहरू आए । | सेचो बउजाको राहा । | राम्रा केटीहरू आए । | सेचो ननीजाको राहा । |
| मेरो भाइको छोरो छ । | ङउ भयाउ बउजा मिज्याले । | मेरो बहिनीको छोरी छे । | ङउ बहिनीको ननीजा मिज्याले । |

माथिको तालिकालाई हेर्दा नेपाली र मगर भाषाबीच लिङ्गका आधारमा विशेषण र विशेष्यको अध्ययन गर्दा नेपाली भाषामा मोटो केटोमा मोटी केटी भएझैं मगर भाषामा ढेस्‌सो बउजा र ढेस्‌सो ननीजा हुन्छ । मगर भाषा पुलिङ्ग र स्त्रीलिङ्गमा पुलिङ्गमा नाम पदमा फरक भएको र विशेषणमा पुलिङ्गी वा स्त्रीलिङ्गमा एउटै र नामपदले मात्र फरक पारेको देखियो । नेपाली भाषामा नाम र विशेषण अनुसार लिङ्ग परिवर्तन हुने गर्दछ । नेपाली भाषामा विशेषण रहेको ओकारलाई इकारमा परिवर्तन गरी स्त्रीलिङ्गमा परिवर्तन गरेको पाइन्छ । नेपाली भाषामा वाक्यात्मक संचरनामा विशेषण-विशेष्यकाबीच लिङ्गका आधारमा सङ्गति देखिएको छ । मगर भाषामा भने विशेषण र विशेष्यकाबीच सङ्गति देखिदैन । विशेषण र विशेष्यगत लिङ्ग सङ्गति सम्बन्धी त्रुटि मगर भाषी वक्ताले पुलिङ्ग र स्त्रीलिङ्गमा एउटै विशेषण प्रयोग गर्ने भएकाले त्रुटिहरू गर्ने सम्भावना बढी रहेको देखिन्छ ।

### ४.१.३ भेदक र भेद्य

नाम र सर्वनाम षष्ठी विभक्तिका चिन्हहरू को, का, की, रो, रा, री, नो, ना, नी लागेका शब्दहरू विशेषण हुन्छन् । जसलाई भेदक (भिन्न्ता देखाउने) भनिन्छ । भेद्य भनेको भेदकको विशेषता बुझाउने नाम हो । सम्बन्ध गाँस्ने पद भेदक र सम्बन्धित भई गाँसिने पद भेद्य हो । नेपाली भाषाको वाक्यात्मक संरचनामा सम्बन्ध वाचक विभक्ति लागेको शब्द (भेदक) र विशेष्य शब्द (भेद्य) बीच लिङ्ग सङ्गति रहेको हुन्छ । मगरभाषा र नेपाली भाषाको लिङ्ग

भेदमा देखिने र भेद्यबीचको पदसङ्गतिलाई स्पष्ट पार्न निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

**भेदक र भेद्य**

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| **नेपाली भाषा** | **मगर भाषा** | **नेपाली भाषा** | **मगर भाषा** |
| मेरो छोरो पढ्छ । | ङउ बउजा मिज्या पढिस्ले । | मेरो छोरी पढ्छे । | ङउ ननिजा मिज्या पढिस्ले |
| उसको भाई गयो । | होचेउ भया आना । | उसकी बहिनी गई । | होचेउ बहिनी आना । |
| मेरो बाजे आउनु भयो । | ङउ बाजीउ राकेछन्ने । | मेरी बज्यै आउनु भयो । | ङउ बज्या राकेछन्ने । |
| हाम्रा भाइहरू असल छन् । | कानो भयाको मिज्यासकोले । | हाम्रा बहिनीहरू असल छन् । | कानो बहिनीको मिज्यास्कोले । |
| हाम्रा काका पढाउनुहुन्छ । | कानो काका पढिसक्ले । | हाम्री काकी पढाउनुहुन्छ । | कानो मुसी पढिसक्ले । |

प्रस्तुत तालिकालाई हेर्दा नेपाली भाषाको वाक्यात्मक संरचनामा लिङ्गको आधारमा भेदक र भेद्य बीच प्रभावित भएको छ । नेपाली भाषामा लिङ्गको आधारमा भेदक र भेद्यको मेरो>मेरी, उसको > उसकी, हाम्रा > हाम्री भएको देखिन्छ । नेपाली भाषामा लिङ्ग अनुसार परिवर्तन गर्दा भएको पाइयो । मगर भाषामा भेदक र भेद्यबीच कुनै परिवर्तन नभई ङउ >< ङउ, कानो >< कानो >< कानो, होसको >< होसको भएर परिवर्तन भएको पाइयो । मगरभाषी वक्ताले नेपाली भाषा भेदक र भेद्यबीच लिङ्गको पहिचान गर्न नसक्दा त्रुटि गर्ने सम्भावना बढी रहेको पाइयो ।

### ४.१.४ नाम र सर्वनाम

भाषाको लिङ्ग भित्र कर्ता र क्रियापद, विशेष्य र विशेषण तथा भेदक र भेद्यका बीच सङ्गति भए जस्तै भाषामा नाम र सर्वनामबीच पनि सङ्गति रहेको हुन्छ । वाक्यात्मक संरचनामा प्रस्तुत नामले पनि पूर्व सन्दर्भका रूपमा रहेका नामपदसँग सङ्गति रहेको राखेको हुन्छ । नामको सट्टामा जुन किसिमको सर्वनाम आएको छ, त्यही नामको लिङ्ग

अनुसार रहनु नाम र सर्वनाम बीचको लिङ्ग सङ्गति हो । तसर्थ मगर भाषामा नाम र सर्वनामबीच लिङ्ग भेदक तथा लिङ्ग सङ्गति हुने नहुने कुराको अध्ययन निम्न तालिकाबाट प्रस्तुत गरिएको छ :

**तालिका नं. ४**

**नाम र सर्वनाम**

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| नेपाली भाषा | मगर भाषा | नेपाली भाषा | मगर भाषा |
| छोरो आयो, उ पढ्छ । | बउजा मिज्या राहा, होसे पढिस्ले । | छोरी आइ, उ पढ्छे । | ननीजा मिज्या राहा, होसे पढिस्ले । |
| अग्लो केटो आयो, ऊ राम्रो छ । | घाङ्चो बउजा राहा, होसे सेचोले । | अग्ली केटी आई, ऊ राम्री छे । | घाङ्चो ननीजा राहा, होसे सेचोले । |
| राम राम्रोसँग पढ्छ, ऊ प्रथम हुन्छ । | राम सेचोखटा पढिस्ले, होसे प्रथम छान्ने । | सीता राम्रोसँग पढ्छे, ऊ प्रथम हुन्छे । | सीता सेचोखटा पढिस्ले, होसे प्रथम छान्ने । |
| बुवा मेला जानुहुन्छ, उहाँ छिट्टै फर्कनुहुन्छ । | बोइ मेला आनकेछान्ने, होसको छिट्टै लेसले । | आमा मेला जानुहुन्छ, उहाँ छिट्टै फर्कनुहुन्छ । | मोइ मेला आनकेछान्ने, होस्को छिट्टै लेस्ले । |
| भाईहरू बजार गएका छन्, उनीहरू छिट्टै फर्कन्छन् । | भयाको बजार आन्ने, होसेको छिट्टै लेसले । | बहिनीहरू बजार गएका छन् उनीहरू छिट्टै फर्कन्छन् । | बहिनीको बजार आन्ने होसेको छिट्टै लेसले । |

प्रस्तुत तालिका अनुसार नाम र सर्वनामका बीच लिङ्ग सङ्गतिको अध्ययन गर्दा नेपाली भाषामा छोरो र राम पुलिङ्गी नामको सट्टामा ऊ सर्वनामको प्रयोग गरिएको छ । त्यसैगरी छोरी र सीता स्त्रीलिङ्गी नामको सट्टामा पनि 'ऊ' सर्वनामकै प्रयोग गरेकाले नेपाली भाषामा नाम र सर्वनामबीच लिङ्ग सङ्गति हुने व्यवस्था रहेको देखिदैन । मगर भाषामा 'बउजा' र 'राम' पुलिङ्गी नामको सट्टामा होसे सर्वनाम कै प्रयोग भएको छ भने 'बोई' र 'मोइ' दुवै आदरार्शी लिङ्ग सङ्गतिमा नामको सट्टामा होस्को सर्वनामको प्रयोग गरेको देखिन्छ । नेपाली भाषामा आमा र बुवा दुवै पुलिङ्गी वा स्त्रीलिङ्गीमा एउटै शब्द उहाँहरू उच्च आदरार्थी सर्वनामको प्रयोग भएको देखिन्छ । नेपाली भाषामा नाम र सर्वनामबीच

कुनै पनि लिङ्ग सङ्गति नहुने कुरालाई जोड दिएको पाइयो । यसरी मगर भाषा र नेपाली भाषामा जस्तो उपयुक्त सर्वनामको छनोट गरिए तापनि भाषागत त्रुटिहरूले मगरभाषी वक्ताले नेपाली भाषा प्रयोग गर्दा नाम र सर्वनाममा लिङ्गत सङ्गतिमा फरक नै सर्वनामको प्रयोग गरिने हुँदा नेपाली भाषा प्रयोग गर्दा भाषिक त्रुटिहरू गर्न सक्ने सम्भावना देखिन्छ ।

नेपाली भाषा र मगर भाषा दुवैमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारको लिङ्ग व्यवस्था रहेको पाइयो । नेपाली भाषामा नाम शब्द अनुसार वा लिङ्ग अनुसार क्रियापदको परिवर्तन भएको पाइन्छ । नेपाली भाषामा पुलिङ्गलाई स्त्रीलिङ्ग बनाउँदा क्रियापदमा भेद भएको पाइयो । मगर भाषामा पनि नामको शब्द अनुसार लिङ्ग परिवर्तन भएको पाइन्छ भने क्रियापदमा नाम वा कर्ता अनुसार क्रियापदमा परिवर्तन नभई एउटै क्रियापदको प्रयोग भएको पाइयो । नेपाली भाषामा विशेषण र विशेष्यमा नाम अनुसार विशेषण पनि परिवर्तन भएको पाइयो । पुलिङ्गीबाट स्त्रीलिङ्गी बनाउँदा नाम र विशेषण अनुसार परिवर्तन भएको पाइयो । मगर भाषामा भने नाम अनुसार पुलिङ्ग र स्त्रीलिङ्गमा परिवर्तन हुने र विशेषणमा भने पुलिङ्ग र स्त्रीलिङ्गमा कुनै परिवर्तन नभई यथावत रहेको पाइयो । नेपाली भाषामा भेदक र भेद्य लिङ्गको आधारमा परिवर्तन भएको पाइन्छ भने मगर भाषामा भेदक र भेद्य अनुसार कुनै परिवर्तन नभई  यथावत नै रहेको देखिन्छ भने नेपाली भाषामा नाम र सर्वनाममा पुलिङ्ग सर्वनाम जे छ त्यही सर्वनाम स्त्रीलिङ्गमा पनि प्रयोग भएको देखिन्छ । मगर भाषामा नाम र सर्वनामबीच पुलिङ्ग वा स्त्रीलिङ्गमा सर्वनामको प्रयोग गर्दा 'होसे' सर्वनामको प्रयोग भएको देखिन्छ भने 'मोइ' र 'वोइ' उच्च आदरार्थी शब्दमा 'होस्को' सर्वनामको प्रयोग भएको पाइयो । यसरी नेपाली भाषा र मगर भाषामा आ-आफ्नो छुट्टा छुट्टै सर्वनामको प्रयोग गरिएको देखिन्छ ।

## ४.२ मगरभाषा र नेपाली भाषाका बीच वचन सङ्गति

यस अध्ययनमा मगर भाषा र नेपाली भाषाका बीच वचनगत सङ्गतिका आधारमा कर्ता र क्रियापद, विशेषण र विशेष्य,भेदक र भेद्य, नाम र सर्वनामका आधारमा निम्नानुसार उपशीर्षकमा राखी विश्लेषण गरिएको छ :

### ४.२.१ कर्ता र क्रियापद

सामान्यतया: कुनै पनि व्यक्ति, वस्तु आदिका एक वा अनेक सङ्ख्या बुझाउने भाषिक रूपलाई वचन भनिन्छ। वाक्यमा कर्ताको सङ्ख्येय नामले एक वचन लिँदा क्रियापदमा पनि एक वचन र उक्त नामले बहुवचन लिँदा क्रियापदमा बहुवचन रहन्छ। सङ्ख्येय क्रियापदमा भेदक हुन्छ तर असङ्ख्येय कर्ताको क्रियापदमा वचन भेदक हुँदैन । यहाँ नेपाली भाषा र नगरभाषाका कर्ता र क्रियापदको वचन सङ्गतिमा समानता र भिन्नता निम्न तालिकाको सहायताले व्यतिरेकी अध्ययन गरिएको छ ।

**तालिका नं. ५**

**कर्ता र क्रियापद**

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| नेपाली भाषा | मगर भाषा | नेपाली भाषा | मगर भाषा |
| केटो आउँदैछ। | वउजा रामोनले। | केटाहरू आउँदैछन्। | वउजाको रामोनले। |
| चरो उड्यो | ग्वा भुरा। | चराहरू उडे। | ग्वाको भुरा। |
| ऊ किताब पढ्छ। | होसे किताब पढिस्ले। | उनीहरू किताब पढ्छन्। | हासेको किताब पढिस्ले। |
| तिमी कहिने आयौ। | नाङ सेन राहा। | तिमीहरू कहिले आयौ। | नाको सेन राहा। |
| म मेला जान्छु। | ङा मेला आन्ने। | हामीहरू मेला जान्छौ। | कानको मेला आन्ने । |

उपर्युक्त तालिकालाई हेर्दा नेपाली भाषा र मगर भाषा दुवैमा एकवचन र बहुवचन गरी दुई किसिमले वर्गीकरण गरिएको छ। नेपाली भाषामा कर्ता एकवचन हुँदा क्रियापदमा पनि एक वचन र क्रियापदमा पनि बहुवचन भएको देखिन्छ । नेपाली भाषामा नामिक पदको कर्तालाई बहुवचन बनाउँदा कर्तामा 'हरू' प्रत्येयको प्रयोग गरी क्रियासँग सङ्गति कायम गरिएको पाइयो । मगर भाषामा एक वचनलाई वहुवचन बनाउँदा 'को' विभक्ति प्रयोग गरी क्रियासँग सङ्गतिकायम गरिएको पाइयो । मगर भाषामा एक वचनलाई बहुवचन बनाउँदा 'को' विभक्ति प्रयोग गरी क्रियासँग सङ्गति कायम गरिएको पाइयो भने क्रियापदमा र बहुवचनमा कुनै पनि परिवर्तन नभई यथावत नै रहेको देखिन्छ । नेपाली भाषामा एक

वचनबाट बहुवचनमा परिर्तन गर्दा कर्ता अनुसार क्रियापदमा परिवर्तन गरिएको देखिन्छ । भने मगर भाषामा कर्तामा परिवर्तन भएपनि क्रिया पदमा भने एकवचन र बहुवचनमा कुनै परितर्वन नभई जस्ताको तस्तै भएको हुँदा मगर भाषी वक्ताले नेपाली भाषाबोल्दा वा प्रयोग गर्दा त्रुटि गर्न सक्ने सम्भावना देखिन्छ । यसरी मगर भाषी वक्ताले नेपली भाषामा कर्ता र क्रियापदबीच वचनगत सङ्गति मिलाउन नसक्दा भाषिक त्रुटि गरको पाइयो ।

### ४.२.२ विशेषण र विशेष्य

नेपाली भाषाको वचनबीच कर्ता र क्रियापदको सङ्गति रहेजस्तै भाषामा विशेषण र विशेष्यको पनि सङ्गति रहेको हुन्छ । वचनमा विशेषण नामिक पदको अगाडि, पछाडि र नाम स्थानीक भएर आउन सक्छ । नाम स्थानीक हुँदा विशेषणले विशेष्यसँग सङ्गति राख्दछ भने अरू अवस्थामा विशेषणले विशेष्यसँग सङ्गति राख्दछ । जे भएपनि विशेषणको नामिक पदको विशिष्टता जनाउने वा वर्णन गर्ने हुनाले विशेषणको सङ्गति मूलतः विशेषणसँग रहन्छ । तसर्थ यहाँ नेपाली भाषामा झै मगर भाषामा विशेषणले क्रिया तथा नामिक पदसँग सङ्गति कायम राख्दछ वा राख्दैन यदि पक्षको अध्ययन निम्न तालिकाका उदाहरण मार्फत स्पष्ट पारिएको छ ।

**तालिका नं. ६**

**विशेषण र विशेष्य**

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| नेपाली भाषा | मगर भाषा | नेपाली भाषा | मगर भाषा |
| गोरो केटो आयो । | फोक्साल्टा बउजा राहा । | गोरा केटाहरू आए । | फोक्साल्टा बउजाको राहा । |
| होची केटी आई । | मारचो ननीजा राहा । | होचा केटीहरू आए । | मारचो ननीजाको राहा । |
| फहैंलो फूल फूल्यो । | वर्चो सार वाटा । | पहेला फूलहरू फुले । | वर्चो सारको वाटा । |
| सुकेको रूख ढल्यो । | छोक्चो सिङ फुटा । | सुकेका रूखहरू ढले । | छोक्चो सिङको फुटा । |
| सानो मानिस हिड्यो । | मारचो भरमी हवा । | साना मानिसहरू हिँडे । | मारचो भरमीको ह्वा । |

प्रस्तुत तालिका अनुसार विशेषण र विशेष्य एकवचन र बहुवचनमा आवद्ध रहेका छन् । मगर भाषा र नेपाली भाषामा समानतासँगै भिन्नताहरू पनि रहेको देखिन्छ । नेपाली भाषामा भेदक विशेषण ओकारलाई आकारमा र नामिक पदको एकवचनलाई बहुवचनमा 'हरू' प्रत्येयको प्रयोग गरी वाक्यमा एकवचन भेदक (विशेषण) लाई बहुवचनमा जस्ताको तस्तै राखी विशेषणलाई मात्र परिवर्तन गरिएको पाइयो । विशेष्य वा कर्तालाई एकवचनबाट बहुवचनमा परिवर्तन गर्दा 'को' विभक्ति लगाएर परिवर्तन गरिएको पाइयो । यसरी मगरभाषी वक्ताले नेपाली भाषाको विशेषण र विशेष्यको वचनमा त्रुटि गर्ने सम्भावना बढी रहेको देखिन्छ ।

### ४.२.३ भेदक र भेद्य

नेपाली भाषामा व्याकरणिक कोटिका आधारमा भदेक र भेद्यबीच सङ्गति रहेको देखिन्छ । विशेष्य नाम बुझाउने भेद्य जुन वाक्यमा हुन्छ भेदक विशेषण पनि सोही वचनमा रहन्छ भने त्यो भेदक र भेद्यका बीच सङ्गति हो । नेपाली भाषा र मगर भाषामा भेदक र भेद्यबीच वचनगत सङ्गति भए नभएको व्यतिरेकी अध्ययन निम्न तालिकाबाट अध्ययन गरिएको छ ।

**तालिका नं. ७**

**भेदक र भेद्य**

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| **नेपाली भाषा** | **मगर भाषा** | **नेपाली भाषा** | **मगर भाषा** |
| मेरो छोरो आयो । | ङउ बउजा मिज्या राहा । | मेरा छोराहरू आए । | ङउ बउजा मिज्याको राहा । |
| उसको मान्छे आयो । | होचेउ भरमी राहा । | उसका मान्छेहरू आए । | होचेउ भरमीको राहा । |
| आफ्नी बहिनी पढ्छे । | मेरो बहिनी पढिस्ले । | आफ्ना बहिनीहरू पढ्छन् । | मेनो बहिनीको पढिस्ले । |
| मामाको छोरो पढ्छ । | कुवाउ बउजा मिज्या पढिस्ले । | मामाका छोराहरू पठ्छन् । | कुवाउ बउजा मिज्याको पढिस्ले । |
| भाइको छोरो चिप्लियो । | भयाउ बउजा मिज्या खोरा । | भाइका छोराहरू चिप्लिए । | भयाउ बउजा मिज्याको खोरा । |

प्रस्तुत तालिकामा देखाए अनुसार नेपाली भाषामा भेद्य एक वचन हुँदा भेदकमा ओकार र भेद्य बहुवचन हुँदा आकार लागेको पाइयो । भेदक एकवचनमा प्रस्तुत को, नी, रो विभक्ति र

बहुवचनमा का, रा, ना मा परिवर्तन भई क्रियासँग सङ्गति कायम गरेको छ भने नेपालीमा खासगरी भेदकमा 'ओ' र 'इ' ध्वनिलाई 'आ' ध्वनिमा परिवर्तन गरिएको पाइयो । मगर भाषामा एक वचनमा हा, ले, रा बहुवचनमा पनि हा, ले, रा प्रयोग गरिएको हुन्छ । मगर भाषामा एकवचनमा र बहुवचनमा कुनै परिवर्तन नभई यथावत नै रहेको देखिन्छ । मगर भाषामा पुलिङ्गी या स्त्रीलिङ्गमा कुनै परिवर्तन नभई एउटै किसिमको शब्दको प्रयोग गरिएको पाइयो । यसरी नेपाली भाषा र मगर भाषाका वक्ताका बीच बचनमा भेदक र भेद्यमा त्रुटिहरू गर्न सक्ने सम्भावना देखिन्छ ।

### ४.२.४ नाम र सर्वनाम

नेपाली भाषामा नाम र सर्वनामबीच वचनको सङ्गति रहेको हुन्छ । नाम एक वचन भए सर्वनाम पनि एक वचन, नाम बहुवचन भए सर्वनाम पनि बहुवचनमा प्रयोग भएको हुन्छ । यहाँ नेपाली भाषा र मगर भाषाका नाम र सर्वनामबीच वचन सङ्गति रहे नरहेको अध्ययन निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ :

**तालिका नं. ८**

**नाम र सर्वनाम**

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| **नेपाली भाषा** | **मगर भाषा** | **नेपाली भाषा** | **मगर भाषा** |
| अग्लो केटो आयो, ऊ राम्रो छ । | घाङ्चो वउजा राहा, होसे सेचोले । | अग्ला केटाहरू आए, उनीहरू राम्रा छन् । | घाङ्चो वउजाको राहा, होसे सेचोले । |
| छोरो बजार गएको छ, ऊ हिट्दै फर्कन्छ । | बउजा बजार आनोने होसे, छिट्टै लेहेसले । | छोराहरू बजार गएका छन्, उनीहरू छिट्टै फर्कन्छन् | बउजाको बजार आनोने होसे, छिट्टै लेहेसले । |
| कुर्चीमा कापि छ, त्यो ल्याऊ । | कुर्चीयाङ कापीले, होसे राको । | कुर्चीमा कापिहरू छन्, तिनीहरू ल्याउ । | कुर्चीयाङ कापिकोले, होसेको राको । |
| भाई खेल खेल्छ, ऊ खेलमा राम्रो छ । | भया खेल गेस्ले, होसे खेलाङ सेचोले । | भाइहरू खेल खेल्छन्, उनीहरू खेलमा राम्रा छन् । | भयाको खेल गेस्ले, होसेको खेलाङ सेचोले । |
| सानो छोरो आयो, ऊ मोटो छ । | टुन्चो बउजा मिज्या राहा, होसे ढेस्सोले । | साना केटाहरू आए, उनीहरू मोटा छन् । | टुन्चो बउजा मिज्याको राहा, होसे ढेस्सोले । |

उपर्युक्त तालिकामा हेर्दा नेपाली भाषामा नाम र सर्वनाम बीच वचनको सङ्गति रहेको पाइयो । नेपाली भाषामा नामिक पद अनुसार एक वचन क्रियापद, बहुवचन नामिक पद अनुसार बहुवचन क्रियापदको रूपात्मक मेल गराइ वाक्यभित्र पदहरूको सङ्गति कायम गरिएको पाइयो । नेपाली भाषामा नामपद एकवचन हुँदा एकवचन बोधक जनाउने सर्वनाम (ऊ, त्यो) प्रयोग गरिएको छ । नामपद बहुवचन हुँदा सर्वनाममा (उनीहरू, तिनीहरू) बनाई बहुवचनको रूपमा परिवर्तन गरिएको देखिन्छ । मगर भाषामा भने एक वचन नामिक पद अनुसार वहुचनमा नामिक पद पनि प्रायः एउटै भएको हुन्छ । कहिलेकाही भने 'ऊ' र उनीहरू लाई होसेको प्रयोग गरिएको पाइयो । यसरी मगरभाषी वक्ताले नेपाली भाषा प्रयोग गर्दा त्रुटि गर्ने सम्भावना बढी रहेको पाइयो ।

नेपाली भाषा र मगर भाषा दुवैमा वचनगत सङ्गतिमा एकवचन र बहुवचन गरी दुई प्रकारको प्रयोग गरिएको पाइयो । नेपाली भाषामा कर्ता र क्रियापदका बीच वचन सङ्गति अनुसार क्रियापदमा फरक भएको देखियो । एक वचनलाई बहुवचनमा परिवर्तन गर्दा 'हरू' प्रत्येयको प्रयोग गरी बहुवचन बनाउनुका साथै क्रियापदमा पनि फरक पारिएको देखिन्छ भने मगर भाषामा एकवचनलाई बहुवचनमा परिवर्तन गर्दा कर्तामा 'को' विभक्तिको प्रयोग गरिएको देखिन्छ । क्रियापदमा जस्ताको तस्तै यथावत नै रहेको पाइयो । नेपाली भाषामा विशेष र विशेष्य बीच वचन सङ्गतिमा भने कर्ता वा नामिक पदमा एकवचनबाट बहुवचनमा परिवर्तन गर्दा 'हरू' प्रत्येयको प्रयोग गरिएको पाइयो । विशेषणमा पनि एकचनबाट बहुवचनमा परिवर्तन गर्दा फरक रहेको पाइयो । मगर भाषामा विशेषण र विशेष्यबीच एकवचनबाट बहुवचनमा परिवर्तन गर्दा नामिक पदमा परिवर्तन गर्दा 'को' विभक्ति लगाई बहुवचन बनाएको देखिन्छ भने विशेषणमा भने एकवचन र बहुवचनमा कुनै परिवर्तन नभई जस्ताको तस्तै रहेको पाइयो । नेपाली भाषामा भेदक र भेद्यबीच एकवचनमा को, रो, नी आदि विभक्तिलाई बहुवचनमा परितर्वन गर्दा का, रा, ना, मा परिवर्तन भई क्रियासँग सङ्गति कायम गरिएको पाइयो । नेपाली भाषामा खास गरी भेदकमा 'ओ' र 'ई' ध्वनि परिवर्तन गरिएको पाइयो भने नेपाली भाषामा भेदकमा 'ओ' र 'ई' ध्वनि परिवर्तन गरिएको देखिन्छ । मगरभाषामा एकवचनमा आ, ले, आदिलाई बहुवचनमा पनि जस्ताको तस्तै यथावत रहेको पाइयो भने भेदक र भेद्यमा पुलिङ्गी र स्त्रीलिङ्गीलाई कुनै परिवर्तन नगरी एउटै शब्दको प्रयोग गरिएको देखिन्छ । नेपाली भाषामा नामपदमा एकवचन हुँदा (ऊ त्यो, सर्वनाम प्रयोग गरिएको हुन्छ भने बहुवचनमा नामपदलाई परिवर्तन गर्दा (उनी, तिनी,

हरू) को प्रयोग गरिएको पाइयो । मगर भाषामा नाम र सर्वनाम नामिक पद अनुसार (होसे, होसेको) गरी बहुवचनमा परिवर्तन गरिएको देखिन्छ ।

## ४.३ पुरुषगत पदसङ्गति

मगर भाषा र नेपाली भाषाकाबीच पुरुषगत सङ्गतिका आधारमा प्रथम पुरुष, द्वितीय पुरुष, तृतीय पुरुषका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.३.१ प्रथम पुरुष

नेपाली भाषामा जस्तै मगर भाषामा प्रथम पुरुषीय सर्वनाममा के के प्रयोग गरिन्छ ? प्रथम पुरुषीय कर्तापद अनुरूप क्रियापदमा सङ्गति रहन्छ की रहँदैन ? भन्ने कुराको व्यतिरेकी अध्ययन निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ९**

**प्रथम पुरुष**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| ङा इमाङ आना । | म घर गए । |
| कान इमाङ आना । | हामी घर गयौं । |
| ङा इमाङ आन्ने । | म घर जान्छु । |
| कान इमाङ आन्ने । | हामी घर जान्छौं । |
| ङा पढिस्चोले । | मैले पढेको छु । |
| ङा पढिस्चोले । | मैले पढेकी छु । |
| ङा पढिस्के आन्केले । | म पढ्न जानेछु । |
| कान पाढिस्के आनकेले । | हामी पढ्न जानेछौ । |
| कानको रामो बहिनी आले । | हामी रामका भाइ हौं । |
| कान रामो बहिनी आले । | हामी रामकी बहिनी हौं । |

माथिको तालिकामा रहेको वाक्यात्मक संरचनालाई हेर्दा नेपाली भाषा र मगर दुवै भाषामा प्रथम पुरुषको व्यवस्था रहेको छ । नेपाली भाषामा म र हामी प्रथम पुरुष हुन् । यिनका साथमा एँ, यौँ, छु, नेछु, नछौ, नेछौ हौ, प्रत्येयको प्रयोग गरी क्रियापदसँग सङ्गति कायम गरिएको पाइयो । नेपालीमा म, हामीको प्रयोग गरिएपनि मगर भाषामा ङा र कान को प्रयोग भएको पाइयो । यसैगरी प्रथम पुरुषीय क्रियापदमा नेपालीभन्दा नितान्त भिन्न ना, ने,

ले को प्रयोग भएको पाइयो । यसका साथै नेपाली भाषामा वचन अनुसार प्रथम पुरुषीय कर्ता र क्रियापद अनुसार सङ्गति रहेको पाइए तापनि मगर भाषामा म लाई ङा र हामीलाई कान को प्रयोग गर्ने र क्रियापदमा एँ, यौ, छु, छौ, नेछु, नेछौ, हो का सट्टामा ना, ने, ले ले को प्रयोग गरिएको पाइन्छ भने मगर भाषामा कर्ता अनुसार क्रियापदमा फरक भएको पाइदैन । त्यसैले मगरभाषी वक्ताले त्रुटि नेपाली भाषा प्रयोग गर्दा त्रुटि गर्ने सम्भावना बढी रहेको पाइयो ।

### ४.३.२ द्वितीय पुरुष

नेपाली भाषा र मगर भाषाका द्वितीय, तिनको क्रियापदसँगको सम्बन्ध संरचनात्मक प्रत्येयहरूको व्यतिरेकी अध्ययन निम्न तालिकाका सहायताले प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**द्वितीय पुरुष**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| नाङ इमाङ आन्ने । | त घर जान्छस् । |
| नाको इमाङ आन्ने । | तिमीहरू घर जान्छौ । |
| नाको इमाङ आनकेछान्ने । | तपाई जानुहुन्छ । |
| नाको आनकेछान्ने । | तपाईहरू जानुहुन्छ । |
| नाकोको आनकेछान्ने । | तपाईहरू जानुहुन्छ । |
| नाकोको ज्याकेछान्ने । | तपाईहरू खाना खानुहुन्छ । |
| नाङ किताब पढिस्ले । | त किताब पढ्छस् । |
| नाकोको किताब पढिस्ले । | तिमीहरू किताब पढ्छौ । |
| नाको सार ठुक्केछान्ने । | तपाई फूल टिप्नुहुन्छ । |
| नाकोको सार ठुम्केछान्ने । | तपाईहरू फूल टिप्नुहुन्छ । |

उपर्युक्त तालिकालाई हेर्दा नेपाली भाषा र मगर भाषा दुवैमा द्वितीय पुरुष जनाउने सर्वनाम रहेको पाइयो । नेपाली भाषामा द्वितीय पुरुष सर्वनामिक पदहरू (तँ, तिमी, तपाई, हजुर) आदिले छस्, छेस्, छौ हुनुहुन्छ प्रत्येयसँग प्रयोग गरी क्रियापदसँग सङ्गति कायम गरेको पाइयो । मगर भाषामा सर्वनामिक पद दुई मात्र (नाङ, नाको) मात्र भएको र यसले ने, ले प्रयोग गरी कर्ता अनुसार क्रियापदको प्रयोग गरिएको छ भने मगर भाषामा कर्ता अनुसार

क्रियापदको प्रयोग आदरार्थी जनाउने शब्दमा मात्र नाको प्रयोग गरिएको देखिन्छ भने अरू सार्वनामिक पदमा एउटै किसिमको क्रियापदको प्रयोग गरिएको पाइयो । त्यसैले मगरभाषी वक्ताले नेपाली भाषा प्रयोग गर्दा त्रुटि गर्न सक्ने सम्भावना बढी रहेको पाइयो ।

### ४.३.३ तृतीय पुरुष

तृतीय पुरुष सर्वनाम पदले पनि लिङ्ग, वचन र आदरका आधारमा क्रियापद, विशेषण र भेदकसँग सङ्गति कायम गर्दछ । नेपाली भाषामा प्रयुक्त यिनै पुरुष सर्वनाम पद मगर भाषामा प्रयोगका सम्बन्धमा तृतीय पुरुषको व्यतिरेकी अध्ययन निम्न तालिकाबाट प्रस्तुत गरिएको छ :

**तालिका नं. ११**

**तृतीय पुरुष**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| इसे बउजा आन्ने । | यो केटा जान्छ । |
| इसे बउजाको आन्ने । | यी केटाहरू जान्छन् । |
| होसे आन्ने । | ऊ जान्छ । |
| होसेको आन्ने । | उनीहरू जान्छन् । |
| इसे पढिस्चोले | यिनीहरू पढेका छन् । |
| इसे पढिस्चोले । | यिनीले पढेकी छन् । |
| होसे पिन राहाले । | ऊ भोलि आउँछ । |
| होसेको पिन राहाले । | उनीहरू भोलि आउँछन् । |
| होसे आन्ने । | ऊ जान्छे । |
| होस्को आनकेछान्ने । | उहाँ जानुभयो । |

उपर्युक्त तालिकामा रहेको वाक्यात्मक संरचनात्मकलाई हेर्दा नेपाली र मगर दुवैमा तृतीय पुरुष जनाउने सर्वनामहरू रहेको पाइयो । यति भएर पनि दुवै भाषा तृतीय पुरुष भिन्न भिन्न संरचनामा प्रस्तुत भएका यो, यी जस्ता पुरुषमा वचन भेद रहेको पाइयो । तर मगर भाषामा एकवचन र बहुवचन दुवैमा 'इसे' शब्दको प्रयोग भएको पाइयो । नेपाली भाषामा यो, यिनी, ऊ, उनी, उहाँ, त्यो, तिनी जस्ता सर्वनामद्वारा तृतीय पुरुष सान्दर्भिक भएको पाइयो । नेपाली भाषामा रहेको यो, यिनी यहाँका सट्टामा मगर भाषामा इसे, होसे, होस्को

प्रयोग गरिएको देखिन्छ । नेपाली भाषामा पुरुषमा आदरगत भेद यहाँ, उहाँ भए जस्तै मगर भाषामा पनि आदरगत भेदमा 'होस्को' प्रयोग गरिएको पाइयो । नेपाली भाषा र मगरभाषामा भाषागत प्रयोग फरक भएकाले मगर भाषी वक्ताले नेपाली भाषा प्रयोग गर्दा व्यतिरेकी कारण त्रुटि गर्ने सक्ने सम्भावना बढी रहेको पाइयो ।

नेपाली भाषा र मगर भाषा दुवैमा प्रथम, द्वितीय र तृतीय गरी तीन किसिमका पुरुषहरू रहेको पाइयो । यी समानताका साथै नेपाली र मगर भाषाका पुरुषहरूका संरचनात्मक स्वरूप र प्रयोगगत सङ्गतिमा भिन्नता रहेको देखिन्छ भने नेपाली भाषामा म, हामी, प्रथम पुरुष हुन् भने मगर भाषामा ङा, कान प्रयोग गरिएको पाइयो । द्वितीय पुरुषमा त, तिमी, तपाई, हजुरका सट्टामा मगरमा नाङ, नाको ले मात्र द्वितीय पुरुष जनाएको पाइयो । नेपाली भाषामा आदरार्थी शब्द हजुर प्रयोग गरे जस्तै मगर भाषामा 'नाको' शब्द प्रयोग गरिएको पाइयो । त्यसैगरी नेपालीको तृतीय पुरुषमा उनी, उहाँ, त्यो, तिनीका सट्टामा मगर भाषामा इसे, होसे, शब्दको प्रयोग गरिएको पाइयो । नेपाली भाषामा तृतीय पुरुष आदरार्थी शब्द 'उहाँ', 'यहाँ' भए जस्तै मगर भाषामा 'होस्को' शब्दले आदरार्थी शब्दको प्रयोग गरिएको पाइयो । नेपाली र मगर भाषाको शब्द नै फरक परेको हुँदा मगरभाषी वक्ताले नेपाली भाषा प्रयोगका गर्दा पुरुषगत व्यतिरेक व्यवस्थाका कारणले नै भाषाका पुरुषगत सङ्गतिमा त्रुटि गर्ने सम्भावना देखिएको पाइयो ।

## ४.४ आदरगत सङ्गति

नेपाली भाषाको वाक्य गठनभित्र आदरार्थी जनाउने सर्वनाम पद र क्रियाकाबीच जसरी लिङ्गको सङ्गति रहेको हुन्छ, त्यसरी नै वचनको पनि सङ्गति रहेको छ । वाक्यमा आदरार्थी सर्वनाम जनाउनेकर्ता जुन वाक्यमा छ । क्रियापद पनि सोही वचनमा रहनु आदरार्थी जनाउने सर्वनाम पद (कर्ता) र क्रियाका बीच वचन सङ्गति हो । यो आदररहित सर्वनाम पदमा रहन्छ । आदररहित सर्वनाम पद बाहेक अन्य सबैमा एउटै क्रियापदको प्रयोग एकवचन र वहुवचनमा व्यक्त हुन्छ भने सर्वनामिक कर्ताको एकवचनमा 'बहु' प्रत्येयको प्रयोग गरी बहुवचन बनाइन्छ । नेपाली भाषामा देखिएका आदरार्थी तहका सापेक्षतामा मगर भाषाका आदरार्थी तह र तिनका स्वरूपको व्यतिरेकी अध्ययन निम्न तालिकाबाट प्रस्तुत गरिएको छ ।

तालिका नं. १२

आदरगत सङ्गति

| आदरार्थी | एकवचन | | बहुवचन | |
|---|---|---|---|---|
| आदररहित | तँ जान्छस् । त्यो/ऊ जान्छ । यो जान्छ । त पढ्छेस् । | नाङ आन्ने । होसे आन्ने । इसे आन्ने । नाङ पठिसले । | तिमीहरू जान्छौ । तिनीहरू/उनीहरू जान्छन् । यिनीहरू जान्छन् । तिमीहरू पठ्छौ । | नाकोको आन्ने । होसेको आन्ने |
| मध्यम आधार | तिमी जान्छौ | नाङ आन्ने । | तिमीहरू जान्छौ । | नाकोको आन्ने |
| | तिनी/उनी जान्छन् । | होसे आन्ने । | तिमीहरू जान्छौ । | नाकाको आन्ने |
| | यिनी पढ्छन् । | इसे पढिस्ले । | यिनीहरू पढ्छन् । | इसेको पढिस्ले |
| उच्च आदर | तपाई जानुहुन्छ । | नाको आनकेछान्ने | तपाईहरू जानुहुन्छ । | नाकोको आन्ने छान्ने । |
| | उहाँ विश्वासिलो हुनुहुन्छ । | होस्को विश्वासिलाले | उहाँहरु विश्वासिला हुनुहुन्छ । | नाकोको आन्ने |
| | तपाई कहाँ जानुहुन्छ । | नाको कुलाक आनकेछान्ने | तपाईहरू कहाँ जानुहुन्छ । | हुसेको पठिसले । |
| विशेष आदर | यहाँ/आफू जानुहुन्छ । | इसे/मेको आनकेछान्ने । | यहाँहरू/आफूहरू जानुहुन्छ । | इसाको/मेकोको आन्केछान्ने । |
| उच्चतर आदर | हजुर घर गयसिन्छ । | नाको इमाङ आकेछान्ने । | हजुहरू घर गराइसिन्छ । | नाकोको इमाङ आनकेछान्ने । |
| उच्चतम आदर | मौसुफ सवारी होइवक्सन्छ । | मौसुफ सवारी राकेछान्ने । | मौसुफाहरू सवारी होइबक्सन्छ | मौसुफको सवारी राकेछान्ने |

उपर्युक्त तालिकालाई हेर्दा नेपाली भाषा र मगर दुवै भाषामा आदरार्थी सम्बन्धी आ-आफ्नै व्यवस्था रहेको देखिन्छ । नेपाली भाषामा त, ऊ त्यो, यो बाट अनादर व्यक्त भएको पाइयो भने यसैगरी मध्यम आदरार्थीमा तिमी, तिनी, यिनी, उनी, सर्वनाम र तिनका क्रियापदमा 'औ' अन् प्रत्येयको प्रयोग नेपाली भाषामा गरिएको पाइयो । मगर भाषामा नाङ, होसे, इसेबाट अनादर व्यक्त भएको पाइयो भने मध्य आदरमा पनि नाङ, होसे, इसे सर्वनाम र तिनका क्रियापदमा ने, ले को प्रयोग गरिएको पाइयो । नेपाली भाषामा उच्च, उच्चतर, विशेष र उच्चतम आदरमा नहुन्छ, इसिन्छ, इबक्सन्छ जस्ता आदरार्थी (प्रत्येकको प्रयोग गरिएको पाइयो । नेपाली भाषामा फरक आदरार्थीको प्रयोग र मगर भाषामा फरक

आदरार्थीको प्रयोगले गर्दा नै मगरभाषी वक्ताले नेपाली भाषा प्रयोग गर्दा त्रुटि गर्न सक्ने सम्भावना वढी रहेको देखिन्छ ।

नेपाली भाषा र मगर भाषा दुवैमा आदरार्थी सम्बन्धी व्यवस्था रहेको छ । दुवैमा आदरार्थी द्वितीय र तृतीय सर्वनाममा सम्बन्धित छन् । यति भएर पनि यी दुई भाषाका आदरार्थीका तह, स्वरूप र प्रयोगमा व्यतिरेक रहेको छ । नेपाली भाषामा कर्तामा फरक भएपनि क्रियापदमा कुनै फरक नभई तटस्थ नै रहेको पाइयो । नेपाली भाषामा उच्च, उच्चतर, विशेष र उच्चतम आदरमा नुहुन्छ, इसिन्छ, इबक्सन्छ जस्ता आदरार्थीको प्रयोग गरिन्छ भने मगर भाषामा ले, कोछान्ने जस्ता आदरार्थी शब्दको प्रयोग गरिन्छ । नेपाली भाषामा एकवचनबाट बहुवचनमा परिवर्तन गर्दा 'हरू' प्रत्येयको प्रयोग गरिन्छ भने मगर भाषामा 'को' को प्रयोग गरी आदरार्थी बहुवचन शब्दको प्रयोग गरिएको पाइयो ।

## ४.५ मगर भाषा र नेपाली भाषाबीच कालगत पदसङ्गति

यस अध्ययनमा समावेश गरिएका जम्मा २० जना सहभागी मगरभाषी वक्ताहरूबाट प्राप्त कालगत पदसङ्गती सम्बन्धी शब्दहरूहरुलाई सामान्य भूत, अपूर्ण भूत, अज्ञात भूत, अभ्यस्त भूत, वर्तमान काल र भविष्यत कालका वाक्याहरुलाई मगर भाषा र नेपाली भाषाको भिन्न्तालाई निम्नानुसार तालिकामा राखी विश्लेषण गरिएको छ ।

### ४.५.१ सामान्य भूत

पक्षले क्रियाको कार्यव्यापार सामान्य रूपमा अघि भइसकेको जनाउँछ । यो पक्षले ए, यौ, यो, ई आदि भूतका विशेष प्रत्येय भई बनेको रूपबाट सामान्य भूत भन्ने बुझिन्छ । नेपाली भाषामा सामान्य भूत (पक्ष) को निर्माण गरिएको हुन्छ । नेपाली भाषा र मगर भाषाका सामान्य भूतका कालगत पदसङ्गति सम्बन्धी वाक्यहरू निम्नानुसार उल्लेख गरिएको छ :

तालिका नं. १३

सामान्य भूत

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| भया इमाङ नूङा । | भाइ घर गयो । |
| ङई छो ज्या । | मैले भात खाएँ । |
| नाङ बजार नूङा । | त बजार गइस् । |
| नाको इमाङ राहा । | तिमी स्कुल आयौ । |
| सीता  इमाङ नूङा । | सीता घर गई । |
| हरि पट्रिका पठिसा । | हरिले पत्रिका पढ्यो । |
| हासे गाराङ नूङा । | ऊ खेतमा गयो । |
| नाकोई कलम लोआ । | तिमीले कलम किन्यौ । |

माथि उल्लेखित दुवै भाषाका वाक्यलाई हेर्दा स्तरीय नेपाली भाषाका धातुमा ए, यौ, ई, इस र यो धातुका विशेष प्रत्येय भई बनेको रूपबाट सामान्य भूत प्रयोग गरिएको पाइयो भने मगर भाषामा 'आ' प्रत्येय लागेर सामान्य भूतकालको बोध गराएको छ। दुवैमा रूप तत्व र ध्वनि तत्वको भिन्नता देखिएता पनि अर्थमा भने दुई भाषाको अर्थमा समानता रहेको छ।

## ४.५.२ अपूर्ण भूत

बितेको समयमा काम पूरा नभएको अवस्था विताउने  क्रियापदलाई नै अपूर्ण भूतकाल भनिन्छ । नेपाली भाषामा धातुमा तै/दै ं थि/ए प्रत्येय लागेर अपूर्ण भूत भएको हुन्छ । मगर भाषा र नेपाली भाषाका पूर्णभूतका वाक्यलाई तालिकामा यस प्रकार राखिएको छ :

तालिका नं. १४

अपूर्ण भूत

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| राम काम जाटोने । | राम काम गर्दै थियो । |
| ङा स्कूल आनोने । | म स्कूल जाँदै थिए । |
| नाको मेलाङ नूङ्ने । | तपाई मेलामा जानुहुन्थ्यो । |
| कानको काम जाटोने । | तिमी काम गर्दै थियौ । |
| कानको लूङलेने । | हामी जाँदै थियौं । |
| हैजाई भरमी सीमन्ले । | हैजाले मान्छे मर्दै थिए । |
| ङा रामनेले । | म आउँदै थिए । |
| हासे इमाइ उमनेले । | उ घर बस्दै थियो । |

माथिको तालिकालाई हेर्दा नेपाली भाषा र मगरभाषाका वाक्यहरूले वितेको समयमा काम पूरा नभएको बोध गराएका छन् । दुवै भाषाका धातुमा अलग अलग प्रत्येय लगाएर दुवैले समान अर्थ बहन गरिएको पाइयो । अपूर्ण भूतमा नेपाली भाषामा गर्दै थियो, जाँदै थियो, जादै हुनुहुन्थ्यो, गर्दै थियो, जादै थियो, थिएको शब्दहरूको प्रयोग गरिएको छ भने मगर भाषामा जाटोने, आनोने, नुङ्ने, सिमनले, रामनेले, उमनले जस्ता क्रियापदको प्रयोग गरिएको पाइयो । दुवै भाषाका धातुमा अलग अलग प्रत्येय लगाएर दुवैले समान अर्थ बहन गरिएको पाइयो । अपूर्ण भूतमा नेपाली भषाामा गर्दै थियो, जादै थियो, जादै हुनुहुन्छ जस्ता शब्दहरुको प्रयोग गरिएको छ भने मगर भाषामा जाटोने, आनोने, नुङ्ने, सिमनले, रामनेले आदि क्रियापदले मगर भाषालाई जनाएको छ । दुवै भाषाका धातुमा अलग अलग प्रत्येय लगाएर दुवैले समान अर्थ बहन गरेको पाइयो ।

### ४.५.३ पूर्ण भूत

नेपाली भाषा र मगर भाषामा प्रयोग गरिएका पूर्ण भूतका वाक्यलाई निम्न तालिका अनुसार देखाइएको छ :

**तालिका नं. १५**
**पूर्ण भूत**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| रामे किताब पढिससा । | रामले किताब पढेको थियो । |
| खोलाङ भल रामनोलया । | खोलामा बाढी आएको थियो । |
| रामे कथा रीकोन्या । | रामले कथा लेखेको थियो । |
| सीताइ हिसाब जाट्नोन्या । | सीताले हिसाब गरेकी थिई । |
| नाको छट्याके हमोलेमा | तिमीहरू डुलेका थियौ । |
| रीताई छो ज्याकेन्याटा । | सीताले भात खाएकी थिई । |
| मिनाई ईम लाक्केभ्याटा । | मिनाले घर लिपेकी थिई । |
| बउजा रेट्टोन्या । | केटा हासेको थियो । |

माथि उल्लेखित दुवै भाषाका वाक्यहरूले आ-आफ्ना भाषाका धातुमा लाग्ने प्रत्येयले पूर्ण भूतको बोध गराएका छन् । समान अर्थ बहन गरेका छन् । नेपाली भाषामा यो, ई, एको प्रत्येय लागेर पूर्ण भूतको वाक्य बनेको हुन्छ भने मगर भाषामा सा, या, टा, न्या को प्रयोग गरी शब्द निर्माण भएको पाइयो ।

### ४.५.४ अज्ञात भूत

अज्ञात भूतका क्रियाको कार्यव्यापार बितेको समयमा थाहै नपाई भइसकेको तर वर्तमानमा थाहा भएको जनाउँछ । अज्ञात भूतको नेपाली भाषा र मगर भाषाबीच तालिका अनुसार प्रस्तुत गर्न सकिन्छ । नेपाली भाषा र मगरभाषाका अज्ञात भूतका वाक्यहरूलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. १६**

**अज्ञात भूत**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| बत्तीचो आनेसा । | बत्ती त गएछ । |
| हरि धेरै परीसलेसा । | हरिले धेरै पढेछ । |
| टिसिनीङ ङा छिटो सीसलेसा । | हिजो बेलुका म छिटो सुतेछु । |
| वसचो मेनाङ्न ह्वालेसा । | बस त अघि नै हिँडेछ । |
| नाङ नुङ्लेसा । | तँ गइछस् । |
| नाकोई परीसलेसा । | तिमीले पढेछौ । |
| नाकोङ रिङ झाल्लेसा । | तिम्रो रिङ त झरेछ । |
| होस्को नुङ्लेसा । | उनी गएछन् । |

माथि उल्लेखित दुवै भाषाका वाक्यहरूले बितेको समयमा भएको र त्यसको परिणाम हाल मात्र थाहा भएको जनाएका छन् । यसमा क्रियापदले दुवै भाषामा पूर्व समयमा भएको नतिजा हाल आएर बोध गराउने समयलाई जनाएको पाइयो । नेपाली भाषामा एछ, एछु, एछस्, एछन्, प्रत्येय लागेर नेपाली भाषाको वाक्य अज्ञातमा परिणत गरिएको छ भने मगर भाषामा लेसा, नेसा प्रत्येय लागेर अज्ञात भूतमा परिणत गरिएको पाइयो । यसरी मगर भाषा र नेपाली भाषाबीच पदसङ्गतिगत व्यतिरेक रहेको पाइयो ।

### ४.५.५ अभ्यस्त भूत

अभ्यस्त भूतले निरन्तरतालाई झल्काउँछ । यसरी मगर भाषा र नेपाली भाषाका अभ्यस्त भूत सम्बन्धी वाक्यलाई तलको तालिकाबाट हेर्न सकिन्छ :

तालिका नं. १७

**अभ्यस्त भूत**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| होसई साइकल केटोला । | उसले साइकल चलाउँथ्यो । |
| सीता चुरोट गउला । | सीता चुरोट पिउँथ्यो । |
| ङा राताङ परीसोला । | म राति पढ्थें । |
| होसे किताब पढिसोला । | ऊ किताब पढाउँथ्यो । |
| सीता निकै सेउला । | सीता निकै नाच्थी । |
| बोइ सबेरै सोओला । | बुवा सबेरै उठ्नुहुन्थ्यो । |
| बउजाको पौडी गेसोला । | केटाहरू पौडी खेल्थे । |

माथि उल्लेखित दुवै भाषाका वाक्यहरूले विगतको कार्यको आवृत्ति र स्वभावलाई जनाउँछ । दुवै भाषाका आ-आफ्ना धातुमा अलग अलग प्रत्येय लगाई अभ्यस्त भूतको बोध गराइएको पाइयो । नेपाली भाषामा थ्यो, थे, नुहुन्थ्यो जस्ता प्रत्येय लागेर अभ्यस्त भूतका शब्द प्रयोग गरिएको छ भने मगर भाषामा ओला, जस्ता प्रत्येयको प्रयोग गरी अभ्यस्त भूतका शब्दको प्रयोग गरेको पाइयो । यसरी नेपाली भाषा र मगर भाषाको अभ्यस्त भूत सम्बन्धी वाक्य निर्माण गरिएको हुँदा दुई भाषाबीच व्यतिरेक रहेको पाइयो ।

### ४.५.६ वर्तमान काल

नेपाली भाषा र मगर भाषाका वाक्यहरूको सामान्य वर्तमान, अपूर्ण वर्तमान, पूर्ण वर्तमान काल अनुसार भएको पदसङ्गतिगत वाक्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

(अ) **सामान्य वर्तमान**

सामान्य वर्तमानले कार्यव्यापार अहिले हुनु जनाउँछ  तर पूरा हुनु वा नहुनु जनाउँदैन । यसमा मगर भाषा र नेपाली भाषाको निम्न लिखित तालिका प्रस्तुत गरिएको छ :

### तालिका नं. १८

### समान्य वर्तमान

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| सीता ज्यामनले । | राम खाना खाँदैछ । |
| चाँट मुसलधर्‌या नमस रामनले । | अहिले मुसलधारे पानी पर्दैछ । |
| मोई ज्याचो कुरा खासमनले । | आमा खाना पाउँदैहुनुहुन्छ । |
| कानको अरनी ज्यामनले । | हामी खाजा खाँदैछौं । |
| सीता स्यामनले । | सीता नाच्दैछिन । |
| श्याम लीङ लीङ्ङोनले । | श्याम गीत गाउँदैछ । |
| सारको झारलमनले । | फूलहरू झर्दैछन् । |
| राम लीङ रीक्मनले । | राम गीत लेख्दैछ । |

माथिको तालिका अनुसार दुवै भाषाका वाक्यहरूले वर्तमान कालमा भएको तर पूरा नभएको अवस्था विशेषलाई जनाएका छन् । नेपाली भाषाका धातुमा तै/दै र मगर भाषामा धातुमा आनले र मनलेको योग भई अपूर्ण वर्तमान काललाई जनाएको पाइयो । यसरी नेपाली भाषा र मगर भाषामा सामान्य वाक्यको प्रयोग गरेको देखिन्छ ।

**(आ) अपूर्ण वर्तमान**

अपूर्ण वर्तमानमा क्रियाको कार्यव्यापार भैरहेको अवस्थालाई अपूर्ण वर्तमान भनिन्छ । नेपाली भाषा र मगर भाषाको अपूर्ण वर्तमानको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

### तालिका नं. १९

### अपूर्ण वर्तमान

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| राम ज्यामनले । | राम खाना खाँदैछ । |
| मोइ ज्याचो कुरा खासमन्ले । | आमा खाना पकाउँदै हुनुहुन्छ । |
| कानको अरनी ज्यामन्ले । | हामी खाजा खाँदैछौ । |
| सीता स्यामनले । | सीता नाच्दैछिन् । |
| सारको झालमन्ले । | फूलहरू झर्दैछन् । |
| सिङ् चेमोनले । | दाउरा काट्दैछन् । |
| मोहन फुटबल गेस्मन्ले । | मोहन फुटबल खेल्दैछ । |
| सीता लिङ् रीकमन्ले । | सीता गीत लेख्दैछे । |

माथि उल्लेखित तालिकामा नेपाली भाषा र मगर भाषाका अपूर्ण वर्तमानका समान अवस्थालाई जनाउँछ । नेपाली भाषामा गर भाषामा अपूर्ण वर्तमान कुनै कार्य पहिला नै सकिएको जनाएको छ । यसमा नेपाली  भाषाका धातुमा तै, दै र मगर भाषाका धातुमा ओन्ले, सन्ले प्रत्येय लगाई अपूर्ण वर्तमानलाई जनाएको पाइयो ।

(इ) **पूर्ण वर्तमान**

कुनै कार्य पहिला नै सकिएको तर त्यसको असर वा परिणाम रहेको कुरालाई सङ्केत गर्दछ । मगर भाषा र नेपाली भाषाका पूर्ण वर्तमान कालका वाक्यलाई  निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २०**

**पूर्ण वर्तमान**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| हरि बजार नूङ्मले । | हरि बजार गएको छ । |
| होसको स्यामनले । | उनी नाचेकी छिन । |
| होचेइ ङऊ इम डाँङमले । | उनले मेरो घर देखेका छन् । |
| होसाको मेलाङ नूङा । | उनीहरू मेलामा गएका छन् । |
| ने घण्टाघर डाङमने । | तैले घण्टाघर देखेको छस् । |
| चाहाट इत्राम खोलाङ भल राहामने । | अहिले इत्राम खोलामा बाढी आएको छ । |
| सीताई छो फिनोन्ले । | सीताले भात पकाउँदै छ । |

माथि उल्लेखित दुवै भाषाका वाक्यहरूलाईले वर्तमानको पूर्ण पक्षलाई जनाएको पाइयो । नेपाली भाषका धातुमा एको, एका, एकी को प्रत्येय लागेर नेपाली भाषाको पूर्ण वर्तमान शब्द निर्माण भएको हुन्छ भने मगर भाषामा मले प्रत्येय लगाई पूर्ण वर्तमान कालको बोध गराएको पाइयो । यसरी नेपाली भाषा र मगर भाषामा फरक रहेकाले व्यतिरेक गर्ने सम्भावना रहेको पाइयो ।

### ४.५.७ भविष्यत काल

यस अध्ययनमा मगर भाषा र नेपाली भाषाका बीचका भविष्यत कालका वाक्य अन्तर्गत सामान्य भविष्यत, पूर्ण भविष्यत, अपूर्ण भविष्यत, अज्ञात भविष्यत र अभ्यस्त भविष्यतका वाक्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

(अ) **सामान्य भविष्यत**

सामान्य भविष्यत पक्षले क्रियाको सामान्य कार्य व्यापारको बोध गराउँछ । यसले कार्यव्यापार पूरा भएर नभएको जनाउँदैन । पक्ष बोधक कृदन्त नजोडिएर क्रियापद बन्ने हुनाले यस पक्षलाई सामान्य भविष्यत भनिन्छ । नेपाली भाषा र मगर भाषाका आधारमा सामान्य भविष्यत सम्बन्धी निम्न तालिकाबाट प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. २१**

**सामान्य भविष्य**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| मोहन फुटबल आगेसे । | मोहन फूटबल खेल्नेछ । |
| राम बजार आनुङे । | राम बजार जानेछ । |
| ङा गोराक गोराक छट्याकनले । | म विहान विहान डुल्नेछु । |
| नमवीलाक इलाङ रमाइलो आछाने । | भरे यहाँ रमाइलो हुनेछ । |
| होचेइ कथा आरीके । | उसले कथा लेख्नेछ । |
| मास्टर पोसटक आरीके । | गुरूले पुस्तक लेख्नुहुनेछ । |

माथि उल्लेखित दुवै भाषाका वाक्यहरूले सामान्य भविष्यतलाई जनाएको हुन्छ । नेपाली भाषामा नेछ, नेछु, प्रत्येय लगाएर सामान्य भविष्यतको वाक्य निर्माण भएको छ भने मगर भाषामा 'आ' उपसर्ग लगाई सामान्य भविष्यको बोध गराइएको पाइयो । यसरी यसरी मगर भाषा र नेपाली भाषामा सामान्य भविष्यको वाक्य निर्माण भएको पाइयो । यसर्थ मगर भाषा र नेपाली भाषामा सामान्य भिन्नता रहेको देखिन्छ ।

(आ) **अपूर्ण भविष्यत**

यस पक्षले क्रियाको कार्यव्यापार आउँदो समयमा भइरहेको जनाउँछ । अपूर्ण पक्षले कामको अपूर्णता वा निरन्तरता जनाउने हुन्छ । नेपाली भाषा र मगर भाषालाई निम्न तालिकाबाट प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. २२**

**अपूर्ण भविष्यत**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| हरि गेसमना आउले । | हरि खेल्दै हुनेछ । |
| नाको रानाङ ङई चिठी रीकजाने आछाने । | तिमी आउँदा म चिठी लेख्दै हुनेछु । |
| ङा पुसटक परीसमो आछाने । | म पुस्तक पढ्दै हुनेछ । |
| सीता लीङमन आछाने । | सीता गीत गाउँदै हुनेछ । |
| गुरू क्याम्पस नूङ्डो छान्के आउले । | गरू क्याम्पस जादै हुनुहुनेछ । |

माथि उल्लेखित दुवै भाषाका वाक्यहरूले अपूर्ण भविष्यतको दोछ गराएका छन् । नेपाली भाषाका धातुमा तै/दै र हु साहायक क्रिया नेछ, नछु प्रत्येय लागेर नेपाली भाषाका अपूर्ण भविष्यत सम्बन्धी वाक्यको बोध गराएको  हुन्छ भने मगर भाषाका आधारमा 'आ' उपसर्ग लगाइ अपूर्ण भविष्यतको बोध गराइएको पाइयो ।

(इ) **पूर्ण भविष्यत**

पूर्ण पक्षले यस पक्षले क्रियाको व्यापार आउदो समयमा पूरा हुनेलाई जनाउँछ । जसबाट पछि हुने कार्य व्यापार भैसकेको समेत बुझिन्छ । त्यसैले नेपाली भाषा र मगर भाषालाई निम्न लिखित तालिकामा प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. २३

पूर्ण भविष्यत

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| राम गेस्म छानकेले । | राम खेलको हुनेछ । |
| होस्को स्यामन छान्चले । | उनी नाचेकी हुनेछिन् । |
| ङा परीसो छानकेले । | म पढेको हुनेछ । |
| मोइ ज्याच कुरा खासम छानचले । | आमाले खाना पकाएकी हुनुहुनेछ । |
| होसेई नुङ्म हान्चले । | ऊ गएको हुनेछ । |
| नाको बजार नूङ्ङो छान्चले । | तिमी बजार गएका हुनेछौ । |
| रामई परीसमो छानचले । | राम पढेको हुनेछ । |

माथि उल्लेखित दुवै भाषाका वाक्यहरूले पूर्ण भविष्यतलाई जनाएका छन् । नेपाली भाषाका धातुमा एको, एका, एकी प्रत्येय र हु सहायक क्रिया नेछ, छु प्रत्येय लागेर पूर्ण भविष्य निर्माण भएको छ भने मगर भाषाका धातुमा छानकेले र छानचले लगाई पूर्ण भविष्य जनाएको पाइयो । यसरी नेपाली भाषा र मगर बीच फरक रहेकाले व्यतिरेक गर्ने सम्भावना बढी रहेको पाइयो ।

**निष्कर्ष**

नेपाली भाषामा भूतकालका सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त भएझैं मगर भाषामा पनि भूत कालका सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी पाँच पक्ष नै रहेको पाइयो । नेपाली भाषामा भूत कालका सामान्य भूतकालमा नेपाली भाषाका धातुमा ए, यौ, तथा मगर भाषाका धातुमा 'आ' प्रत्येय लागेर सामान्य भूतकालको बोध गराइएको छ । अपूर्ण भूतकालमा बिगत समयमा कार्य व्यापारको थालनी भएर नसकिएको भाव व्यक्त भएको हुन्छ । नेपाली भाषाका धातुमा तै/दै र थिए प्रत्येयको प्रयोग भएको हुन्छ भने मगर भाषाका धातुमा लेआ प्रत्येय लागेर अपूर्ण भूतलाई जनाएको देखिन्छ । पूर्ण भूतमा नेपाली भाषामा यो, ई, एको, प्रत्येय लागेर पूर्ण भूतलाई जनाएको हुन्छ भने मगर भाषामा सा, टा, या, न्या, आदि प्रत्येयको प्रयोग गरी मगर भाषाको पूर्ण भूतको शब्द निर्माण भएको पाइयो । अभ्यस्त भूतमा नेपाली भाषाका धातुमा ध, य, नुहुन्थ्यो प्रत्येय लागेर अभ्यस्त भूतको प्रयोग गरी शब्द निर्माण भएको देखिन्छ  भने मगरभाषामा 'ओला' शब्दको प्रयोग भएको पाइयो ।

अज्ञात भूत वितेको समयमा भएको कुनै कामको ज्ञान वा जानकारी नभएको अवस्थालाई बुझाउँछ । नेपाली भाषामा एछ र एछन् प्रत्येय लागेर नेपाली भाषालाई अज्ञातमा परिणत गरिन्छ भने मगर भाषामा 'लेसा' प्रत्येय लागेर मगर भाषालाई अज्ञातमा परिणत भएको पाइयो । नेपाली भाषामा वर्तमानमा समान्य वर्तमान र पूर्ण वर्तमान अवस्थाको क्षणलाई प्रस्तुत गरिएको छ । यसमा कार्य पूरा नभएको अवस्था विशेषलाई  जनाएको पाइयो । नेपाली भाषाका धातुमा तै/दै र मगर भाषामा आन्ले र मनलेको योग भई अपूर्ण वर्तमानको प्रयोग भएको पाइयो । नेपाली भाषामा पूर्ण वर्तमानमा एको, एका, एकी को प्रयोग गरी पूर्ण वर्तमानको प्रयोग गरेको देखिन्छ भने मगर भाषामा मले र भने प्रत्येय लगाई पूर्ण वर्तमानको बोध गराएको पाइयो । अपूर्ण वर्तमानमा वर्तमान समयको कामको लगातारको अवस्था वा क्षणलाई जनाउँछ । नेपाली भाषाका धातुमा तै/दै प्रत्येय लगाई अपूर्ण वर्तमानको प्रयोग गरेको देखिन्छ भने मगर भाषामा ओनले, मन्ले प्रत्येय लगाई अपूर्ण वर्तमानको प्रयोग गरेको पाइयो । भविष्यत कालमा सामान्य भविष्यतमा आउने समयको कालको सामान्य अवस्था वा क्षणलाई जनाएको छ भने नेपाली भाषाका धातुमा नेछ, नेछु प्रत्येय लागेर नेपाली भाषाको प्रयोग गरेको पाइयो भने मगर भाषाका आधार पदमा 'आ' उपसर्ग लगाई सामान्य भविष्यको प्रयोग गरिएको पाइयो ।

अपूर्ण भविष्यतमा कार्यको अपूर्णता र निरन्तरता जनाउने गर्दछ । नेपाली भाषामा अपूर्ण भविष्यतमा तै/दै र हु सहायक क्रियामा नेछ/नेछु प्रत्येय लगाइन्छ भने मगर भाषाका आधारमा पदमा 'आ' उपसर्ग लगाई अपूर्ण भविष्यतको बोध गराइएको पाइयो । पूर्ण भविष्यतमा आउने समयको काम परा भएको अवस्था वा क्षणलाई पूर्ण भविष्यतलाई जनाएको हुन्छ । नेपाली भाषाका धातुमा एको, एका, एकी, प्रत्येय र हुन सहायक क्रियामामा नेछ/नेछ प्रत्येय लगाइन्छ भने मगर भाषाका धातुमा छान्केले र छान्चले लगाई पूर्ण भविष्यत र जनाइएको पाइयो । यसरी मगर भाषा र नेपाली भाषामा भूत, वर्तमान र भविष्यतको प्रयोग भएको पाइयो ।

## ४.६ मगर भाषा र नेपाली भाषाबीच भावगत पदसङ्गति

नेपाली भाषा र मगर भाषाकाबीच भावगत पदसङ्गति सम्बन्धी वाक्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.६.१ सामान्यर्थक भाव

सामान्य अर्थमा क्रियाले सामान्य अर्थमा क्रियाले भावको बोध गराउँछ । नेपाली भाषा र मगर भाषाका केही सामान्यार्थ भाव भएका वाक्यहरूलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं.२४**

**सामान्यार्थ भाव**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| ङा पढिसले । | म पढ्छु । |
| होसाको रीकले । | उनीहरू लेख्छन् । |
| रमेश इमाङ नूङले । | रमेश घर जान्छ । |
| छीनीङ कुसेइ गाडी माकेसा । | आज कुनै गाडी चलेन । |
| रीता स्कूल मान्ने । | रीता स्कूल जान्न । |
| सीताइ लीङ लीङ्ले । | सीताले गीत गाउँछे । |
| हरिई उपन्यास रीका । | हरिले उपन्यास लेख्यो । |

माथि उल्लेखित दुवै भाषाका वाक्यहरूले वक्ताको सामान्य भाव वा निश्चय बुझाएका छन् । दुवै भाषाको वाक्यहरूले हो, होइन समेत भत्काएका छन् । तसर्थ दुवै भाषामा सामान्य भावमा समान्य भाव रहेको पाइयो । नेपाली भाषामा पढ्छु, लेख्छन्, चलेन भन्ने शब्दको प्रयोग भएको हुन्छ भने मगर भाषामा पढिस्ले, रिकले, माकेसा शब्द प्रयोग गरिएको पाइयो । यसरी मगर भाषा र नेपाली भाषामा व्यतिरेक गर्ने सम्भावना बढी रहेको पाइयो ।

### ४.६.२ इच्छार्थक भाव

इच्छा अनुरोध, प्राथना, आर्शिवाद, बिन्ति आदि भाव वा अर्थलाई जनाउँछ । यसको प्रयोग भूतकालमा नभई अभूतकालमा हुन्छ । यसले भविष्यतलाई जनाउँछ । नेपाली भाषा र मगर भाषाका इच्छार्थक भावलाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

तालिका नं. २५

इच्छार्थक भाव

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| नाङ उत्तीर्ण छनोस् । | त उत्तीर्ण भइस् । |
| ने सेचो काम जटो । | तैले राम्रो काम गरेस् । |
| नाको पास छानोस । | तिमी पास होस् । |
| भगवानले नाकोङ इच्छा पूरा जाटोस् । | भगवानले तिम्रो इच्छा पूरा गरून् । |
| राम पसल आनोस् । | राम पसल जाओस् । |
| सीताइ सेचो मिप्पा छानोस् । | सीताले राम्रो बच्चा जन्माओस् । |

माथि उल्लेखित दुवै भाषाका वाक्यमा इच्छार्थक भाव व्यक्त गर्दा समान वाक्य प्रयोग भएको पाइयो । यसको दुवै भाषामा अभूतकालभित्र पनि भविष्यतलाई जनाउनको लागि प्रयोग गरिएको पाइयो । नेपाली भाषामा भइस्, गरेस्, होस्, गरुन् शब्दहरुको प्रयोग भएको पाइयो भने मगर भाषामा छनोस्, जटो, छानोस्, जाटोस् शब्दहरुको प्रयोग गरिएको पाइया । यसरी मगर भाषा र नेपाली भाषामा व्यतिरेक गर्ने सम्भावना बढी रहेको पाइयो ।

### ४.६.३ आज्ञार्थ भाव

यसले आज्ञा, आदेशको अर्थ बोध गराउने गर्दछ । आज्ञर्थ सबै प्रथम पुरुषमा नभई द्वितीय पुरुषको एकवचन र बहुवचनमा मात्र हुन्छ । नेपाली र मगर भाषाका केही आज्ञार्थक भावको वाक्ययरूको तुलनात्मक अध्ययन तलको तालिकामा गरिएको छ :

तालिका नं. २६

आज्ञार्थ भाव

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| (बोइ) इमाङ राहानी । | (बुवा) घरमा आउनुहोस् |
| (नाको) नाको छो ज्यानी । | (तपाई) भात खानुहोस् । |
| (नाङ) इमाङ नूङ्ना । | (त) घर जा । |
| (राम) कारूम कारूम ह्वानी । | (राम) बिस्तारै हिँड । |
| (नाको) इमाङ नूङ्ना । | (तिमी) घर जाऊ । |
| काट कथा रीकले । | एउटा कथा लेख । |

माथि उल्लेखित तालिकामा दुवै भाषामा आज्ञार्थ भावको व्यवस्था समान रहेको छ । द्वितीय र तृतीय पुरुषको क्रियाले यो व्यक्त गर्दछ । आदररहित सामान्य आदर तथा उच्च आदरार्थी रूपमा पनि आज्ञार्थक भाव प्रकट हुन्छ यो आज्ञार्थक भाव भूतकालमा हुँदैन । नेपाली भाषामा आउनुहोस्, खानुहोस्, जा, हिँड् जस्ता शब्दको प्रयोग भएको छ भने मगर भाषामा राहानी, ज्यानी, नुङ्ना शब्दको प्रयोग गरिएको पाइयो । यसरी नै मगर भाषा र नेपाली भाषामा आज्ञार्थक भाव सम्बन्धी भिन्नता रहेको पाइयो ।

(क) **अनिश्चयार्थक भाव**

यस अध्ययनमा मगर भाषा र नेपाली भाषाबीच अनिश्चयार्थक भाव सम्बन्धी वाक्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

(अ) **सम्भावनार्थ**

क्रियाले निश्चित नभएको वा पछि अड्कल अनुमान जनाउने कार्य नै सम्भावनार्थक भाव हो । नेपाली भाषा र मगर भाषा दुवैका सम्भवानार्थक भाव भएका वाक्यहरूलाई निम्नतालिकाबाट प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. २७**

**सम्भावनार्थक भाव जनाउने वाक्य**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| छीनीङ नमस अपरीसे । | आज पानी पर्ला । |
| होसे खेलाङ वीजयी आछाने । | ऊ खेलमा विजयी होला । |
| कानको बजारङ आछाने । | हामीहरू बजारमा घुमौँला । |
| होसको पिन काठमाडौं जाला आनूङा । | ऊ भोलि काठमाडौं जाला । |
| ङा सेचोखटा आपरीसे । | ऊ राम्ररी पढ्ला । |

माथि उल्लेखित दुवै भाषामा सम्भावनार्थक भाव समान रहेको देखिन्छ । दुवै भाषामा पुरुष र वचनका क्रियाहरूले सम्भावनार्थक भाव व्यक्त गरेको पाइयो । नेपाली भाषामा क्रियाका धातुमा ला, औला, होला, जस्ता प्रत्येय लगाएको हुन्छ भने मगर भाषामा आ उपसर्ग र ए प्रत्येय लगाई सम्भावनार्थक भाव व्यक्त भएको पाइयो । यसरी नेपाली भाषा र मगर भाषामा व्यतिरेक गर्ने सम्भावना बढी रहेको पाइयो ।

(आ) **सङ्केतार्थक भाव**

कारण र कार्यकोबीच अनुमानात्मक सम्बन्ध रहनु नै साङ्केतार्थक भाव हो । क्रियाको बीच अनुमानात्मक वा काल्पनिक कारण र कार्यको स्थिति रहेमा सङ्केतार्थक भाव व्यक्त हुन्छ । नेपाली भाषा र मगर भाषाका सङ्केतार्थक भावका वाक्यहरू उदाहरणको रूपमा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २८**

**सङ्केतार्थक भाव**

| मगर भाषा | नेपाली भाषा |
|---|---|
| बादल उवा गाङचो छान्ने । | बादल बसे शीतल हुन्छ । |
| नमस् राहा छाटा आपूई । | पानी परे छाता ओड्नेछौ । |
| सरीताई एटाङा नूङले । | सरीताले बोलाए म जान्छु । |
| घण्टी लागदीसा कक्षा सुरू छानोला । | घण्टी लाग्यो भने कथा सुरू हुन्थ्यो । |
| नमखाना खाना ङा आराई । | घाम लागे म आउनेछु । |
| सनिबार राहानाङ रेशको छानेला । | शनिबार आए नुहाउनु हुन्थ्यो । |

माथि उल्लेखित दुवै भाषाका वाक्यहरुले सङ्केतार्थक भाव जनाएका छन् । नेपाली भाषाका उदाहरणहरुमा पहिलो सर्तका उपवाक्यले कारणलाई जनाएको छ भने दोस्रो उपवाक्यले क्रियाको कारण र सम्बन्ध जोडी सङ्केतार्थक भाव जनाएका छन् । मगर भाषामा पनि पहिलो सर्तका उपवाक्यले कारण नै जनाएको छ भने दोस्रो उपवाक्यले क्रियाको कारण र सम्बन्धलाई सङ्केतार्थक भाव जनाएको पाइयो ।

**निष्कर्ष**

सामान्यार्थक भावमा नेपाली भाषामा पढ्छु, लेख्छन्, चलेन भन्ने शब्दको प्रयोग भएको छ भने मगर भाषामा पढिस्ले, रिक्ले, माकेसा शब्दको प्रयोग गरिएको पाइयो । नेपाली भाषाको इच्छार्थक भावमा भइस्, गरेस् होस्, गरुन् शब्दको प्रयोग गरिएको छ भने मगर भाषामा छनोस्, जटो, जटोस् शब्दहरुको प्रयोग गरिएको पाइयो । नेपाली भाषाको इच्छार्थक भावमा जानुहोस् खानुहोस्, जा, हिँड शब्दको प्रयोग गरिएको हुन्छ भने मगर भाषामा राहानी, ज्यानी, नुङ्ना शब्दको प्रयोग गरी आज्ञार्थक भावको प्रयोग गरिएको पाइयो । नेपाली भाषाको सम्भावनार्थक भावको धातुको क्रियामा ला, औला, होला जस्ता प्रत्येयको

प्रयोग गरिएको हुन्छ भने मगर भाषामा आ उपसर्गमा ए प्रत्येय लगाई सम्भावनार्थक भावको शब्दको  प्रयोग गरिएको पाइयो । नेपाली भाषामा सङ्केतार्थक भावमा पहिलो सर्तका उपवाक्यले कारणलाई जनाएको छ भने दोस्रो सर्तका उपवाक्यले क्रियाको सम्बन्धलाई जनाएको छ । मगर भाषाका पहिलो सर्तका उपवाक्यले कारणलाई जनाएको छ भने दोस्रो सर्तका उपवाक्यले कारण र सम्बन्धलाई जनाएको पाइयो ।

# अध्याय : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

यस अध्ययनबाट प्राप्त निष्कर्षलाई यसप्रकार उल्लेख गरिएको छ :

(क) लिङ्गका आधारमा नेपाली भाषा र मगर भाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी अध्ययन गर्दा दुवै भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारको लिङ्ग व्यवस्था रहेको पाइयो । नेपाली भाषा नाम, विशेषण, क्रियापदमा लैङ्गिक भेदकता हुन्छ । सुर्खेत जिल्लाको नेवारे र चनौटे क्षेत्रमा बोलिने मगरभाषामा कर्ता (नाम) मा परिवर्तन भएपनि विशेषण र क्रियापदमा कुनै परिवर्तन नभई यथावत नै रहेको पाइन्छ ।

(ख) वचनका आधारमा दुवै भाषामा एकवचन र बहुवचन गरी दुई प्रकारको वचन व्यवस्था रहेको पाइयो । दुवै भाषामा वचन सम्बन्धी नाम, सर्वनाम, विशेषण र क्रियासँग सम्बन्धित रहेको पाइन्छ । यिनै समानताका साथै अनेक भिन्नताहरू पनि रहेको पाइन्छ । नेपाली भाषामा एकवचन नामिक पदमा 'हरू' प्रत्येयको योग गरी बहुवचन बनाइन्छ । मगर भाषामा एकवचन नामिक पदमा 'को' विभक्तिको योग गरी बहुवचन बनाइन्छ ।

(ग) पुरुषका आधारमा दुवै भाषामा पुरुष जनाउने सर्वनाम र क्रियापदसँग निकट सम्बन्ध रहेको पाइयो । दुवै भाषामा प्रथम, द्वितीय र तृतीय पुरुष गरी तीन किसिमको पुरुषहरू रहेको पाइयो । नेपाली भाषामा म, हामी प्रथम पुरुष हुन भने मगर भाषामा ङा, कान, हुन भने मगर भाषामा नाङ र नाको प्रयोग गरिन्छ । नेपाली भाषामा तृतीय पुरुषमा ऊ, उनी, उहाँ, यो, यिनी, यहाँ को प्रयोग गरिन्छ भने मगर भाषामा इसे, होसे प्रयोग गरिन्छ । यसरी नेपाली भाषा र मगर भाषामा पुरुषगत भिन्नता रहेका पाइन्छ ।

(घ) आदरका आधारमा दुवै भाषामा आदरार्थी व्यवस्था रहेको पाइयो । यति भएर पनि यी दुई भाषामा आदरार्थी तह, स्वरूप र प्रयोगमा केही व्यतिरेकी रहेको पाइन्छ । नेपाली भाषामा आदरार्थी छ तह रहेका छन् भने मगर भाषा आदररहित र मध्यम

आधारमा एउटै आदर प्रयोग भएको उच्च आदर उच्चतर आदरमा एउटै शब्द प्रयोग गरिने, विशेष आदरमा फरक सर्वनाम भएतापनि क्रियापदमा भने एउटै भएको विशेष आदरमा फरक सवृनाम भएता पनि क्रियापदमा भने एउटै भएको विशेष आदर र आदरमा रहेको पाइन्छ । यसरी शिष्टता र सम्मानका तह अनुसार नेपाली भाषाको र मगर भाषाको सम्बोधनमा फरक देखिएको पाइयो ।

(ङ) काल पक्षका आधारमा नेपाली भाषामा सामान्य भूतकालका भाषाका धातुमा ए, यौं तथा मगर भाषाका धातुमा आ प्रत्येय लागेर सामान्य भूतकालको बोध गराएको हुन्छ । अपूर्ण भूतमा नेपाली भाषामा गर्दै थियो, जाँदै थियो, जाँदै हुनुहुन्थ्यो र मगर भाषामा जाटोने, आनोने, रामोने को प्रयोग गरिएको छ । नेपाली भाषामा पूर्ण भूतमा यो, ई, एको प्रत्येय लागेको हुन्छ भने मगर भाषामा सा, या, टा, न्या को प्रयोग गरिएको पाइयो । नेपाली भाषामा अभ्यस्त भूत थ्यो, थे, नुहुन्थ्यो आदि प्रयोग री निर्माण भएको हुन्छ भने मगर भाषामा ओला शब्दको प्रयोग गरिएको पाइयो । नेपाली भाषामा अज्ञात भूतमा एछ, एछन्, प्रत्येय लागेर नेपाली भाषाको प्रयोग हुन्छ भने मगर भाषामा लेसा, प्रत्येय लागेर मगर भाषाको वाक्य निर्माण भएको पाइयो । सामान्य वर्तमानमा नेपाली भाषामा तै, दै, र मगर भाषामा आन्ले र मनलेको योग भई अपूर्ण वर्तमान कालको प्रयोग गरिएको पाइयो । नेपाली भाषामा अपूर्ण वर्तमामा तै, दै प्रत्येय लागेर अपूर्ण वर्तमानको वाक्य बनेको हुन्छ भने मगर भाषामा आन्ले आदि प्रत्येय लगाई अपूर्ण वर्तमान शब्दको निर्माण भएको पाइयो । नेपाली भाषाका धातुमा एको, एका, एकी को प्रत्येय लागेर नेपाली भाषाको वाक्य बनेको हुन्छ भने मगर भाषामा म, ले प्रत्येय लगाई पूर्ण वर्तमान कालको बोध गराएको पाइयो । सामान्य भविष्यतमा नेपाली भाषाको वाक्यमा नेछ, नेछु पत्येय लगाएर सामान्य भविष्यतको वाक्य निर्माण भएको हुन्छ भने मगर भाषामा आ उपसर्गलगाई सामान्य भविष्यतको बोध गराइएको पाइयो । नेपाली भाषामा तै दै र छु सहायक क्रियामा नेछ, नेछु प्रत्येय लगाई नेपाली भाषाका अपूर्ण भविष्यत बोध गराइएको हुन्छ भने मगर भाषामा आ उपसर्ग लगाएर वाक्य निर्माण भएको पाइयो । पूर्ण भविष्यतमा नेछ, छु, प्रत्येय लगाएर पूर्ण भविष्यतको वाक्य निर्माण भएको छ भने मगर भाषाको धातुमा छानकेले, छानचले लगाई पूर्ण भविष्यतको वाक्य निर्माण भएको पाइयो ।

(च) भावका आधारमा सामान्यार्थक भावमा दुवै भाषामा हो या होइनको वाक्य झल्काएको हुन्छ । नेपाली भाषामा इच्छार्थक भावमा अभूत कालभित्र पनि भविष्यतलाई जनाउनका लागि प्रयोग गरिएको छ । आज्ञार्थक भावभित्र द्वितीय र तृतीय पुरुषको क्रिया व्यक्त भएको हुन्छ । यसमा आदररहित, सामान्य आदर र उच्च आदरार्थी रूपमा आज्ञार्थकको भाव व्यक्त भएको पाइयो । सामान्यार्थक भावमा भाषाका धातुमा ला, औला, होला जस्ता प्रत्येय लगाएर वाक्य निर्माण गरिएको छ भने मगर भाषामा आ उपसर्ग र ए प्रत्येय लगाई वाक्य निर्माण गरिएको पाइयो । सङ्केतार्थक भावमा नेपाली भाषा र मगर भाषामा पहिलो उपवाक्यले क्रियाको कारण र कार्यको सम्बन्ध जोडी सङ्केतार्थक भाव जनाएको पाइयो ।

## ५.२ सुझाव

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा भाषाका नीतिगत कार्यान्वयनगत र अनुसन्धागत रूपमा सुझावलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

प्रस्तुत अध्ययनको निष्कर्षका आधारमा मानक नेपाली भाषा र मगरभाषाको पदसङ्गति सम्बन्धी व्यतिरेकी अध्ययनबाट मगर भाषा शिक्षणमा नीति अवलम्बन गरिनु पर्दछ । जसलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

(क) मगर भाषा र नेपाली भाषामा रहेका व्यतिरेकी वा भिन्नताका आधारमा मगर मातृभाषा भएका विद्यार्थीहरूलाई दोस्रो भाषाका रूपमा नेपाली भाषा र शिक्षण गर्न आवश्यक पाठ्य सामग्रीको छनोट, स्तरण र विकास गर्ने अवलम्बन गरिनुपर्छ ।

(ख) मगर भाषासँग सम्बन्धित पाठ्यक्रम, पाठ्यपुस्तक, व्याकरण तथा शब्दकोश निर्माण गरिनु पर्दछ ।

(ग) मगर भाषाको विकास र विस्तारका लागि मगर भाषी संस्कृतिको संरक्षण र भाषाको खोज अनुसन्धान गरी त्यसको विकासको लागि ध्यान दिनुपर्ने देखिन्छ ।

### ५.३.२ कार्यान्वयन तह

(क) नेवारे र चनौटेमा बोलिने मगर भाषाका भाषिक विशेषता र शब्दहरूको उच्चारण सम्बन्धी त्रुटिहरू पहिल्याई भाषिक अध्ययनलाई जोड दिनुपर्ने ।

(ख) मगर मातृभाषी विद्यार्थीहरूलाई नेपाली भाषा सिकाउँदा गर्न पुगेका सम्भाव्य त्रुटिहरूको पहिचान गरी त्रुटि निराकरणका लागि प्रशस्त अभ्यास तथा पुनरावृत्ति गराइनु पर्दछ ।

(ग) मगर भाषाको संरक्षण र सम्बर्द्धनका लागि व्यक्तिगत एवम् संस्थागत रूपमा खोज अनुसन्धान गरिनु पर्ने ।

(घ) मगर भाषा र नेपाली भाषा दुवैमा दक्ष भएको शिक्षकहरूद्वारा शिक्षण कार्य अवलम्बन गरिनु पर्दछ ।

(ङ) मगर भाषा र स्तरीय नेपाली भाषसँग सम्बन्धित व्याकरण तयार पारी शिक्षण कार्यान्वयन गराइनु पर्दछ ।

(च) प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने सरकारी नीति अनुरूप मगर भाषासँग सम्बन्धित स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री तथा सन्दर्भ सामग्री लागु गराउनु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

यस अध्ययनका अनुसन्धान तहका सुझावहरुलाई यस प्रकार उल्लेख गरिएको छ :

(क) नेवारे र चनौटे क्षेत्रमा बोलिने मगर भाषाका भाषिक विशेषता र शब्दहरूको उच्चारण सम्बन्धी त्रुटिहरूको पहिचान गरी भाषिक अध्ययनलाई जोड दिनु पर्ने ।

(ख) मगर भाषा र नेपाली भाषाबीचको भाषिक व्यवस्था र उपव्यवस्थाको समानता र भिन्नताको बारेमा व्यापक शोधखोज गरिनु पर्ने ।

(ग) मगर भाषाको संरक्षण र सम्बर्द्धनका लागि व्यक्तिगत एवम् संस्थागत रूपमा खोज अनुसन्धान गरिनु पर्ने ।

(घ) मगर मातृभाषी विद्यार्थीहरू नेपाली भाषाको अध्ययनमा गर्न सक्ने भाषागत एवम् व्याकरणगत सम्भावित त्रुटिहरूको पहिचान गरी त्यसको निराकरणका लागि उपायहरू अवलम्बन गरिनु पर्ने ।

(ङ) मगर भाषाको परिचय र विशेषताका बारेमा थप अनुसन्धान गरिनु पर्ने ।

## ५.३ भावी अनुसन्धानका शीर्षक

अनुसन्धान भनेको गर्भभित्र लुकेर रहेका तथ्यहरू पत्ता लगाउन गरिने व्यवस्थित, वस्तुनिष्ठ र वैज्ञानिक खोजी हो । जसले नयाँ सत्यतथ्य पत्ता लगाउने र पुराना तथ्य सिद्धान्तहरूको समेत परीक्षण, पुनः परीक्षण तथा पुर्नव्याख्या गर्दछ । अनुसन्धान आफैमा पूर्ण हुन सक्दैन । यस प्रकार यो अध्ययन सुर्खेत जिल्लाको मगर भाषा र नेपाली भाषा बीच पदसङ्गतिका आधारमा व्यतिरेकी अध्ययनमा मात्र सीमित रहेको छ । यो सुर्खेत जिल्लाको नेवारे र चनौटे क्षेत्रको सम्पूर्ण र अन्तिम अध्ययन होइन । यस बाहेक नेवारे र चनौटे क्षेत्रमा बोलीने मगर भाषामा थप अनुसन्धान गर्न सकिने पक्षहरू यस प्रकार रहेका छन् :

(क) नेपाली भाषा र मगर भाषाका वाक्य व्यवस्थाको व्यतिरेकी अध्ययन ।

(ख) मगर भाषामा प्रचलित लोक साहित्यको अध्ययन ।

(ग) मगरमातृभाषी वक्तालाई नेपाली भाषाको प्रयोगमा उच्चारणको समस्या एक अध्ययन ।

(घ) मगर भाषाको ऐतिहासिक विकासक्रमको अध्ययन ।

(ङ) मगरभाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्दा गर्ने त्रुटिहरूको अध्ययन ।

(च) नेवारे र चनौटे क्षेत्रमा बोलिने मगर भाषाका भाषिक उच्चारण सम्बन्धी एक अध्ययन ।

(छ) मगर भाषा र नेपाली भाषा बीचको तुलनात्मक अध्ययन ।

# सन्दर्भ ग्रन्थसूची

**पुस्तक सूची :**


अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषा विज्ञान (चौथो संस्क.),* काठमाडौं : रत्न पुस्तक भण्डार ।

.................... (२०५५), *समसामयिक नेपाली व्याकरण (दोस्रो संस्क.),*काठमाडौं : रत्नपुस्तक भण्डार ।

अवस्थी, महादेव र शर्मा, ऋषिराम (२०५५), *नेपाली व्याकरण र अभिव्यक्ति (दोस्रो संस्क.),* काठमाडौं : एकता बुक्स ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना : मगर जातिको विवरण,* काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

गुरूङ, जगमान (२०३५), *कास्कीदेखि गोरखासम्म,* काठमाडौं : माछापुर्छे ।

गौतम, देवीप्रसाद (२०६९), *सामान्य भाषाविज्ञान,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद (२०६५), *सामान्य र प्रायोगिक भाषा विज्ञान,* (दोस्रो संस्क.), ताहाचल, काठमाडौं : एम.वि.एस. प्रिन्टर्स प्रा.लि. ।

नगर तथ्याङ्क विभाग (२०७१),*राष्ट्रिय जनगणना : मगर जातिको भाषागत र जातिगत विवरण,* वीरेन्द्रनगर नगरपालिका, सुर्खेत ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७२), *भाषिक अनुसन्धान विधि,* कीर्तिपुर : सनसाइन पब्लिकेसन ।

न्यौपाने, कुशुमाकर (२०७४), *गुरूङ मगर जातिमा प्रचलित लोकगीतको अध्ययन परम्परा,* प्रस्तुत गोष्ठी कार्यपत्र ।

पोखरेल, माधवप्रसाद (२०५६), *नेपाली वाक्य व्याकरण,* काठमाडौं : एकता बुक्स ।

पौडेल, नेत्र प्रसाद (२०६४), *सामान्य र प्रायोगिक भाषा विज्ञान* (छैटौँ संस्क.), काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू (प्रथम संस्क.),* काठमाडौं : हेरिटेज पब्लिसर्स ।

पौडेल, नेत्रप्रसाद र खनाल, गणेशप्रसाद (२०६८), *नवीन नेपाली व्याकरण (छैठौं संस्क.),* काठमाडौं : पैरवी प्रकाशन ।

बुढाथोकी, सुवास (२०६९), *प्रायोगिक भाषा विज्ञान प्रश्नोत्तर सङ्गालो,* काठमाडौं : वृहस्पती पुस्तक प्रकाशन ।

भण्डारी, पारसमणि (२०५४), *प्रायोगिक भाषा विज्ञानका केही पक्षहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, डी.पी. (२०६०), *नेपाली व्याकरणका कोटिहरू (प्रथम संस्क.),* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०७०), *सामाजिक तथा मनोभाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

*वडा तथ्याङ्क प्रतिवेदन* (२०७३), वीरेन्द्रनगर नगरपालिका, सुर्खेत ।

सिङ्जाली, विष्णुकुमार (२०६८), *मगर ढुटआङ कुराकानी,* काठमाडौं : मगर अध्ययन केन्द्र

सिजापति, रामविक्रम (२०५०), *भाषा विज्ञान,* काठमााडौं : रत्न पुस्तक भण्डार ।

श्रीस, धर्मप्रसाद (२०३६), *मगर जातिको नामाकरण र यसका आधारहरू,* आवेग, वर्ष १, अङ्क १ ।

श्रेष्ठ, हरिप्रसाद (२०५६), *नेपालको इतिहास र संस्कृति : एक झलक,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

**शोध सूची**

उपाध्याय, भक्तिराम (२०७२), *दैलेख जिल्लाको चौराठामा बोलिने मगर भाषा र मानक नेपालीको व्याकरणात्मक कोटिबीच तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा विज्ञान सङ्काय, केन्द्रीय क्याम्पस, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेत ।

कठायत, क्षेत्रबहादुर (२०७२), *पान सय दराली भाषिका र स्तरीय नेपाली भाषाबीच पदसङ्गतिका आधारमा व्यतिरेकी अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा शिक्षण समिति, केन्द्रीय क्याम्पस, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेत ।

के.सी., गंगाबहादुर (२०५५), *सुर्खेत जिल्लाका कक्षा ५ उत्तीर्ण मगरभाषी विद्यार्थीमा पाइने त्रुटिहरुको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

खड्का, खुमबहादुर (२०६९),*बाँके जिल्लामा बोलिने अवधी भाषा र नेपाली भाषाको व्याकरात्मक कोटिका आधारमा तुलनात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

बुढा, मिनबहादुर (२०६९), *स्थानीय मगर भाषा र ढुट मगर भाषाको तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

भण्डारी, कृष्णप्रसाद (२०६४), *सुर्खेत जिल्लाको साटाखानी क्षेत्रमा बोलिने मगर भाष र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिका बीच तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

भण्डारी, भिमबहादुर (२०७१), *रोल्पा जिल्लामा बोलिने मगर पाङ खाम भाषाको शब्दकोश निर्माण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।